nayaswabhiman.com

# नयाँ स्वाभिमान

बर्ष २, अङ्क ६, वैशाख २०८१

राष्ट्रिय मासिक



## क्रान्तिकारी एकता र ध्रुबीकरण

## नवउदारवादी नीति अँगाल्नेहरू कम्युनिस्ट नै होइनन्

● मोहन वैद्य 'किरण'

यसभित्र

❖ हेमन्तप्रकाश ओली 'सुदर्शन' ❖ गुणराज लोहनी ❖ खेम थपलिया ❖ प्रा.डा. युवराज संग्रौला

# हार्दिक शुभकामना !

## नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !



## तारा भट्टराई

## विषय सूची




लेख

नवउदारवादी नीति अँगाल्ने हरू कम्युनिस्ट नै होइनन्

❖ मोहन वैद्य 'किरण'

५



कानुन

यातनाको ऐतिहासिक सन्दर्भ र नेपालमा यसको अवस्था

❖ प्रा.डा. युवराज संग्रौला

२९



लेख

वैज्ञानिक साम्यवाद : निर्विकल्प भावी समाज-व्यवस्था

❖ हेमन्तप्रकाश ओली 'सुदर्शन'

११



लेख

इजरायल–प्यालेस्टिनी युद्धको पुनरागमन ?

❖ गुणराज लोहनी

१५



कलासाहित्य

समकालीनतामा सांस्कृतिक चिन्तन, दिशा र आन्दोलन

❖ खेम थपलिया

१९

**सम्पादकीय**

क्रान्तिकारी एकता र ध्रुबीकरण ४

**सहकारी**

नेपालको सहकारी अभियान र वर्तमान अवस्था

❖ सीताराम कोइराला २५

**कृषि**

नेपालमा कृषिको विकासको ऐतिहासिक झलक

❖ न्हुछेरत्न बुद्धाचार्य ४१

**खेलकुद**

बाघचाल खेलौँ है !

❖ सुनिता न्यौपाने ४३

**स्वास्थ्य**

गर्मीमा छालाको हेरचाह

❖ डा. उमा केयल ४५

**पुस्तक**

हावर्ड फास्टको विश्वप्रसिद्ध उपन्यास 'आदिविद्रोही' ...

❖ नारायण गिरी ४७



**कानुनी सल्लाहकार**
कपिलचन्द्र पोखरेल

**सम्पादक**
देवका कोइराला

**बजार व्यवस्थापक**
विजय पराजुली

**आवरण/ले-आउट**
द आर्ट एण्ड डिजाइन, डिल्लीबजार

**अध्यक्ष**
भीमप्रसाद चापागाईं

**कार्यकारी सम्पादक**
प्रदिप चापागाईं

**प्रकाशक**
स्वाभिमान प्रकाशन गृह प्रा.लि.

**मुद्रण**
सुजल अफसेट प्रेस, बागबजार

**नयाँ स्वाभिमान**
राष्ट्रिय मासिक
वर्ष २, अङ्क ६ वैशाख २०८१

**कार्यालय**
नागार्जुन-२, काठमाडौं, सम्पर्क : ९८६१२०८२९३
email : swabhimannaya@gmail.com
www. nayaswabhiman.com

मूल्य रु. १००/-

# क्रान्तिकारी एकता र ध्रुबीकरण

२००६ मा नेपालमा सामन्ती राज्यव्यवस्थाको अन्त्य र समाजवादी राज्यव्यवस्थाको स्थापना गर्ने उद्देश्यले पाँच जना अग्रगामी चेतना भएका युवाहरूले कलकत्तामा 'नेपाल कम्युनिस्ट पार्टी' गठन गरेका थिए । त्यही कम्युनिस्ट पार्टी अहिले ७५ वर्षमा पाइला टेके पनि त्यसले आफ्नो स्थापनाको उद्देश्य अहिलेसम्म पूरा गर्न सकेको छैन । यद्यपि कम्युनिस्ट पार्टी स्थापना भएपछि आमूल परिवर्तन र अग्रगामी चिन्तनका वाहकहरू यो पार्टीप्रति आकर्षित-आबद्ध पनि भए । झाङ्गिँदै अघि बढेको नेपाल कम्युनिस्ट पार्टीले विभिन्न चरणमा भएका आन्दोलन र आफ्नै पहलमा आन्दोलन गर्ने प्रयास पनि गऱ्यो । त्यसरी गरिएका प्रयासहरूले देशमा परिवर्तनका लागि जग हाल्ने काम गऱ्यो र अन्ततः देशलाई गणतान्त्रिक युगमा प्रवेश गराउने महत्वपूर्ण राजनीतिक उपलब्धि हासिल गऱ्यो ।

स्थापनाकालदेखि आन्तरिक रूपमा दक्षिणपन्थी शक्तिका विरुद्ध सङ्घर्ष गर्नुमा नै नेपाल कम्युनिस्ट पार्टीले धेरै समय र शक्ति खर्चिनुपऱ्यो । सङ्घर्षकै क्रममा यसमा टुटफुट र विभाजन देखा पऱ्यो । पार्टीभित्र विभिन्न गुट-उपगुट जन्मन पुगे । नेपालको कम्युनिस्ट आन्दोलन तीसदेखि पचासससम्मको अवधि टुटफुटको र विभाजनको पर्याय बन्न पुग्यो । टुटफुट र विभाजनकै कारण देशको परिपक्व परिस्थितिको बाबजुद वर्गसङ्घर्षलाई जनताको अपेक्षाअनुरूप कम्युनिस्ट पार्टीले अगाडि बढाउन नसक्दा जनताको चाहना पूरा गर्न पाएन । यही कमजोरीको आत्मसातीकरणका साथ कम्युनिस्ट आन्दोलनको सही समीक्षा गर्दै माओवादीले २०५२ साल फागुन १ गतेबाट ग्रामीण वर्गसङ्घर्षको माध्यमबाट नेपाललाई अर्धसामन्ती-अर्धऔपनिवेशबाट पूर्ण मुक्ति दिने अभियान सञ्चालन गऱ्यो । त्यसका लागि हतियार प्रयोग अनिवार्य सर्त भएको माओवादीले आत्मसात् गऱ्यो । बन्दुकको नालबाट राज्यसत्ताको जन्म हुन्छ भन्ने माओले प्रतिपादन गरेको सिद्धान्त नेपाली धर्तीमा माओवादीले लागू गऱ्यो । वास्तवमै कम्युनिस्ट पार्टी स्थापनाको उद्देश्यअनुरूप जनताको राज्यसत्ता स्थापना बन्दुकको नालबाटै हुन सक्छ भन्ने कुरालाई आत्मसात् गरेको हुँदा नै माओवादीले सुरु गरेको जनयुद्ध देशभर ज्वारभाटासरि फैलियो र यसले भारतदेखि चीनसम्मका नेपालीलाई जनयुद्धले वर्गसङ्घर्षको तुफानी साङ्लोमा आवद्ध गरायो । जनमुक्तिका लागि जनयुद्धमा आफ्नो योग्यता, भौतिक अवस्थाअनुसार सबै नेपाली जनयुद्धमा कुनै न कुनै रूपमा सरिक बने । यसमा उनीहरूको जनयुद्धप्रतिको संलग्नता देशलाई मुक्ति दिनु र अर्धसामन्ती अर्धउपनिवेशबाट पूर्ण मुक्त भई स्वाधीन देशका स्वावलम्बी नागरिक भएर बाँच्ने उद्देश्य थियो । जनताको व्यापक सहभागिताकै कारण जनयुद्धले नेपालमा मात्र नभई सिङ्गो विश्वलाई नै नेपालको जनयुद्धले काफी मात्रामा प्रभावित तुल्यायो ।

माओवादी धाराको सही प्रतिनिधित्व गर्ने क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल अहिले पनि कम्युनिस्ट पार्टी स्थापना र महान् जनयुद्धको उद्देश्य पूरा गर्न सङ्घर्षको मोर्चामै छ । शान्तिपूर्ण बाटोबाट वर्गसङ्घर्षलाई अगाडि बढाएर पार्टी स्थापनाको उद्देश्य पूरा हुन सक्तैन । अहिले नयाँ परिवेशमा एक्काइसौँ शताब्दीमा क्रान्ति-प्रतिक्रान्तिमा विश्व क्रान्तिको मूल्याङ्कन गर्दै नयाँ विश्व परिवेशअनुसार नीति अगाडि सारेको क्रान्तिकारी पार्टीले आफूहरू निरन्तर क्रान्तिको मोर्चामै रहेको कुरा बताइरहेको छ । कम्युनिस्ट पार्टीले परिकल्पना गरेको अर्धसामन्ती-अर्धऔपनिवेशको अन्त्य र समाजवादी राज्यव्यवस्थाको स्थापना नै प्रमुख हो । पार्टी स्थापनादेखि आजसम्म आउँदा नेपाली क्रानिन्कारी कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी कम्युनिस्ट पार्टी सबभन्दा ठूलो र शक्तिशाली वैचारिक पार्टी बनेको छ ।

शोषण तथा उत्पीडनबाट मानवजातिको मुक्ति आन्दोलन अनेकौँ मोड र घुम्तीहरू हुँदै आफ्नो ऐतिहासिक विकासको बाटोमा अघि बढिरहेको छ । आन्दोलनभित्र देखा परेका गैरसर्वहारा विचारहरूको विरुद्ध, मार्क्सवादको क्रान्तिकारी सारतत्वबाट भएका विचलनहरूका विरुद्ध, अर्थवाद, सुधारवाद, संशोधनवाद, विसर्जनवाद, अवसरवाद आदिको विरुद्ध सिद्धान्तको आधारबाट अविचलन र सम्झौताहीन ढङ्गले सङ्घर्ष अघि बढाउन आवश्यक छ । दक्षिणपन्थी-अवसरवाद, सारसङ्ग्रहवादका विरुद्ध सङ्घर्ष गर्दै सबै सैद्धान्तिक, व्यावहारिक र साङ्गठनिक क्रियाकलापमा मार्क्सवादलाई पथप्रदर्शकका रूपमा प्रयोग गर्न जरुरी छ । सुधारवाद-संशोधनवादको दलदलबाट जोगाएर क्रान्तिकारी सिद्धान्तको रक्षा गर्दै विश्वक्रान्तिको अग्रगतिको पक्षमा अघि बढ्न सकिन्छ । मानवजातिको मुक्ति सङ्घर्षको बाटोलाई आलोकित पार्न नेतृत्वमा सही नीति तय गर्न सक्ने क्षमता, संशोधनवाद तथा अवसरवादप्रति दृढ, सम्झौताहीन विरोध, हरेक परिस्थितिमा सही अडान र निर्णय लिन सक्ने क्षमता, साङ्गठनिक र नेतृत्वदायी क्षमता, सच्चा सत्रु र सच्चा मित्रलाई छुट्याउन सक्ने गुण, निर्णय लिनमा र त्यसको कार्यान्वयनमा दऱ्होपन दर्शाउने गुण, निर्दिष्ट लक्ष्यको पक्षमा सारा सकारात्मक तत्वहरूको उपयोग गर्न सक्ने सामर्थ्य, श्रमको मुक्ति लक्ष्यमा समर्पित एकाग्रता जस्ता सच्चा सर्वहारा क्रान्तिकारी गुण हुन जरुरी छ । सर्वहारावर्गका आदर्शका श्रमिक जनता र श्रमप्रति महान् स्नेह, जनताप्रति असीम विश्वास, आत्मत्याग र आत्मबलिदान सम्झौताहीन दृष्टिकोण, सादा जीवन र उच्च विचारको उत्कृष्ट रूप, निष्कपटता, नैतिक सच्चरित्रता, बलियो सङ्कल्प शक्तिद्वारा नयाँ युगको यात्रा सम्भव छ । यति बेला क्रान्तिकारी एकता र ध्रुबीकरणको सैद्धान्तिक आधारहरूको खोजी गर्न आवश्यक छ । भनिन्छ, नयाँ विचारले नयाँ पार्टीको माग गर्दछ, क्रान्तिकारीहरूले त्यो मागलाई समय रहँदै ठीक ढङ्गले हल गर्न नसकेमा पुरानो पार्टी वा सङ्गठनले नयाँ विचारलाई खाइदिन्छ र अन्ततः त्यहाँ पुरानै विचार हावी हुन पुग्दछ ।

# नवउदारवादी नीति अँगाल्नेहरू कम्युनिस्ट नै होइनन्

*एकातिर पुरानो प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको असली संरक्षक दक्षिणपन्थी संशोधनवादी राजनीतिक दल बन्न गएका छन् भने अर्कोतिर त्यसै दक्षिणपन्थी संशोधनवादले नेपाली कम्युनिस्ट आन्दोलनमा आफ्नो प्रभुत्व जमाउँदै आएको छ । आज सच्चा कम्युनिस्टहरू र क्रान्तिकारी जनसमुदायका लागि प्रतिक्रियावादी राज्यसत्ता तथा संसदीय व्यवस्था र दक्षिणपन्थी संशोधनवादी दुबैंका विरुद्ध सशक्त सङ्घर्ष चलाउनुपर्ने आवश्यकता पैदा भएको छ ।*



❖ मोहन वैद्य 'किरण'

क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालका अध्यक्ष मोहन वैद्य 'किरण' ले नवउदारवादी नीतिलाई अँगालेर समाजवादको कुरा गर्नेहरू कम्युनिस्टको आवरणमा बदमास भएको टिप्पणी गर्नुभएको छ। एक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले नवउदारवादी नीतिलाई अँगालेर कम्युनिस्टहरूले भन्ने गरेको वैज्ञानिक समाजवादमा पुग्न नसकिने स्पष्ट विचार व्यक्त गर्नुभएको छ । कमरेड हर्कबहादुर शाहीको स्मृति दिवसको सन्दर्भ पारेर ' जनआन्दोलन दिवस र कम्युनिस्टहरू' शीर्षकमा राखिएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका अध्यक्षसमेत रहनुभएका कमरेड किरणले यस्तो विचार व्यक्त गर्नुभएको हो ।

उहाँले संयुक्त जनआन्दोलन गरेर पञ्चायतलाई ढाल्ने, दीर्घकालीन किसान आन्दोलन गर्नुपर्नेलगायतका नीति र कार्यक्रमहरू कमरेड पुष्पलालका सही भएको भन्दै २००७ सालको क्रान्ति र दस बर्से जनयुद्धलाई नेपालको राजनीतिक इतिहासको महान परिघटना भएको बताउनुभयो । उहाँले दश वर्षको जनयुद्ध नभएको भए नेपालमा गणतन्त्र स्थापना नहुने पनि दावी गर्नुभयो । गणतन्त्र जनयुद्धका कारणले मात्रै स्थापित भएको भए पनि २००७ सालको क्रान्ति र दश वर्षको जनयुद्धले शासनसत्ता मात्रै बदलेको तर राज्यसत्ता बदल्न नसकेको उहाँको भनाइ थियो । उहाँले स्पष्ट पार्नुभयो, "राज्यसत्ता र शासन सत्ता एउटै कुरा होइन । राज्यसत्ता भनेको एउटा वर्गको हातमा रहेको सत्ता अर्को वर्गको हातमा जानु हो । तर, शासन सत्ता मात्र बदलिनु भनेको राजनीतिक स्वरूप बदलिए पनि घुमिफिरी एउटै वर्ग सत्तामा रहिरहनु हो । राणा शासनदेखि अहिलेसम्म एउटै वर्गको हातमा नेपालको राज्यसत्ता रहेको छ ।"

उहाँले खण्डन र गालीलाई मानिसहरूले एउटै अर्थमा बुझ्ने गरेको भन्दै कम्युनिस्टहरूले बोल्दा र लेख्दा व्यक्तिगत तुच्छ गालीगलौजको भाषा प्रयोग गर्न नहुने पनि बताउनुभयो । उहाँले अहिलेको दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर मुलुकमा सङ्घीय जनगणतन्त्र स्थापना गर्नु अपरिहार्य बनिसकेको भन्दै छरिएर रहेका सबै कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकताबद्ध हुन आह्वानसमेत गर्नुभयो । कार्यक्रम हर्कबहादुर शाही स्मृति प्रतिष्ठानले गरेको थियो । कार्यक्रममा वामपन्थी लेखक नरेन्द्रजङ्ग पिटरले कार्यपत्र पेस गर्नुभएको थियो भने कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका अध्यक्ष दीपक शाहीले गर्नुभएको थियो ।

## राष्ट्रिय परिस्थिति

१. नेपाल अर्थतन्त्र, भू-भाग र सैन्यदृष्टिले पनि भारत र चीन जस्ता दुई शक्तिशाली देशहरूका बिचमा अवस्थित एक भूपरिवेष्ठित देश हो । बृटिस-भारतकाल र त्यसपश्चात् पनि भारतबाट नेपालमा विभिन्न असमान सन्धि-सम्झौतामार्फत अतिक्रमण तथा हस्तक्षेप बढाउँदै लग्ने र नेपालको सार्वभौमिकताको प्रश्नमा दखल गर्ने काम हुँदै आएका छन् । यसमा १५ मई २०१५ मा लिपुलेक नाकामा सीमा व्यापारका लागि भारत-चीनका बिच गरिएको सम्झौता र अहिलेको चिनियाँ नक्सामा नेपालको चुच्चे नक्सालाई समाबेस नगरिनुको कारण नेपाल चीनसित पनि तर्सिनुपरेको छ । त्यति मात्र होइन, केही वर्षयता अमेरिकी साम्राज्यवादले आफ्ना गतिविधिहरूलाई निकै तीव्रताका साथ बढाउँदै लगेको, अमेरिकाको हिन्द प्रशान्त रणनीतिको अङ्गसमेत रहेको मिलेनियम

## अन्तर्राष्ट्रिय परिस्थिति

१. साम्राज्यवादी नवउदारवादको असफलता, रुस-युक्रेन युद्धको जटिलता, आर्थिक वृद्धिमा अतिशय सुस्तता, बढ्दै गएको मुद्रास्फीति, पारस्परिक आर्थिक तथा राजनीतिक स्वार्थ, चर्किंदै गएका आपसी अन्तर्विरोध, स्वयम् साम्राज्यवादी तथा शक्ति राष्ट्रहरूभित्र मजदुर र पुँजीपति वर्गका बिच बढ्दो अन्तर्विरोध, साम्राज्यवाद र उत्पीडित राष्टहरूका बिच चल्दै आएको अन्तर्विरोध आदिका कारण साम्राज्यवादी तथा शक्तिराष्ट्रहरू दिन-प्रतिदिन आर्थिक तथा राजनीतिक सङ्कटको भुमरीमा फस्दै गएका छन् ।

२. आ-आफ्नो आर्थिक तथा राजनीतिक प्रभुत्वका लागि साम्राज्यवादी र शक्ति राष्ट्रहरूका बिच मुख्यतः अमेरिका र चीनका बिच कडा प्रतिस्पर्धा चल्दै आएको छ । यी दुई मुलुकका बिच लामो समयदेखि व्यापार युद्ध चलेको छ र त्यो आर्थिक तथा प्राविधिक प्रतिबन्धका शृंखलाहरूमा आधारित छ । केही वर्षयता यो 'चीपवार' का रूपमा विकसित भइरहेको छ । अमेरिकी प्रतिबन्धका बाबजुद पनि हालै मात्र चीनले आफ्नै पहलमा चीप निर्माण गरेकोमा अमेरिका तरंगित भएको छ ।

३. रुस-युक्रेन युद्धको निरन्तरताको कारण युक्रेनलाई आर्थिक तथा शस्त्रास्त्रको भारी मात्रामा सहयोग गर्दै आएका संयुक्त राज्य अमेरिकासहित नेटोमा आबद्ध युरोपका विभिन्न देशहरू निकै ठूलो समस्यामा पर्दै आएका छन् । युक्रेनको मागअनुसार सहयोग जारी राख्दै गर्दा एकातिर स्वयं आ-आफ्नै देशको अर्थतन्त्र धान्नै नसक्ने स्थितिको सामना गर्नुपर्ने र अर्कोतिर आ-आफ्नै अहम् तथा प्रतिष्ठामा ठूलो चोट पर्न जाने अवस्थाको द्वन्द्वमा छटपटाउन थालेका छन् । यसैगरी रुस पनि युद्धलाई निरन्तरता दिन बाध्य रहिआएको देखिन्छ । यस युद्धका कारण पनि आज विश्व अर्थतन्त्रमा महँगी र मुद्रा स्फीतिको मात्रा बढ्दै गएको पाइन्छ । रुस युक्रेन युद्धले विश्वयुद्धको रूप लिन सक्ने सम्भावना तत्काल नदेखिए पनि भविष्यमा त्यो खतरा रही आएकै देखिन्छ र यसप्रति सतर्क रहन जरुरी छ ।

४. विश्वका विभिन्न शक्ति राष्ट्रहरूले आ-आफ्नो प्रभाव, शक्ति तथा सामर्थ्य बढाउनका लागि रणनीतिक महत्वका योजना र सङ्गठनहरू बनाउँदै र निकै विस्तार गर्दै जाने काम गरिरहेका छन् । अमेरिकाको नेतृत्वमा नेटो त लामो समयदेखि छँदै छ । हालै संयुक्त राज्य अमेरिका, जापान तथा दक्षिण कोरिया मिलेर क्याम्पडेभिड रक्षा सम्झौता गरेका छन् । यो सम्झौता चीनका विरुद्ध परिलक्षित रहेको छ र चीनले यसलाई

च्यालेन्ज कम्प्याक्टको संसदमा अनुमोदन गरिएको र अहिले त्यसको कार्यान्वयन गर्ने निर्णयसमेत भइसकेको स्थितिमा नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका लागि गम्भीर चुनौतीसमेत थपिएको छ । रुस-युक्रेन युद्धमा युक्रेनको पक्ष लिएपछि नेपालको परराष्ट्र नीतिमा समेत गम्भीर प्रश्न उठेका छन् । लिम्पियाधुरा, कालापानी र लिपुलेकमा भारतीय शासकवर्गद्वारा कब्जा जारी राखिएको, त्यस भेगलाई आफ्नो भू-भागमा गाभेको भारतीय नक्सा सार्वजनिक भएको र सो क्षेत्रलाई समावेश गरी नेपालद्वारा चुच्चे नक्सा जारी गरेकोमा यी विषयबारे अन्तर्राष्ट्रिय समुदायलाई औपचारिक रूपमा जानकारी नगराइनु नेपाल सरकारको गम्भीर गल्ती र अत्यन्तै ठूलो लापरवाही हुन गएको छ । साथै, भारत सरकारले इपीजी प्रतिवेदन पनि लिएको छैन । यसबारे पनि नेपाल सरकारले कुनै कूटनीतिक पहल गरेको छैन । यस स्थितिमा नेपालको राष्ट्रिय सुरक्षा तथा सार्वभौमिकताको रक्षा, असंलग्न परराष्ट्रनीति र छिमेकी मुलुक तथा बाँकी विश्वसितकै कूटनीतिका सम्बन्धमा गम्भीर प्रकारका चुनौती पैदा भएका छन् ।

१०. बेरोजगारीका कारण देशको झन्डै १ करोड जति जनसङ्ख्या विदेशिएको छ । कृषियोग्य जमिनको विशाल हिस्सा बाँझै पल्टिएको छ । कृषिप्रधान मुलुक मानिँदै आएको नेपालले अरबौँको खाद्यान्न आयात गर्नुपरेको छ । देशका राष्ट्रिय उद्योगधन्दाहरू बन्द गरिएका छन् र अर्थतन्त्रमा साम्राज्यवादी निजीकरणको हैकम चलेको छ । निर्वाहमुखी सानो कृषि अर्थतन्त्र र पुरानो कृषि प्रणालीका कैयौँ विशेषता कायमै छन् । सुकुमबासी, हरूवा, चरूवा, कमैयाहरूका समस्या समाधान भएका छैनन् । जनजीविकाका समस्या गम्भीर बन्दै गएका छन् । कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान घट्दै र सेवा क्षेत्रको योगदान बढ्दै गएको छ । उत्पादनमूलक उद्योगको योगदान घट्दै गएको छ । नेपाल श्रम निर्यात गर्ने र वस्तु आयात गर्ने देशमा परिणत भएको छ । देशको आर्थिक सन्तुलन विप्रेषण र आयातबाट हुने राजस्वद्वारा हुँदै आएको छ । दलाल, नोकरशाही र बचेखुचेका सामन्त वर्गीय राज्यसत्ताको संरक्षण गर्दै आएका विगतका सरकार र वर्तमान सरकारसमेतले पनि आर्थिक विकास तथा समृद्धि, उत्पादन तथा उत्पादकत्व वृद्धिका चर्का नारा जति फलाके पनि बजेटको अत्यन्तै ठूलो हिस्सा चालु खर्चमा र अत्यन्तै न्यून हिस्सा विकास खर्चमा लगाइएको स्थिति छ । साम्राज्यवादी नवउदारवादको निर्देशन

'हिन्द प्रशान्त नेटो' सिर्जना गर्ने कदम बताई यसको विरोध गरेको छ । यसै क्रममा अहिले ब्राजिल, रुस, भारत, चीन तथा दक्षिण अफ्रिका रहिआएको ब्रिक्समा इथियोपिया, अर्जेन्टिना, साउदी अरब, इजिप्ट, इरान, युएई गरी ६ ओटा मुलुक थपिएका छन् । यसले विश्वको झन्डै ६० प्रतिशत जति जनसंख्यालाई समेट्छ । यसमा चीन प्रभावी छ । यद्यपि भारतले दोहोरो भूमिका खेलिरहेको छ, तर पनि यसले ब्रिक्समा रहेर आफ्नो फाइदा पनि उठाउने प्रयास गरिरहेको छ ।

५. सन् २०२३, ९/११ सेप्टेम्बरमा जी २० शिखर सम्मेलन भारतमा भएको छ । यस सम्मेलनमा चीन, रूसका राष्ट्रप्रमुखबाहेक अमेरिका, बेलायतलगायतका मुलुकका राष्ट्र प्रमुखहरूको उपस्थिति रह्यो । यस सम्मेलनमा भारत-मध्यपूर्व-युरोप आर्थिक करिडोरको घोषणा गरिएको छ । यस सम्मेलनमा एकातिर यस प्रकारको करिडोर घोषणा गर्न भारत सफल रहेको र अर्कोतिर यसबाट चीन-भारत सम्बन्ध चिसिएको तथा बीआरआई पछि पर्न गएको टिप्पणी पनि गरिएको छ । यो सम्मेलन विश्व अर्थतन्त्र, जलवायु परिवर्तन, रुस-युक्रेन युद्धलगायतका समस्या समाधान गर्नेतर्फ असफल सावित भएको देखिन्छ ।

६. चीनले १८ अगस्त २०२३ मा जारी गरेको आफ्नो नक्सामा दक्षिण चीन सागर को ९० प्रतिशत हिस्सा समावेस गरेकोमा त्यसका विरुद्ध सो क्षेत्रमा फिलिपिन्स, मलेसिया र भियतनामले आ-आफ्नो दावी पेस गरेका छन् । यस अतिरिक्त चीनले सो नक्सामा भारतले दाबी गर्दै आएको अरूणाचल प्रदेशको ९० प्रतिशत हिस्सा पनि समेटेको छ र त्यसको भारतले पनि विरोध गरेको छ । साथै, चीनले उक्त नक्सामा नेपालको लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रसहितको चुच्चे नक्सालाई समावेश गरेको छैन । यसमा नेपालको पनि विरोध रहेको छ । यी सबै कुराबाट चीन छिमेकी देशहरू तथा त्यहाँका जनताप्रति कति संवेदनशील छ, गम्भीर अध्ययन गर्नुपर्ने विषय बन्न गएको छ ।

७. साम्राज्यवादी देशहरूद्वारा प्रकृतिको अत्यधिक दोहन, वनविनास, हरितगृह ग्यासको उत्सर्जन आदिका कारण यो बेला पर्यावरण प्रदूषण तथा जलवायु परिवर्तनको समस्या निकै भयावह बन्न गएको छ । यो वर्ष जुलाई ६ का दिन विश्वकै औसत तापक्रम १७.०८ डिग्री सेल्सियससम्म पुग्यो र गर्मीको रेकर्ड नै तोडियो । गतवर्षको तुलनामा यसवर्ष जुलाईको तापक्रम १.१५ डिग्री सेल्सियसले बढेको छ । जलवायु परिवर्तनको प्रभाव विश्वमै असहनीय गर्मी, अतिवृष्टि, अनावृष्टि, खाद्य, पोषण र स्वास्थ्यमा गम्भीर समस्या पैदा हुँदै आएका छन् । वातावरणीय प्रदूषण र जलवायु परिवर्तनका मूल

तथा नियन्त्रणमा अर्थतन्त्र सञ्चालित हुँदासम्म यस प्रकारका चर्का नाराको कुनै अर्थ छैन र रहन्न पनि ।

११. देशमा भ्रष्टाचार व्याप्त हुँदै गएको छ । अहिलेका नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण तथा ६० किलो सुन तस्करी काण्ड र विगतका यस्तै प्रकरण तथा काण्डहरूमाथि दृष्टि दिंदा वर्तमान राज्यसत्ता तथा त्यसका सरकारद्वारा नै भ्रष्टाचारलाई संस्थागत बनाउँदै लगेको स्पष्ट देखिन्छ । यस प्रकारका प्रकरण तथा काण्डहरूमा उपल्लो तहका अपराधीहरूलाई संरक्षण वा सजाय न्यून गर्ने र तल्लो तहकालाई फसाउने परम्परा कायमै रहिआएको पाइन्छ ।

१२. केही समययता विशेषतः गत स्थानीय तथा सङ्घीय निर्वाचनको क्रममा र अहिले पनि जनतामा पुरानो राज्यसत्ता तथा संसदीय व्यवस्थाका पक्षधर रहिआएका राजनीतिक दलहरू तथा यस प्रकारका निर्वाचनप्रति जनतामा असन्तुष्टि तथा वितृष्णा बढ्दै जान थालेका लक्षणहरू देखा पर्दै आएका छन् । यस स्थितिमा एकातिर पुनरुत्थानवादी तत्वहरू राजतन्त्र फर्काउनका लागि ठूलो कसरत गर्न थालेका छन् भने अर्कोतिर साम्राज्यवादप्रति बफादार र विद्यमान राज्यसत्ता तथा व्यवस्थाको संरक्षकका रूपमा नयाँ दलाल तत्वहरू पैदा भएका छन् । यो बेला पुरानो राज्यसत्ता तथा व्यवस्थाको असली संरक्षक कुन हो भन्नेबारे पुराना र नयाँ दलाल तत्वहरूका बिच वाकयुद्ध चलेको देखिन्छ र पुराना दलाल तत्वहरूबाट वाक्कदिक्क भएका जनताको एउटा हिस्सामा नयाँ दलाल तत्वहरूप्रति आकर्षण बढ्न थालेको पनि छ । केन्द्र र प्रदेशहरूमा पनि बहुमतको सरकार बनाउने स्थिति नभई मिलिजुली सरकार बनाउनुपर्ने बाध्यात्मक स्थितिमा सरकार ढाल्ने र बनाउने नाममा संसदवादी राजनीतिक दलहरूको झन्डै ८० प्रतिशत जति समय खर्च भएको देखिन्छ । बाँकी २० प्रतिशतको समयमा सुशासन र समृद्धिका गफ लगाइने भए पनि जनताले त्यो पत्याउन सक्ने स्थिति देखिँदैन । मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमसहितका शोषित-पीडितवर्ग र समुदाय जनतान्त्रिक अधिकारहरूबाट बञ्चित रहिआएका छन् । वस्तुतः जनता नयाँ विकल्पको खोजीमा छन् । यो बेला हामी नयाँ विकल्पसहित क्रान्तिको तयारीमा जुट्न अनिवार्य बन्न भएको छ ।

१३. आज एकातिर पुरानो प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको

कारक तत्व तथा जिम्मेवार अति मुनाफाका लागि अति प्रकृति दोहन गर्ने साम्राज्यवादी तथा शक्ति राष्ट्रहरू नै रहेका छन् । सन् २०१५ को पेरिसमा गरिएको सम्झौताअनुसार विश्व तापक्रमलाई १.५ डिग्री सेल्सियसमा झार्ने, कार्बन उत्सर्जन घटाउँदै लग्नेलगायतका विषयमा सहमति भएका थिए । तर ती सहमतिलाई संयुक्त राज्य अमेरिकालगायतका देशहरूले निर्लज्ज ढङ्गले तोड्ने तथा उल्लंघन गर्ने काम गर्दै आएका छन् । विश्व तापक्रममा वृद्धि र जलवायु परिवर्तनको असर नेपालमा पनि पर्दै आएको छ ।

८. यति बेला अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन कमजोर अवस्थामा रहेको छ । रिम कमिटीको अघोषित विघटनपछि विभिन्न सच्चा कम्युनिस्ट पार्टीहरूले आन्दोलनलाई पुनर्गठित गर्ने विभिन्न प्रयास गर्दै आएका हुन् । त्यसैको परिणाम स्वरूप विगतका हरेक मई दिवसहरूमा दुईओटा वक्तव्यहरू प्रकाशित हुने गर्दथे । ती दुई धारमध्ये विश्वका विभिन्न १४ ओटा देशमा क्रियाशील रहेका १५ ओटा मार्क्सवादी-लेनिनवादी-माओवादी पार्टीहरूले एउटा अन्तर ष्ट्रिय सम्मेलनमार्फत अन्तर्राष्ट्रिय कम्युनिस्ट लीग नामको सङ्गठन निर्माण गरी गत २६ डिसेम्बर २०२२ का दिन त्यसको घोषणापत्र सार्वजनिक गरेका छन् । साथै, ८ फेब्रुअरी २०२३ का दिन अन्तर्राष्ट्रिय कम्युनिस्ट लीगले विश्वका अन्य मालेमावादी पार्टी तथा सङ्गठनहरूलाई उक्त लीगमा आबद्ध हुन एउटा सार्वजनिक अपील जारी गरेको छ । कुनै पनि प्रकारको अन्तर ष्ट्रिय सङ्गठन नभएको बेला लीगको निर्माण गर्नु एउटा सकारात्मक कुरा हो । तर, तत्कालै जनवादी केन्द्रीयताको आधारमा परिचालित हुने यसले जुन निर्णय गरेको छ, यो पार्टीहरूका बिच विचारधारात्मक एकता र क्रान्तिकारी आन्दोलन अत्यन्त कमजोर भएको वर्तमान स्थितिमा वस्तुवादी छैन । लीग बाहिर रहेका मालेमावादी पार्टीहरू यो निर्णयसँग सहमत छैनन् । साथै, लीगले लिएका अन्य कतिपय निर्णयहरूले थप विवाद सिर्जना गरेका छन् । उद्देश्य एकता भए पनि वस्तुतः लीगको गठन विभाजनकारी कदम हुन गएको छ । यो स्थितिमा अन्तर ष्ट्रिय कम्युनिस्ट लीगसहित अन्य मालेमावादी पार्टीहरूसँग हुने कठोर विचारधारात्मक तथा राजनीतिक सङ्घर्षका बिचबाट हामीले सुरुमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई खुकुलो प्रकारको मञ्चका रूपमा संगठित गर्ने र क्रमशः अगाडि बढ्ने नीति लिनुपर्दछ ।

*(२०८० असोज १६ देखि महाधिवेशन आयोजक समितिको बैठकमा क. किरणद्वारा प्रस्तुत तथा पारित)*

असली संरक्षक दक्षिणपन्थी संशोधनवादी राजनीतिक दल बन्न गएका छन् भने अर्कोतिर त्यसै दक्षिणपन्थी संशोधनवादले नेपाली कम्युनिस्ट आन्दोलनमा आफ्नो प्रभुत्व जमाउँदै आएको छ । आज सच्चा कम्युनिस्टहरू र क्रान्तिकारी जनसमुदायका लागि प्रतिक्रियावादी राज्यसत्ता तथा संसदीय व्यवस्था र दक्षिणपन्थी संशोधनवादी दुबैंका विरुद्ध सशक्त सङ्घर्ष चलाउनुपर्ने आवश्यकता पैदा भएको छ ।

१४. हालै प्रम प्रचण्डद्वारा साताव्यापी चीन भ्रमण गरिएको छ । अमेरिकासित भएको एमसीसी सम्झौता तथा त्यसको कार्यान्वयनमा तत्परता र बीआरआईप्रति हुन गएको उदासीनताका कारण चीन नेपालप्रति सशंकित रहिआएको स्थितिमा भएको प्रमको यस भ्रमणलाई पूर्ण सफल भनिए पनि आर्थिक तथा भौतिक पूर्वाधारलगायतका विषयमा गरिएको १३ बुँदे संयुक्त सम्झौता सामान्य प्रकारकै रहेको छ । चीनद्वारा उपेक्षा गरिएको नेपालको चुच्चे नक्सा जस्तो गंभीर प्रश्नमा प्रमको खासै चासो नदेखिनु निकै दुःखद् विषय बन्न गएको छ ।

१५. आज विज्ञान र प्रविधिको क्षेत्रमा ठूलो गुणात्मक परिवर्तन भएको छ । परन्तु, वर्तमान युग सुचना साम्राज्यवादको युग हो र सूचना-सञ्चारको क्षेत्रमा साम्राज्यवादको प्रभुत्व रहिआएको छ । आज कुन पार्टीको पक्षमा र कसको विपक्षमा जनमत सिर्जना गर्ने, कुन पार्टीलाई सरकारमा ल्याउने र कसलाई ढाल्ने, पुरानो राज्यसत्ता, व्यवस्था तथा सरकारका विरुद्ध आवाज उठाउने र सङ्घर्ष गर्ने क्रान्तिकारी पार्टीहरूलाई कसरी नियन्त्रण गर्ने तथा टाउकै उठाउन नदिने र पुरानो राज्यसत्ता, व्यवस्था तथा सरकारको कसरी संरक्षण गर्ने- यी सबै काममा सिंगो विश्व र नेपालमा पनि ठूला मिडियाहरूको संयन्त्र तथा सञ्जालले योजनाबद्ध रूपमा एकीकृत वा समूहबद्ध रूपमा निकै कसरत गर्दै आएका छन् र यस कार्यमा अर्बौं डलरको खर्च हुँदै आएको छ । यस तथ्यलाई हामीले राम्रोसित आत्मसात् गर्नुपर्दछ । यस सन्दर्भमा हामीले एकातिर ठूला मिडियाहरूका संयन्त्र तथा सञ्जालमा कार्यरत श्रमजीवी तथा जनपक्षीय पत्रकारहरूसँग आफ्नो सम्बन्ध बढाउनुपर्दछ भने अर्कोतिर सूचना साम्राज्यवादको भ्रमजाललाई तोड्दै आफ्नै सूचना सञ्चारको संयन्त्रलाई विकसित गर्ने काममा विशेष दृष्टि दिनुपर्दछ ।

१६. क्रान्तिमा संलग्न कैयौँ क्रान्तिकारी कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूमाथि झुट्टा मुद्दा लगाइएको छ र तीमध्ये कैयौँलाई अझै पनि कारागारमा राखिएको छ । अविलम्ब यस प्रकारका मुद्दाहरूको खारेजी र राजबन्दीहरूको रिहाइका लागि सशक्त आवाज उठाउनु जरुरी छ ।

१७. गोर्खा सैनिकहरूमाथि हुँदै आएका विभिन्न प्रकारका भेदभाव तथा अन्यायपूर्ण क्रियाकलापको विरोधमा बृटिस गोर्खा भूतपूर्व सैनिक सङ्गठन (बिगेसो) ले सङ्घर्ष सञ्चालन गर्दै आएको छ । यसै प्रक्रियामा २०७४ सालको जेठ महिनामा त्यस सङ्गठनका अध्यक्षद्वारा नेपाल, भारत र बेलायतका बिचमा त्रिपक्षीय सम्झौताको खारेजीलगायतका विषयलाई उठाई सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो र गत २०७८ सालमा सो अदालतले उक्त गोर्खा भर्ती सम्झौताको पुनरावलोकन गर्नका लागि सरकारका नाममा निर्देशनात्मक आदेश दिएको थियो । वस्तुतः यस प्रकारको आदेश बिगेसोले सञ्चालन गर्दै आएका सङ्घर्षकै परिणाममा आधारित थियो र त्यसले गोर्खा सैनिकसहित नेपाली जनतामा सकारात्मक सन्देश प्रवाहित गरेको छ ।

१८. नेपालमा एकातिर लामो समयदेखि जारी सामन्तवादी हिन्दु संस्कृतिको प्रभाव अझै कायमै रहेको छ भने अर्कोतिर नेपाललाई हिन्दुधर्मको अखडा बनाउनका लागि भारतीय शासकवर्गले निर्लज्ज कसरत गर्दै आएको छ । फलतः यो बेला उत्पीडित जात, जाति, वर्ग तथा समुदायका जनताका बिच सामाजिक सद्भाव खल्बल्याउने, उत्पीडक वर्ग तथा धर्मको प्रभुत्व स्थापित गर्ने र जनतालाई परस्पर लडाइँ आफ्नो स्वार्थसिद्ध गर्ने षड्यन्त्र चल्न थालेका छन् । त्यसका साथै, अहिले नेपालमा पुँजीवादी संस्कृति, ईसाइ धार्मिक मतवाद तथा उपभोक्तावादमा आधारित साम्राज्यवादी दलाल संस्कृतिको हैकम बढ्दै जान थालेको छ । यस स्थितिमा हामीले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको आलोकमा त्यस प्रकारका अराष्ट्रिय जनविरोधी तथा अवैज्ञानिक संस्कृतिका विरुद्ध सङ्घर्ष चलाउँदै राष्ट्रिय, जनताको जनवादी तथा वैज्ञानिक संस्कृतिको पक्षमा जोडदार आवाज उठाउन जरुरी छ ।

१९. आज नेपाली कम्युनिस्ट आन्दोलनमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया अगाडि बढिरहेको छ । यसैक्रममा आज हामी पूर्व दुई पार्टीका बिचमा एकीकरण भई क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपालको निर्माण भएको छ । यसले सिङ्गो पार्टी पङ्क्ति, शुभेच्छुक तथा क्रान्तिकारी जनसमुदायमा उत्साह थपेको छ र क्रान्तिको आत्मगत शक्तिको विकासमा मद्दत पनि पुऱ्याएको छ । यो निकै राम्रो र सकारात्मक पक्ष हो । साथै, अवसरवादीहरूले पनि यो वा त्यो रूपमा एकीकरणको प्रक्रियालाई अगाडि बढाउने कोसिस गर्दै आएका छन् । विप्लव पक्षको समाजवादी मोर्चामा विलयन यस कुराको एक उदाहरण हो । यसबाट पूर्व नेकपा (बहुमत) ले अवसरवादका विरुद्ध गरेको विद्रोहको औचित्य शानदार रूपमा पुष्टि भएको छ । आज यो पार्टी एकतामा भाँजो हाल्न विभिन्न खाले अवसरवादीहरूले र क्रान्तिकारी कम्युनिस्टहरूको एकतालाई देख्नै नसक्ने क्षुद्र तत्वहरूले निकै ठूलो कसरत गर्दै आएका छन् । यस स्थितिमा पार्टी एकतालाई मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा सुदृढ तुल्याउँदै राष्ट्रिय एकता महाधिवेशनको तयारीमा जुट्नु आवश्यक छ ।

१७. समग्र विश्व तथा नेपाली समाजमा विद्यमान आधारभूत तथा प्रधान अन्तर्विरोधको अवस्था र परिस्थितिको अनुकूलता तथा प्रतिकूलताबारे सङ्क्षिप्तमा एकता अधिवेशनमा पारित राजनीतिक प्रतिवेदनमा उल्लेख भइसकेको छ र यहाँ थप चर्चा गरिरहनुपर्ने आवश्यकता छैन ।

*(२०८० असोज १६ देखि महाधिवेशन आयोजक समितिको बैठकमा क्रान्तिकारी कम्युनिस्ट पार्टीका अध्यक्ष क. किरणद्वारा प्रस्तुत तथा पारित दस्तावेज)*


**नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !**

"कृषि वन जडिबुटी पर्यटन युवा स्वरोजगार भौतिक पूर्वाधार, समावेशी विकास नै कालिगण्डकी गाउँपालिकाको आधार"

**सम्पूर्ण पालिकावासीमा हाम्रो अनुरोध**

- लैंगिक हिंसाको अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह र बसाईसराइ जस्ता घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पुर्ण वालमैत्री गाउँपालिका निर्माणमा हातेमालो गरौँ ।
- बर्षाको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकाले सजगता अपनाऔँ ।
- आफ्नो गाउँ सुन्दर र सफा राखौँ ।

बेद बहादुर थापा — अध्यक्ष
मन्जु कुमारी दर्लामी — उपाध्यक्ष
नरेश गिरी — प्रमुख प्रशासकीय अधिकृत

**कालिगण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल




"कृषि वन जडिबुटी पर्यटन युवा स्वरोजगार भौतिक पूर्वाधार, समावेशी विकास नै कालिगण्डकी गाउँपालिकाको आधार"

# नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !

## सम्पूर्ण नगरवासीमा हाम्रो अनुरोध

- सार्वजनिक सम्पत्तिको सबैले रक्षा गरौं ।
- सडक, पुलपुलेसा, भवन, खानेपानी पाईप, धारा आदि सार्वजनिक सम्पत्तिको संरक्षण गरौ ।
- सार्वजनिक जग्गा मिच्ने काम नगरौं ।
- सार्वजनिक जग्गा सवैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं ।
- पालिकाको निर्माण सम्बन्धि काममा अवरोध नगरौं ।
- पारदर्शीरुपमा काम गरौ, बजेट तथा योजनाहरु समयमै सम्पन्न गरौं ।
- जन्म विवाह बसाई सराई मृत्यु लगायतका घटना विवरणहरु ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- पूर्ण सरसफाई अभियानका लागि सबैले आ–आफ्नो घर समुदायबाट अभियानहरू अगाडि बढाऔं ।
- समयमा कर तिरौं, सभ्य नागरिकको परिचय दिलाऔं ।



तेज बहादुर भाट
नगर प्रमुख



अनिता चौधरी
उप- प्रमुख

## मधुवन नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

# वैज्ञानिक साम्यवाद : निर्विकल्प भावी समाज–व्यवस्था

*बिग्रने र भत्कने क्रममा नै निरन्तर क्रान्ति हुन्छ । एक दिन साम्यवाद आउँछ भन्ने साम्यवादी दल र साम्यवादी व्यवस्था, बनाउने पुँजीवादी दल र गर्ने पुँजीवादी व्यवस्थाको अभ्यास अनि कसरी आउछ वैज्ञानिक साम्यवाद ? यही कुरालाई बुझौँ र पुँजीवादी व्यवस्थाको स्थानमा साम्यवादलाई जीवन–व्यहारमा साम्यवाद नआए पनि वैज्ञानिक समाजवाद हाम्रै पालामा आउँछ र साम्यवादको गति तीव्र बन्दछ ।*



❖ हेमन्तप्रकाश ओली 'सुदर्शन'

"समाजले उत्पादनका साधनहरू कब्जा गरिसकेपछि माल उत्पादन समाप्त हुनेछ र यसको साथै उत्पादकमाथि उपजको प्रभुत्व पनि समाप्त हुनेछ । सामाजिक उत्पादनमा अराजकताको स्थान व्यवस्थित र निश्चित सङ्गठनले लिनेछ । व्यक्तिगत अस्तित्वका लागि हुने सङ्घर्ष विलोप हुनेछ । त्यसपछि खास अर्थमा मानिसले पहिलो पटक बाँकी पशुजगत्बाट आफूलाई अन्तिम रूपमा अलग गर्नेछ र पासविक अस्तित्त्वको परि स्थितिलाई छोडेर वास्तविक मानव अस्तित्वमा प्रवेश गर्नेछ । जीवन परिस्थितिको समग्र क्षेत्र जसबाट मानिसको पर्यावरण तयार हुन्छ र जसले अहिलेसम्म मानिसमाथि शासन गर्दै आएको हुन्छ, त्यो अब मानिसको प्रभुत्व तथा नियन्त्रणअन्तर्गत आउनेछ, त्यो पहिलो पटक प्रकृतिको वास्तविक र सचेत मालिक बन्दछ किनभने ऊ आफ्नो सामाजिक सङ्गठनको स्वयं मालिक बनेको हुन्छ । अहिलेसम्म उसको सामाजिक कार्यको नियमले बाह्य प्राकृतिक नियमका रूपमा आमने-सामने भएर उसमाथि शासन गर्ने गर्दथ्यो, अब उसले स्वयं त्यसलाई पूर्ण समझदारीका साथ उपयोग गर्नेछ र त्यसलाई आफ्नो नियन्त्रणमा राख्नेछ । अहिलेसम्म मानिसको आफ्नो सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा थोपरिएको एउटा आवश्यकताका रूपमा मानिसको मुकाबिला गर्दथ्यो भने अब त्यो उसको स्वतन्त्र कार्यको परिणाम बन्नेछ । अहिलेसम्म जुन बाह्य वस्तुगत शक्तिले इतिहासमाथि शासन गर्दै आएको हुन्छ । त्यसपछि मात्र मानिसले स्वयं पूर्ण चेतनाकासाथ आफ्नो इतिहास आफैँ बनाउनेछ, त्यसपछि मात्र उसले सामाजिक कारणहरूलाई गतिवान बनाउनेछ, त्यसपछि मूलतः निरन्तर बढ्दो मात्रामा उसद्वारा चाहेको परिणाम हुनेछ । यो मानिसको आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा छलाङ हुनेछ", *(एङ्गेल्स, ड्युहरिङ मतखण्डन, १८७६-७८, प्रगति प्रकाशन मास्कोद्वारा १९८७ मा प्रकाशित मार्क्स-एङ्गेल्स सङ्कलित रचनाहरू, ग्रन्थ २५, पृ. २७०-७१) ।*

यो 'आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा छलाङ' लगाउने व्यवस्था भनेको साम्यवाद हो । यो उच्चतम समाज व्यवस्था उत्पादनका साधनहरू समाजले कब्जा गरी माल उत्पादन समाप्त भएपछि आउँदछ । यसको प्रथम चरण भनेको वैज्ञानिक समाजवाद हो । लेनिनको परिभाषामा "वैज्ञानिक समाजवादले सबभन्दा पहिले समाजवादलाई कल्पनाविलासबाट विज्ञानमा रूपान्तरित गरेको छ, यो विज्ञानको आधारशिला बन्यो र त्यो बाटो लक्षित गऱ्यो जसलाई विज्ञानको अझ विकास गर्न तथा यसका समग्र भागहरूसमेत विकसित गर्नका लागि अनुशरण गर्नुपर्नेछ", (हाम्रो कार्यक्रम, भ्ला.ई. लेनिन सङ्कलित रचनाहरू, दश खण्डमा खण्ड १, पृ. ४५८, प्रगति प्रकाशन मास्कोद्वारा १९८० मा प्रकाशित हिन्दी संस्करण) । मार्क्सको परिभाषा अनुसार 'यो समाजवाद स्थायी क्रान्तिको उद्घोषण हो जसमा सामान्यतः वर्गविभेदको उन्मूलन गर्न, त्यो वर्गविभेद आधारित हुने सम्पूर्ण उत्पादन सम्बन्ध उन्मूलन गर्न, त्यो उत्पादन सम्बन्धअनुरूपको सम्पूर्ण सामाजिक सम्बन्ध उन्मूलन गर्न र त्यो सामाजिक सम्बन्धबाट उत्पन्न सम्पूर्ण विचारहरूलाई क्रान्तिकारीकरण गर्न आवश्यक सङ्क्रमण बिन्दुका रूपमा सर्वहारावर्गको अधिनायकत्व रहेको हुन्छ', *(फ्रान्समा वर्गसङ्घर्ष १८४८-१८५०, मार्क्स-एङ्गेल्स सङ्कलित रचनाहरूको प्रगति प्रकाशन मास्कोद्वारा १९७८ मा प्रकाशित अंग्रेजी संस्करण, ग्रन्थ १०, पृ. १२७) ।*

आजको समस्या भनेको आफूलाई आफैँ साम्यवादी घोषणा गरी साम्यवादी दल निर्माण गर्ने तर साम्यवादको मौलिक सिद्धान्त के हो भनी कहिल्यै पनि मार्क्सवादको अध्ययन नगर्नु हो । यदि कसैले मार्क्सवाद अध्ययन गरिहाल्यो भने पनि यसलाई जीवन–व्यवहारमा लागू नगर्ने र समयसापेक्ष मार्क्सवादको विकास नगर्ने अर्को समस्या हो । तेस्रो समस्या भनेको सोभियत सङ्घको विघटन र समाजवादमा प्रतिक्रान्ति भएपछि साम्राज्यवादीहरू र तिनका दास संशोधनवादीहरूद्वारा 'मार्क्सवाद पुरानो भयो' भनी फैलाइएको प्रदूषणबाट प्रभावित भई सृजनात्मकताका नाममा मार्क्सवादको विकृतीकरण गर्नु हो । यहाँ हामी यी समस्याहरूको विश्लेषण गर्ने कोसिस गर्दै छौँ ।

साम्यवाद भावी समाज व्यवस्था हो । त्यो भावी समाज व्यवस्था प्राप्त गर्न हामीले साम्यवादी दल बनाएका छौँ । साम्यवादी दल साम्यवादलाई आफ्नो ध्येय र उद्देश्य बनाउने साम्यवादी आचरण भएका मानिसहरूको

सङ्गठन हो । यस दलको सदस्यता प्राप्त गर्ने व्यक्तिले आफ्नो दललाई साम्यवादको अभ्यास गर्ने एकाइ बनाउनुपर्दछ । उसले व्यक्तिगत अस्तित्वका लागि होइन, सामाजिक अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्दछ । पशुजगत्‌बाट आफूलाई अलग राखेर उसले आफूलाई मानव अस्तित्वमा पुऱ्याउने अभ्यास गर्नुपर्दछ । अहिलेसम्म मानिसमाथि शासन गर्दै आएको जीवन परिस्थितिलाई बदलेर एउटा साम्यवादी त्यसलाई आफ्नो नियन्त्रणमा लिई सामाजिक सङ्गठनको मालिक बन्नुपर्ने भएकोले उसले त्यसअनुरूपको अभ्यास गर्नुपर्दछ । यसो भएपछि मात्र मानिसले आफ्नो इतिहास आफैँ बनाउन थाल्नेछ । एउटा साम्यवादीले प्राकृतिक पर्यावरण र सामाजिक पर्यावरणलाई समायोजन गरेर मात्र साम्यवादी हुन सक्छ । त्यसकारण मार्क्सले '१८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू' मा भन्नुभएको छ, "यो साम्यवाद पूर्णरूपले प्रकृतिवादमा विकसित भएर मानवतावाद समान हुन्छ र मानवतावाद पूर्णरूपले विकसित भएर प्रकृतिवाद समान हुन्छ । ... साम्यवाद भनेको इतिहासको रहस्य समाधान हो र यसले आफ्नो समाधान आफैँ जान्दछ", (पृ. ११४, नेपाली अनुवादक, सुदर्शन) ।

यसले के कुरा स्पष्ट गर्दछ भने साम्यवादलाई प्रकृतिवादमा विकसित गरिसकेपछि मात्र मानवतावाद जन्मन्छ । प्रकृतिवाद भनेको पुँजी सञ्चयको बन्धनबाट मुक्त समाज हो । पुँजीले मानिसलाई प्राकृतिक स्वतन्त्रताबाट बन्धनमा राखेको छ । त्यति मात्र होइन, यसले त मानिसलाई समेत माल बनाएर बजारमा पुऱ्याइदिएको छ र मानिसलाई मानिसको दास बनाइदिएको छ । मजदुर-मानिसको श्रमद्वारा निर्मित वस्तु उसकै लागि बिरानो भएको छ । त्यो बिरानो वस्तु जसलाई मजदुरले आफ्नै श्रमबाट निर्माण गरेको हो, त्यसलाई किन्न थप श्रम बेच्नुपर्दछ । मजदुर हरूको सामूहिक श्रमद्वारा निर्मित वस्तुको मालिक व्यक्ति बन्दछ । यसैलाई सामूहिक उत्पादनको व्यक्तिगत स्वामित्व भनी मार्क्सले हामीलाई सिकाउनुभएको छ । व्यक्तिगत स्वामित्वलाई सामूहिक स्वामित्वमा रूपान्तरण गर्नु साम्यवादी दल र त्यस दलका सदस्यहरूको मूल मुद्दा हो । वैज्ञानिक समाजवाद नै वैज्ञानिक साम्यवादको प्रथम चरण हो । यसमा पुग्न हामीले वर्गसङ्घर्ष गर्नुपर्दछ । वर्गसङ्घर्षको उच्चतम स्वरूप सशस्त्र सङ्घर्ष अपरिहार्य छ किनभने सशस्त्र पुँजीवादी तथा नेपालका सन्दर्भमा दलाल नोकरशाही राज्यसत्ताले आफ्नो सत्ता शान्तिपूर्ण सङ्घर्षले छोड्दैन । सशस्त्र सङ्घर्षद्वारा राज्यसत्ता पल्टाएर जनसत्ता स्थापना गर्नु भनेको सत्ताच्यूत वर्गमाथि सर्वहारावर्गीय अधिनायकत्व लागू गर्नु हो । समाजमा वर्ग रहेसम्म यो मार्क्सवादी मान्यतामा विकास हुन्छ तर यो पुरानो हुँदैन । यही आधार भूत मान्यताबाट चिप्लिनु नै संशोधनवाद हो ।

साम्यवादी दल र यसका नेता तथा सदस्यहरूले साम्यवादी सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवादलाई जीवन-व्यवहारमा लागू गर्नुपर्दछ । हामीले आजदेखि हाम्रो साम्यवादी दलका हरेक तह र साम्यवादी दलको माथिल्लो तहका नेता तथा सदस्यहरूको परिवारलाई वैज्ञानिक साम्यवादको भ्रूण बनाउनुपर्दछ ता कि यसले गर्दा समाजलाई नमुना विकल्प दिन सकियोस् । हामीले राज्यसत्ता, विचारधारा, संस्कृति, कार्यशैली र नैतिकतामा विकल्प खोजेनौँ भने आजको भूमण्डलीकृत तथा निगम पुँजीवादी दुनियाँमा हामी हराउनेछौँ । हाम्रा कमरेडहरू निराश हुनुको कारण भनेकै घुमफिरी पुँजीवादी संसदीय व्यवस्थाको आहालमा डुब्नु हो । झापा विद्रोह भयो र त्यसले क्रान्तिकारी बाटोमा अघि बढ्ने जमर्को गऱ्यो । त्यो विद्रोहका कारण देशव्यापी सङ्गठन बन्यो । तर, त्यो 'जनताको बहुदलीय जनवाद' भएर संसदीय आहालमा डुब्यो । हामीले हेर्दा हेर्दै त्यसका नेताहरू साम्राज्यवादका चाटुकार बने । ऐतिहासिक दस बर्से जनयुद्धले क्रान्तिको मशाल बालेको थियो तर यो पनि असफल भयो । हामीले आँखा झिमिक्क नपार्दै त्यसको नेतृत्व गरेका नेताहरू पनि संसदीय व्यवस्थाको दलदलमा फसे । यो वास्तवमा निम्न पुँजीवादी अधैर्यताको परिणाम थियो । क्रान्तिकारी धैर्यताले मात्र क्रान्तिकारी विकल्प बन्दछ । त्यसकारण हामीले मार्क्सवादको अध्ययनसँगै त्यसलाई जीवन-व्यवहारमा लागू गर्नुपर्दछ र समयसापेक्ष मार्क्सवादको विकास पनि गर्नुपर्दछ । मार्क्सवादको विकास गतिशील विश्व परिस्थिति र राष्ट्रिय परिस्थितिको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी अध्ययनबाट मात्र हुन्छ । यो भनेको वैज्ञानिक विधि र वैज्ञानिक आँखा हो ।

पुँजीवादी र साम्राज्यवादीहरूले ' मार्क्सवाद पुरानो भयो' भन्नु अनौठो र आश्चर्यजनक कुरा होइन । जसले आफूलाई मार्क्सवादको धुरन्धर विद्वान र आफ्नो दलको नाम 'माके', 'एमाले' र 'माओवादी' राख्दछन्, तिनले नै मार्क्सवाद पुरानो भयो भन्दछन् । कतिपयले त विदेशीहरू आफ्नो कार्यालयमा आउने भएपछि मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका तस्बिरहरू हटाउने र हसियाँ-हथौडा अङ्कित झन्डा लुकाउने काम धेरै पहिले गरिसकेका छन् । तर, नेपालमा साम्यवादी दलको लोकप्रियता लुट्न कतिपय नक्कलीहरूले आफ्नो दलको नाम साम्यवादी नै राखेका छन् । यो वास्तवमा सरासर जनताप्रति धोका र बेइमानी हो । हामी ती मार्क्सवाद पुरानो भयो भन्ने संशोधनवादीहरूलाई प्रश्न गर्न, चाहन्छौँ- यदि मार्क्सवाद पुरानो भएको हो भने कुन-कुन सिद्धान्तहरू र कुन-कुन विधिहरू पुराना भएका हुन् ? यदि मार्क्सवाद पुरानो भएको हो भने यसको प्रतिस्थापन गर्न कुन-कुन सिद्धान्त र विधि यहाँहरूबाट विकास गरिएको छ त ? के जनताको बहुदलीय जनवाद र एक्काइसौँ शताब्दीको जनवादले यसको प्रतिस्थापन गर्न सक्दछ ? एक पटक सुन्ने धैर्यता गर्नुहोस महाशयहरू ! इतिहासको पुनरागमन नयाँ हुँदैन । बहुदलीय जनवाद भन्नु र बहुदलीय प्रजातन्त्र भन्नु एउटै कुरा होइन र ? कांग्रेसको बहुदलीय प्रजातन्त्र र एमालेको बहुदलीय जनवादमा कुनै भिन्नता छैन । बहुदलीय जनवाद वा बहुदलीय प्रजातन्त्रले कुनै जमानामा प्रगतिशील भूमिका खेलेका छन् । तर, यी दुवै सिद्धान्त सारमा प्रतिक्रियावादी संसदवादको सेवामा जुटेका छन् । यी कुराको सत्यता हाम्रो जीवन-व्यवहारले पुष्टि गरिसकेको छ । मदन भण्डारीले जनता झुक्याउन ल्याएको जवज र पुष्पकमल दाहालले ल्याएको एक्काइसौँ शताब्दीमा जनवादको विकास फरक-फरक रूपमा दलाल संसदीय व्यवस्थाको सेवा हो ।

मार्क्सवाद पुरानो भएको होइन महाशयहरू ! यो त लेनिनले भनेझैँ "... हरेकपल्ट अधिकृत विज्ञानद्वारा 'समूल नष्ट' पारिएको भनेपछि पनि अझ शक्तिशाली, अझ बढी जोडदार र अझ बढी ओजस्वी पो बनेको छ", *(मार्क्सवाद र संशोधनवाद, १९०८,*

*प्रगति प्रकाशन मास्कोद्वारा प्रकाशित लेनिन सङ्कलित रचनाहरूको अंग्रेजी संस्करण, ग्रन्थ १५, पृ. ३१)* । नेपालमा पनि प्रतिक्रियावादीहरू र संशोधनवादीहरूले मार्क्सवाद र साम्यवादी क्रान्ति पुरानो भइसकेको, असफल भइसकेको र उदार प्रजातन्त्रको विकल्प नभएको घोषणा गरे पनि मार्क्सवाद अझ बलवान, शक्तिशाली र जाज्वल्यताका साथ जनताहरूका बिचमा लोकप्रिय भइरहेको छ । मार्क्सवादी विज्ञानका बारेमा लेखिएका रचनाहरूलाई 'थोत्रा किताब' ठान्ने नेताहरूले महाभारत, वेद, उपनिषद्, कुरान, त्रिपिटक र बाइबललाई 'नयाँ किताब' भनी चितवनको ठोरीमा पौराणिक पात्र राम र सीताको मन्दिर बनाउन सरकारी बजेट खन्याउनु, पशुपतिनाथको मन्दिरमा सुनको जलहरी चढाउनु र क्रिस्चियन गुरुको हातबाट 'पवित्र जाँडपान' गर्नुले हाँसोको पर्राबाहेक के छुट्न सक्छ र ! 'मार्क्सवाद पुरानो भन्ने नेताहरूले हात हेराउनु, भैंसी पूजा गर्नु, महाकालेश्वरको पूजा गर्नु, प्रधानमन्त्री भएको भोलिपल्ट दक्षिकालीमा गएर कालो बोको चढाउनु र जीवनरक्षाका लागि हातमा कालो फलामको औंठी लगाउनु मार्क्सवादभन्दा कति नयाँ कुरा हो त !

साम्यवादी दर्शन भनेको भौतिकवाद हो भने यसको विधि भनेको द्वन्द्ववाद र ऐतिहासिकता हो । त्यस कारण भौतिकवादी दर्शनको पढ्ने विधि द्वन्द्ववाद र ऐतिहासिकलाई वैज्ञानिक ढङ्गले समायोजन गर्दा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हुन्छ । ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट आजको विश्वलाई संश्लेषण गरी द्वन्द्ववादी ढङ्गले विश्लेषण गर्ने हो भने वैज्ञानिक साम्यवाद मानव जातिको सबभन्दा उन्नत, जनतान्त्रिक र मानवतावादी व्यवस्था हो । उत्पादन प्रणालीमा आएको फेरबदल- विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण, अति केन्द्रीकरण तथा अति एकाधिकार, राजनीतिमाथि अर्थतन्त्रको प्रभुत्व, उत्पादक शक्तिमा विज्ञान र प्रविधिको समायोजन, भूमण्डलीकरण र निगमीकरणको तीव्रता आदिले आज वैज्ञानिक साम्यवादलाई धेरै नजिक ल्याएको छ । यी विशेषताहरूले पुँजीपति झन् मुट्ठीभर हुन पुगेको छ भने शोषित र उत्पीडितवर्ग ९९ प्रतिशत हुन पुगेको छ । तर, मार्क्सले भनुभए जस्तै 'संख्या तब निर्णायक हुन्छ, जब जनसाधारण सङ्गठनमा आबद्ध हुन्छन् र ज्ञानले तिनको नेतृत्व गर्दछ ।' संगठित र ज्ञानी नभईकन ९९ प्रतिशतलेले १ प्रतिशतलाई पनि जित्न सकिँदो रहेनछ । मार्क्सवादी सङ्गठन र ज्ञान नभईकन ९९ प्रतिशतको मुक्ति असम्भव छ ।

आज साम्यवादी दलहरूसँग आबद्ध साम्यवादीहरू निराश भएका छन् । यसको कारण हो, अनुशासित भएर सङ्गठनमा आबद्ध नहुनु र मार्क्सवादको अध्ययन गरी त्यो ज्ञानद्वारा आलोकित हुन नसक्नु । जब एउटा साम्यवादी अनुशासित भएर सङ्गठनमा आबद्ध भई मालेमावादी ज्ञानले सुसज्जित हुन्छ, तब निर्विकल्प भावी साम्यवादप्रति आशावादी र विजयप्रति ढुक्क हुन्छ । तर, त्यसको लागि मौलिक मार्क्सवाद र वर्तमान परिस्थितिको अध्ययनमा तल्लीन भई आफैँभित्र साम्यवादी क्रान्तिप्रति प्रतिबद्धता जाहेर गर्दै धैर्यतापूर्वक गतिवान कदम चाल्नु आवश्यक हुन्छ । यो अरूलाई उपदेश होइन, आफ्नोविरुद्धको क्रान्ति उद्घोषण हो । निश्चय नै भौतिक जगत्ले आत्मगत जगत्लाई प्रभाव पार्दछ । अर्थात्, मार्क्सले भनेझैँ मानिसको चेतनाले सामाजिक अस्तित्व निर्धारण गर्दैन, बरु सामाजिक अस्तित्वले मानिसको चेतना निर्धारण गर्दछ ।' त्यसकारण हामी साम्यवादीहरूले परिवार र आफू बसेको सङ्गठनलाई भावी साम्यवादको लागि सामाजिक एकाइ बनाउनुपर्दछ । त्यसमा नयाँ विचारधारा, नयाँ संस्कृति, नयाँ बानीबेहोरा, नयाँ रीतिरिवाज र नयाँ विरासतको कली (नयाँ पालुवा) फुटाउनुपर्दछ । पुरानो समाजका विरुद्ध यो नयाँ समाज एउटा विकल्प बन्दछ । यो बिग्रने र भत्कने क्रममा नै निरन्तर क्रान्ति हुन्छ । एक दिन साम्यवाद आउँछ भन्ने साम्यवादी दल र साम्यवादी व्यवस्था, बनाउने पुँजीवादी दल र गर्ने पुँजीवादी व्यवस्थाको अभ्यास अनि कसरी आउछ वैज्ञानिक साम्यवाद ? यही कुरालाई बुझौँ र पुँजीवादी व्यवस्थाको स्थानमा साम्यवादलाई जीवन-व्यहारमा साम्यवाद नआए पनि वैज्ञानिक समाजवाद हाम्रै पालामा आउँछ र साम्यवादको गति तीव्र बन्दछ ।

**नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक एवम् शुभचिन्तकहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं !**

**शिक्षा, मानविकी, व्यवस्थापन, विज्ञान र सिभिल इन्जिनियरिङ अध्ययन अध्यापन भइरहेको सहर्ष जानकारी गराउँदछौं ।**

**प्रा.डा. नारायण प्रसाद पौडेल**
रजिष्टार

**मध्यपश्चिमाञ्चल विश्वविद्यालय**
सुर्खेत, नेपाल

# नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !

## सम्पूर्ण नगरवासीमा हाम्रो अनुरोध

- सार्वजनिक सम्पत्तिको सबैले रक्षा गरौं ।
- सडक, पुलपुलेसा, भवन, खानेपानी पाईप, धारा आदि सार्वजनिक सम्पत्तिको संरक्षण गरौ ।
- सार्वजनिक जग्गा मिच्ने काम नगरौं ।
- सार्वजनिक जग्गा सवैको साझा सम्पत्ति हो, यसको संरक्षण गरौं ।
- पालिकाको निर्माण सम्बन्धि काममा अवरोध नगरौं ।
- पारदर्शीरुपमा काम गरौ, बजेट तथा योजनाहरु समयमै सम्पन्न गरौं ।
- जन्म विवाह बसाई सराई मृत्यु लगायतका घटना विवरणहरु ३५ दिनभित्र आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- पूर्ण सरसफाई अभियानका लागि सबैले आ–आफ्नो घर समुदायबाट अभियानहरू अगाडि बढाऔं ।
- समयमा कर तिरौं, सभ्य नागरिकको परिचय दिलाऔं ।



सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख



प्रतिक्षा सिंजाली
उप- प्रमुख



हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

"तानसेनको गौरब, शिक्षा, स्वास्थ्य,पर्यटन, कला र पौरख"

# तानसेन नगरपालिका

पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

# इजरायल–प्यालेस्टिनी युद्धको पुनरागमन ?

*इजरायलले अहिले अन्धाधुन्ध आक्रमण गरिराखेको छ । गएको अप्रिल १ मा वर्ल्ड सेन्टर किचनले खाद्यान्न वितरण गरिराखेको अवस्थामा गाजामा आक्रमण गरी ७ जना अधिकृतको हत्या गरेको छ । यो आक्रमणबाट बेलायत, अमेरिका जस्ता उसका मुख्य सहयोगीहरू पनि आक्रोशित हुन पुगेका छन् । स्वयं इजरायलमा प्रधानमन्त्री नेतान्याहुका विरुद्ध ठुल्ठूला प्रदर्शन भएका छन् । यसले गर्दा इजरायलले गाजामाथि गरेको आक्रमण उसका लागि मुखको तातो पिंडालु हुन पुगेको छ ।*



❖ गुणराज लोहनी

हमासले इजरायलमाथि आक्रमण गरेको तीन महिनाभन्दा बढी भयो । बीबीसी अंग्रेजीका अनुसार इजरायली सरकारले गाजामा आफ्नो पूर्ण कब्जा रहेको दावी गऱ्यो । बीबीसी सञ्चार माध्यमलाई आफूसँगै इजराली सेनाले लगेर केही स्थानहरूको दृश्य खिँच्न लगायो र त्यसैलाई प्रसारण गर्न अनुमति दियो । तर, अल जजिरा जस्ता तटस्थ सञ्चार माध्यमहरूले त्यस्तो कुनै समाचार प्रसारण गरेका छैन । बरु उसले इजरायलका विरुद्ध, बेलायत, फ्रान्स जस्ता देशहरू जसले इजरायलले प्यालिस्टिनमाथि गरेको आक्रमणका विरुद्ध भएका प्रदर्शनहरू देखाइरहेको छ; युद्ध रिपोर्ट गर्न गएका पत्रकारहरूलाई बन्दी बनाइराखेको छ ।

## युद्ध रिपोर्ट

विश्वका ठूला राष्ट्रहरूको सङ्गठन जी २० को शिखर सम्मेलन सकिएको २८ दिनपछि हमासले इजरायलमाथि सशक्त फौजी आक्रमण गऱ्यो । ७ सेप्टेम्बर शनिबार भएको आक्रमणमा इजरायमा ठूलो धनजनको क्षति मात्र भएको छैन कि नेपालबाट ‘ कमाउँदै पढ !’ कार्यक्रमअन्तर्गत सुदूर-पश्चिम विश्वविद्यालयबाट पढ्न गएका १० जना विद्यार्थीको दुःखद् निधन भएको छ । एक जना विद्यार्थी अहिलेसम्म बेपत्ता नै छन् । अनुसन्धान र सुरक्षाका दृष्टिकोणले विश्वको सबैभन्दा सशक्त मानिँदै आएको इजरायलमाथि हमासले गरेको आक्रमणको विश्वभरि चर्चा भइराखेको छ ।

यति ठूलो आक्रमण हमासले कसरी गर्न सक्यो ? इजरायलले आक्रमण हुँदै छ भन्ने थोरैसम्म पनि जानकारी किन राख्न सकेन ? के साँच्चै हमास बलियो भएको हो कि उसलाई कसैले सहयोग गरिराखेको छ ? के यो



आक्रमणले दोस्रो रुस-युक्रेन युद्ध जन्माएको हो ? के यो युद्धले ईसाइ र इस्लामका बिचमा युद्धको सुरुआत भएको हो ? यो कुराका बारेमा जी २० मा कुनै पनि देशले सामान्य छलफल गर्न किन गर्न सकेनन् ? यस्ता विभिन्न प्रश्नहरू उठेका छन् ? गत ७ सेप्टेम्बर शनिबारको बिहानै गजापट्टितिरबाट आक्रमण भयो । उक्त आक्रमण अहिलेसम्मको भीषण र शक्तिशाली थियो । २० मिनेटभित्र हमासले ५ हजार रकेट प्रहार गऱ्यो । विश्वका बसै सञ्चार माध्यमहरूले हमासका लडाकुहरूले इजरायलका सिमानामा लगाइएका तारबार हरूलाई शक्तिशाली बुल्डोजरहरूले भत्काएर इजरायलभित्र प्रवेश गरे । मोटर जडान गरिएका सयौँ प्याराग्लाइडरहरू एकैचोटि इजरायली भूमिमा अवतरण गरे । त्योभन्दा पहिला, गाजापट्टिबाट हजारौँ रकेट छोडियो । यस्तो लाग्दथ्यो, इजरायली आकास र धरती आवाज, विस्फोट, धुँवाले भरिएको छ । सबैतिर कोलाहाल छ ।

## हमासको आक्रमणको विश्लेषण

अगस्त ७ को बिहान ६.३० बजे इजरायलमा हमासले गरेको आक्रमणलाई लिएर विश्वभरि विभिन्न अड्कल लगाइएको छ । हमास जो आफैँ प्यालेस्टिनभित्र विद्रोहीको रूपमा रहेको छ । उसको आफ्नो छुट्टै भूमि छैन, उसले कसरी इजरायल जस्तो शक्तिशाली इन्टेलिजेन्स्ट छ, सशक्त सूचना राख्दछ र सुरक्षा रहेको छ, यस्तो देशमाथि हमासको आक्रमणले संसारलाई अचम्मित पारिदिएको छ । अहिलेसम्म हजारौँ मान्छेको मृत्यु भएको छ । नेपालबाट सिक्दै कमाउँदै कार्यक्रममा गएका सुदूर-पश्चिम विश्वविद्यालयका १० जना कृषि विषय पढ्ने विद्यार्थीको दुःखद् मृत्यु भएको छ ।

अत्याधुनिक हतियार, उच्च सुरक्षा, सूचना-प्रविधिले लैस र सबैभन्दा शक्तिशाली जासुसी संस्था भएको इजरायलमाथि यति ठूलो आक्रमण कसरी सम्भव भयो भन्ने कुरामा विश्वको ध्यान केन्द्रित भएको छ । यति मात्र नभएर, अहिलेका विश्वका धनी भनिएका देश र उनीहरूका आसेपासेहरूले यो आक्रमणलाई आतंककारीको संज्ञा दिएका छन् । अमेरिका, बेलायतलगायतका शक्ति राष्ट्रहरूको सहयोग

र समर्थन पाएको इजरायल जहाँको हतियारहरू विश्वकै उत्कृष्टभित्र पर्दछन्, यो आक्रमणले उनीहरूलाई नराम्ररी झस्काइदिएको छ । उनीहरूको निंद्रा समाप्त गरिदिएको छ ।

## विभाजित विश्व

हमासले इजरायमाथि चामत्कारिक तरिकाले आक्रमण गरेपछि जति दिनहरू बित्दै गएका छन्, उति नै विश्व विभाजित भइरहेको छ । सुरुमा हमासको आक्रमणप्रति इजरायलले सहानुभूति प्राप्त गरेको थियो । तर, समय ढल्कै गर्दा हमासप्रतिको सहानुभूति बढ्दै गएको छ । यसरी विभाजित हुनुको मुख्यकारण प्यालेस्टिनी र इजरायलको विगत हो । दोस्रो विश्वयुद्धमा जर्मनीबाट विस्थापित भएका यहुदीहरूले सन् १९४८ मा प्यालिस्टिनी भूमिमा अतिक्रमण गरी, बेलायत, अमेरिका जस्ता शक्तिशाली राष्ट्रको सहयोगमा इजरायल राज्य घोषणा गरिएको थियो । त्यसअघि इजरायल भन्ने कुनै देश थिएन । त्यही समयदेखि प्यालेस्टिन भन्ने देश विश्व मानचित्रबाट विलोप भएको छ । साथै, १९४८ देखि आजका मितिसम्म कहिले प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसन त कहिले हमासको नामले प्यालेस्टिनीहरू आफ्नो भूमि र स्वतन्त्रताका लागि जेहाद छेडिरहेका छन् ।

सारा विश्वलाई थाहा छ कि इजरायलले प्यालिस्टिनीमाथि अन्याय गरेको छ, अत्याचार गरेको छ, युद्ध थोपरेको छ, मातृभूमि हडपेको छ । यति हुँदा हुँदै पनि अमेरिका, बेलायत, क्यानडा, फ्रान्स, अस्ट्रेलिया, भारत, युक्रेन, स्पेन, पोल्यान्ड, नर्वे जस्ता आफूलाई सभ्य, विकसित, धनी भन्न रुचाउने राष्ट्रहरूले इजरायलको खुलेरै समर्थन गरेका छन् । अमेरिकाले अगस्ट १० मंगलबार राति पठाएको हतियारको पहिलो खेप इजरायल पुगिसकेको छ । इजरायलको नेवातिम एयरबेसमा अमेरिकी विमान हतियारसहित अवतरण गरेको हो । अमेरिकाले केएफआईआर फाइटर जेट, फ्रान्समा बनेको मिराज एयरक्राफ्टमा आधारित मल्टिरोल वारप्लेनहरू, एफ ३५ लाइटनिङ दुई जस्ता हतियार र युद्ध सामग्री अमेरिकाले इजरायललाई दिएको छ । अक्टोबर १२ का दिन क्युभ इन्डिपेन्डन्टले 'रुसले किभलाई बदनाम गर्न युक्रेनमा कब्जा गरिएका हतियार हमासलाई दियो' शीर्षकमा समाचार छापेको थियो । भारतीय पत्रिका द वायरका संस्थापक सम्पादक सिद्धार्थ वरदारनले त अमेरिकाले बेचेको हतियार प्रयोग गरेर हमास लडेको आरोप लगाएका छन् । पैसाका लागि जसलाई पनि हतियार बेच्ने अमेरिकाले यसो गरेन भन्न सकिँदैन । यो घटनाले विश्वलाई ध्रुवीकृत गर्न झनै बल पुगेको छ । यसैको फलस्वरूप रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले हमास र इजरायलबिचको युद्ध अमेरिकी विदेश नीतिको विफलता भएको बताएका छन् । अमेरिकाले प्यालेस्टाइनको हितलाई नजरअन्दाज गरेको पुटिनको आरोप छ । हमासको समर्थनमा लेबनानको हिज्बुल्लाह लडाकु समूहसँगै यति



बेला सिरियाले पनि इजरायलमा आक्रमण गरिदिएको छ । इजरायली सेनाका अनुसार सिरियाबाट गोलाबारी र रकेट हमला भएको छ । यसबाट दुई वर्षअघि रुस-युक्रेन युद्ध झेलेको विश्वका सामु इजरायल-हमास युद्ध थपिएको छ ।

## युद्धपछिको विश्व

गएको अक्टोबर १७ मा संयुक्त राष्ट्र सङ्घले 'प्यालेस्टिनी र इजरायली जनतामाथि गरिएका हिंसात्मक क्रियाहरू' को विरोध गर्न चुनावको आयोजना गरेको थियो । त्यसको पक्षमा विश्वका १ सय २१ वटा देशले मतदान गरेका थिए भने अमेरिकालगायतका १४ वटा राष्ट्रले विरोध गरेका थिए । यसरी अत्यधिक मतले पारित हुँदा पनि संयुक्त राष्ट्र सङ्घले उक्त प्रस्तावलाई कार्यान्वयन गर्न सकेन । बरु उल्टै इजरायली मन्त्री एमिचाई एलियाहुले गाजा स्ट्रिटमा परमाणु बम छोड्ने धम्की दिएका थिए । यसको चौतर्फी विरोध भइराखेको छ ।

इजरायली सेना गाजापट्टीमा प्रवेश गरेर नरसंहार मचाएको छ । उसले अस्पताल जस्ता संवेशनसिल क्षेत्रमा रकेट प्रहार गरेर ५ जनाभन्दा बढीलाई एकै चिहान बनाएको छ । अहिलेसम्म ११ हजारभन्दा बढी निर्दोष पेलिस्टेनीको मृत्यु भइसकेको छ । त्यसमा ४ हजार ५ सयभन्दा बढी बालबालिका रहेका छन् । लाखौँलाख पेलिस्टनी देश छोडेर शरणार्थी हुन पुगेका छन् । अल शिफा अस्पताल अहिले घाइते र बिरामीको उपचार गर्ने ठाउँभन्दा पनि इजरायलको मुख्य आक्रमणको क्षेत्र बन्न पुगेको छ । नोभेम्बर ११ को दिन २२ वटा देशका प्रतिनिधिहरूको सहभागितामा अरब शिखर सम्मेलन भयो । उक्त सम्मेलनले 'गाजामा थोपरिएको युद्ध इजरायलको प्रतिरक्षाका लागि नभएको', 'इजरायलको गाजा ट्रिपमाथिको आक्रमण अपराध हो र सरकारद्वारा कब्जा गरिएको बर्बर अमानवीय नरसंहार' निष्कर्ष निकालेको छ । रियादमा भएको सम्मेलनले 'यो मानवीय प्रकोप हो, जसले अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्र सुरक्षा परिषद्को अन्तर्राष्ट्रिय मानवीय कानुनको घोर उल्लङ्घनलाई अन्त्य गर्न र विश्वले अपनाएको दोहोरो मापदण्डहरू प्रमाणित गर्न असफल भएको प्रमाणित गरेको छ' भनेको छ ।

उता इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याउले इरानलगायतका १२ वटा शक्तिलाई दुश्मन घोषित गरेका छन् । अहिले सिंगो मध्य-पश्चिमका इस्लामिक देशहरू इजरायलका विरुद्ध खडा भएका छन् । चीन, रुसलगायतका शक्तिशाली राष्ट्रहरू पनि इजरायलका विरुद्ध खडा भएका छन् । संयुक्त राज्य अमेरिकाले संयुक्त राष्ट्र सङ्घमा भएका मतका विरुद्ध इजरायललाई खुलै हतियार दिएर सहयोग गरिराखेको छ ।

## किन भयो अस्थायी युद्धविराम ?

२४ नोभेम्बर शुक्रबारका दिन कतारको विशेष पहलमा हमास-इजरायल बिचको ७ हप्ते युद्ध ४ दिनका लागि अस्थायी रूपमा विराम भएको छ । जब इजरायलले गजा क्षेत्रमा आक्रमणको घोषणा गरेको थियो, तब उसले भनेको थियो कि अब यो युद्ध हमासले कब्जा गरेर लगेका सबै इजरायली युद्ध बन्दीलाई रिहा गरेर र हमासलाई पूर्णरूपले अन्त गरेर मात्र विराम हुनेछ । तर, यी दुबै कुरा इजरायलले पूरा गर्न सकेन । शुक्रबार घोषणा गरिएको ४ दिने युद्ध विरामअनुसार तत्कालका लागि गाजामा ४७ दिनदेखि जारी इजरायली

आक्रमणका क्रममा भएको यो अहिलेसम्मकै सबैभन्दा महत्वपूर्ण ब्रेक थ्रू हो । सम्झौताअन्तर्गत यो चार दिनमा हमासले इजरायलमाथिको आक्रमणका क्रममा उसले बन्दी बनाएर गाजा लगेका करिब २ सय ४० जनामध्ये ५० जना महिला तथा बालबालिकालाई मुक्त गरेको छ ।

प्रत्युत्तरमा इजरायलले उसका जेलमा रहेका प्यालेस्टिनी कैदीमध्ये १ सय ५० जना महिला तथा बालबालिकालाई मुक्त गरेको छ । सङ्घर्ष विरामको अवधि बढाउन पनि सकिने सम्झौतामा उल्लेख थियो । हमासले थप १० जना बन्धक रिहा गरेको अवस्थामा सङ्घर्ष विरामको अवधि अर्को एक दिनलाई लम्ब्याउने सहमति दुवै पक्षबिच भएको समाचारमा जनाइएको थियो । तर, केवल दुई दिन मात्र युद्धविराम समय बढाएर पुनः इजरायलले एकतर्फी आक्रमण गरिराखेको छ । इजरायल यति असन्तुलित भएको छ कि गएको जनवरी २३ मा आफ्नै माइनमा परेर उसका २४ सेनाको मृत्यु भएको छ ।

यो घटनाले युद्धमा इजरायलले जे भने तापनि गाजामाथिको एकतर्फी नरसंहारकारी आक्रमणबाट उसले कुनै ठोस उपलब्धि हासिल गर्न सकेन । बरु उल्टै इजरायल अन्तर राष्ट्रियस्तरमा बदनाम हुन पुग्यो । हमासले आफ्ना जनतालाई इजरायलले जसरी बन्दी बनाएको थियो र इजरायलमाथिको आक्रमणको मुख्य मुद्दा उनीहरूको रिहा भनेको थियो ४ दिने युद्ध विरामका क्रममा ठूलो संख्यामा प्यालेस्टिनीहरू रिहा भएका छन् । रुस-युक्रेनको युद्धले विराम लिएको छैन । झनै चर्किरहेको छ । इजरायलले खुलेआम गाजामा आक्रमण गरिराखेको छ । कसैले रोक्ने चेस्टा गरेको छैन । संयुक्त निरीह बनेको छ । प्यालेस्टिनको गाजामा मात्र नभएर विश्वको कुनै पनि भू-भागमा युद्ध भँड्किने सम्भावना अहिलेको विश्वको परिस्थितिले सङ्केत गरिराखेको छ । युद्धको आकार र घनत्व बढ्दै गएको छ । लिवियाले लाल सागरबाट तेल बोक्ने जहाजमाथि लगातार आक्रमण गरिरहेको छ ।

## युद्धविरामपछि

६ दिने युद्धविरामपछि इजरायलले आक्रमण सुरु गऱ्यो । उसको आक्रमण इजरायललाई प्रत्युत्पादक भइराखेको छ । मध्य-एसियाका देशहरूले विभिन्न तरिकाद्वारा हमासलाई समर्थन गरिहेका छन् । ८० प्रतिशत गाजावासी त्यहाँबाट विस्थापित हुनुको मुख्य दोषी इजरायल हुन पुगेको छ । अमेरिका, बेलायत जस्ता इजरायलका मेरुदण्डले समेत आक्रमण रोक्न भनिरहेका छन् । संयुक्त राष्ट्र सङ्घमा हुने गरेका युद्ध रोक्न गरिएका मतदानमा इजरायलविरुद्ध मत पर्ने गरेको छ । इजरायलका विरुद्ध युरोपभरि ठूला प्रदर्शन भइराखेका छन् । रुस-युक्रेन युद्धबाट आहत भएका विश्ववासी र त्यसमा पनि जुन लक्ष्यसहित अमेरिकालगायतका नेटो देशहरूले युक्रेनलाई उक्साइराखेका थिए, त्यो युद्ध उनीहरूका लागि फलदायी भएन । पछिल्लो इजरायल-हमास युद्धले सिंगो मध्य-एसिया यिनीहरूका विरुद्ध एक भएका छन् ।

इजरायलले अहिले अन्धाधुन्ध आक्रमण गरिराखेको छ । गएको अप्रिल १ मा वर्ल्ड सेन्टर किचनले खाद्यान्न वितरण गरिराखेको अवस्थामा गाजामा आक्रमण गरी ७ जना अधिकृतको हत्या गरेको छ । यो आक्रमणबाट बेलायत, अमेरिका जस्ता उसका मुख्य सहयोगीहरू पनि आक्रोशित हुन पुगेका छन् । स्वयं इजरायलमा प्रधानमन्त्री नेतान्याहुका विरुद्ध ठुल्ठूला प्रदर्शन भएका छन् । यसले गर्दा इजरायलले गाजामाथि गरेको आक्रमण उसका लागि मुखको तातो पिंडालु हुन पुगेको छ ।




# नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !

## सम्पूर्ण पालिकावासीमा हाम्रो अनुरोध

- लैंगिक हिंसाको अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह र बसाईसराइ जस्ता घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पुर्ण वालमैत्री गाउँपालिका निर्माणमा हातेमालो गरौँ ।
- बर्षाको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकाले सजगता अपनाऔँ ।
- आफ्नो गाउँ सुन्दर र सफा राखौँ ।



सरोजकुमार थापा
अध्यक्ष



तारा थापा ढेंगा
उपाध्यक्ष



राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत

# गुल्मी दरबार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनि प्रदेश, गुल्मी

# समकालीनतामा सांस्कृतिक चिन्तन, दिशा र आन्दोलन

*नेपालको मार्क्सवादी सांस्कृतिक क्षेत्र यति बेला नवऔपनिवेशवादद्वारा रक्तमुछेल बनेको छ । जब विचारधारात्मक चीजहरू सङ्कटमा पर्छन्, तब सामाजिक रूपान्तरणमा पर्याप्त हस्तक्षेप हुनै सक्तैनन् । नेपालमा साधना र चिन्तनको क्षेत्रमा मार्क्सवादी संस्कृतिकर्मीहरूको ठूलो खडेरी पर्दै छ । नेपाली समाज दलाल पुँजीवादी व्यवस्थाका कारण वियोगान्तक–दुःखान्तकहरूको सङ्ग्रहालयमा परिणत हुँदै छ ।*



❖ खेम थपलिया

## आमुख

चिनियाँ क्रान्तिको सन्दर्भमा माओ जे दोङले भन्नुभएको थियो, "साहित्य र कला सम्पूर्ण क्रान्तिकारी मेसिनसित अभिन्न पार्टपुर्जाको रूपमा एकदम राम्ररी जोडिऊन्, तिनीहरू जनतालाई एकताबद्ध र शिक्षित तुल्याउन तथा सत्रुलाई प्रहार गर्ने र नष्ट गर्ने शक्तिशाली हतियार बनून् र तिनले जनतालाई एक मन, एक प्राण जस्तो भएर सत्रुसित जुध्न मद्दत गरून्", (माओ, भाग ३, येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन, पृष्ठ ४८) ।

सांस्कृतिक चिन्तन, दिशा र आन्दोलन निश्चित राजनीतिक कार्यदिशाद्वारा निर्देशित हुन्छन् । संस्कृति त्यस्तो उपरीसंरचना हो, जो अन्य उपरीसंरचनाभन्दा भिन्न र दीर्घकालिक हुन्छ । यो राजनीतिक कार्यदिशासित अभिन्न र अन्योन्याश्रित रहँदै आएको छ । सांस्कृतिक क्षेत्रमा माओको "वर्गसङ्घर्षलाई मुख्य कडी बनाऊ, राजनीतिलाई शीर्षस्थानमा राख" भन्ने भनाइ निकै महत्वपूर्ण छ । सांस्कृतिक आन्दोलन वर्ग समाप्त पार्ने मात्र होइन; महान् रूपान्तरणकारी साम्यवादी अभियान पनि हो । लेनिन युवाहरूको भेलामा भन्नुभएझैँ "जारलाई निकालेर फाल्न कुनै गाह्रो थिएन, त्यसका लागि केही दिनको जरुरत थियो । जमिनदारलाई निकालेर फाल्न पनि धेरै कठीन थिए, यस कामका लागि केही महिनामा पूरा गरियो । पुँजीपतिहरूलाई निकाल्न पनि धेरै कठीन भएन तर वर्गलाई समाप्त पार्न अतुलनीय रूपमा अति कठीन काम हो", वर्ग समाप्त पार्नभन्दा पुरानो संस्कृति समाप्त पारेर नयाँ बनाउन कैयौँगुणा कठीन कार्यभार हो, यद्यपि जति र जस्तो कठीन भए पनि यो कार्यभार पूरा गर्नुको कुनै विकल्प छैन । हामीले हाम्रा पहलकदमीहरूलाई वैज्ञानिक समाजवाद–साम्यवादको उदात्त आदर्शसित जोडेर उठाउनुपर्दछ ।

सामन्तवादी अवशेषका विरुद्धमा जनतालाई अपिल गर्नु, पुरातन चेतनालाई प्रगतिशीलीकरण गर्नु तथा भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादका विरुद्ध निरन्तर सांस्कृतिक क्रान्तिको झन्डालाई माथि उठाउनु आजको आवश्यकता हो । एक जाति, एक भाषा र एक संस्कृतिको करिब तीन सय वर्षको नीति र संरचनागत सत्ताले जर्जर बनाएका क्षेत्रलाई सांस्कृतिकरूपमा सवल र अधिकार सम्पन्न बनाउँदै एकताका साथ पुरातन–प्रतिक्रियावादी–साम्राज्यवादी शक्तिसित लड्नु यतिबेला हामी सबैंको दायित्व बनेको छ । साथै, समाजमा करिब आठ हजार वर्षदेखि शोषण, अन्याय र उत्पीडन छ । त्यति नै समयदेखिको मानव समाजको तहगत संरचना, जातपात, वर्ग, शोषण र उत्पीडनग्रस्त समाज र हर–मानिसभित्र शोषणकारी मानिस पनि छ । मानिसभित्र रहेको शोषणकारी मानिसविरुद्ध सङ्घर्ष गरेर नयाँ मान्छे बन्ने र बनाउने रूपान्तरणकारी प्रक्रिया सांस्कृतिक चिन्तन, दिशा र आन्दोलनका महत्वपूर्ण सन्दर्भ हुन् । समकालीनतामा सांस्कृतिक चिन्तन, दिशा र आन्दोलन महत्वपूर्ण सांस्कृतिक विमर्श हुन् ।

## १. सांस्कृतिक चिन्तन

वस्तुगत परिस्थितिले मानिसको चिन्तनगत अवस्थालाई द्योतन गर्दछ । यहाँ 'ठोस परिस्थितिको ठोस विश्लेषण', 'वस्तुद्वारा चेतना' जस्ता तथ्य आकर्षित हुन्छ । हामीलाई थाहा छ कि एक समयमा गरिएका कतिपय चिन्तन अर्को सन्दर्भमा असान्दर्भिक हुन पुग्दछ । केही सार्वभौम चिन्तन अलग विषय हुन् । कुनै पनि चिन्तनधारालाई सामाजिक उत्पादन सम्बन्धले गम्भीर प्रभाव पारिरहेको हुन्छ । स्वाभाविक कुरा हो कि आर्थिक धरातल र राजनीतिमा जुन–जुन वर्गको बर्चस्व हुन्छ र संस्कृतिमा पनि त्यही–त्यही वर्गको प्रभुत्व हुने गर्दछ । चिन्तनधारा सही र सशक्त नभईकन जीवनधारा सही र सशक्त हुनै सक्तैन । सांस्कृतिक आन्दोलनमा सांस्कृतिक चिन्तन यस्तो प्रारम्भिकी जग हो, जसले अँध्यारो चिर्दै दिशा र बाटो देखाउने काम गर्दछ । हेरौँ, चिन्तनसम्बन्धी केही दृष्टान्त :

'भौतिक जीवनको उत्पादन प्रणालीले जीवनको समग्र सामाजिक, राजनीतिक र बौद्धिक प्रक्रियालाई निर्धारण गर्दछ । मान्छेको

चेतनाले उसको अस्तित्वलाई निर्धारण गर्दैन, बरु यसको साटो उसको सामाजिक अस्तित्वले नै उसको चेतनालाई निर्धारण गर्दछ । आफ्नो विकासको एउटा खास स्थितिमा पुगेर समाजको भौतिक उत्पादन शक्तिहरू तत्कालीन उत्पादन-सम्बन्धहरूसित अर्थात् यसैलाई कानुनी शब्दावलीमा यसो पनि भन्न सकिन्छ- ती सम्पत्ति सम्बन्धहरूसित टक्राउँछन् । जसअन्तर्गत त्यस समयमा उनीहरूले काम गर्नुपर्ने हुन्छ । यस्तो सम्बन्ध उत्पादन शक्तिहरूको विकासअनुरूप नरही त्यसका लागि बाधक बन्ने गर्दछन् । अनि सुरु हुन्छ, सामाजिक क्रान्तिको युग । आर्थिक आधारमा फेबदल हुने गर्दछ । यस्तो रूपान्तरणमाथि विचार गर्दा एउटा विभेदलाई हमेसा ध्यानमा राख्नुपर्दछ । एकातिर उत्पादनका साथ निर्धारित गर्न सकिन्छ । अर्कातिर ती कानुनी, राजनीतिक, धार्मिक, सौन्दर्यबोधात्मक तथा दार्शनिक सङ्क्षिप्तताभन्दा विचारधारात्मक रूप छ, जसमाथि मान्छे यस टक्करप्रति सचेत हुन्छ र त्यससित सङ्घर्ष गर्दछ । कुनै व्यक्तिले आफ्नो बारेमा के सोच्दछ भने कुराबाट हाम्रो उसप्रतिको धारणा निर्माण हुन्न । त्यसैगरी, हामी रूपान्तरणसम्बन्धी त्यस युगको बारेमा स्वयम् त्यस युगको चेतनाको आधारमा नै समाजका उत्पादन-शक्तिहरू र उत्पादन-सम्बन्धहरूको वर्तमान टक्करका आधारमा नै यस किसिमको चेतनाको व्याख्या गरिनुपर्दछ, *(पदार्थ, चेतना र प्रतिबिम्बन, कार्ल मार्क्स-फ्रेड्रिक एङ्गेल्स) ।'*

'त्यो दास जो आफ्नो दासत्वप्रति सचेत बनिसकेको छ, आफ्नो मुक्तिको लागि सङ्घर्षमा समाविष्ट भइसकेको छ । ऊ अर्धस्वतन्त्र भइसकेको छ । ठुल्ठूला कलकारखानामा काम गर्दै प्रशिक्षित बनेको आधुनिक वर्ग-चेतनशील मजदुर, सहरी जीवनद्वारा प्रवुद्ध बनेको मजदुर, धार्मिक पाखण्डलाई घृणापूर्वक अस्वीकार गर्दछ र स्वर्गको चिन्ताको कुरालाई पादरीहरू र पुँजीवादी धर्मान्धहरूलाई छाडेर एउटा सुन्दर जीवनको लागि सङ्घर्षरत रहन्छ । आजको सर्वहारावर्ग यस्तो समाजवादको पक्षधर बन्दछ, जसले धर्मको कुहिरोविरुद्ध विज्ञानको सहारा लिएर यस धर्तीमा सुन्दर जीवनको स्थापनाको सङ्घर्षका लागि वर्तमानका मजदुरहरूलाई एकजुट पार्दै मृत्युपछिको त्यो काल्पनिक विश्वासबाट मुक्त पार्दछ, *(समाजवाद र धर्म, भीआई लेनिन) ।'*

'कुनै खास संस्कृति, कुनै खास समाजको राजनीति र अर्थ-व्यवस्थाको विचारधारात्मक प्रतिबिम्बन हो । चीनमा साम्राज्यवादी संस्कृति छ, जुन राजनीतिक र आर्थिक क्षेत्रमा साम्राज्यवादी शासन वा आंशिक शासनको प्रतिबिम्बन हो । साम्राज्यवादीहरूले चीनमा सोझै सञ्चालित सांस्कृतिक सङ्गठनहरूले मात्र होइन, सबै लाज-सरम पचिसकेका थुप्रै चिनियाँहरूले पनि यस संस्कृतिलाई पोस्ने काम गरेका छन् । दास विचारधारा भएका सबै संस्कृति यसै फाँटमा पर्दछन् । चीनमा यहाँको अर्धसामन्ती राजनीति र अर्थव्यवस्थालाई प्रतिबिम्बित गर्ने, अर्धसामन्ती संस्कृति पनि छ र नौलो संस्कृति तथा नौलो विचारहरूको विरोधमा कम्फुसियसको पूजा, उसका धर्मसूत्रहरूको अध्ययन, पुरानो नैतिक आचार-संहिता र पुराना विचारको पुर्पच्छे गर्ने सबै मानिसहरू यस संस्कृतिका धुपौरेहरू हुन् । साम्राज्यवादी संस्कृति र अर्धसामन्ती संस्कृति नजिकका दाजुभाइ हुन् र तिनले चीनको नौलो संस्कृतिले साम्राज्यवादी सांस्कृतिक एकता कायम गरेका छन् । यसखालको प्रतिक्रियावादी संस्कृतिले साम्राज्यवादीहरू र सामन्ती वर्गको सेवा गर्छ, त्यसैले यसलाई नष्ट गर्नुपर्छ । यसलाई नष्ट नगरी कुनै पनि खालका नौलो संस्कृतिको निमार्ण गर्न सकिँदैन । विनास नभई निर्माण हुँदैन, नथुनी प्रवाह हुँदैन र स्थिरता नभई गति हुँदैन । यी दुवै जीवन-मरणको सङ्घर्षमा अल्झिएका छन् । नौलो संस्कृतिको हकमा, यो नौलो राजनीति र नौलो अर्थ-व्यवस्थाको विचारधारात्मक प्रतिबिम्ब हो र यसले तिनकै सेवा गर्छ, *(नयाँ जनवादको संस्कृति, माओ जे दोङ) ।'*

नौलो काम थाल्नु सधैँ जोखिमयुक्त मात्र हुँदैन, यसले अनुसन्धानको नयाँ-नयाँ शिखर पनि चुम्दछ । यदि हामी राजनीतिक र वैचारिक रूपमा कमजोर आधारमा छौँ भने हामी सदैव खिसीटिउरीको पात्र मात्रै बन्दछौँ । हामी जग र जमिनसहित उभिएका छौँ भने हामी गाली र निन्दाको केन्द्र बन्दछौँ । हामी महान् सम्भावनासहित छौँ भने हामीले षड्यन्त्र र दमनको घेरा पनि झेल्नुपर्दछ । यी हाम्रो समाजको चिन्तनगत प्रणाली हुन् । निष्कर्षतः भन्न सकिन्छ कि हाम्रो समकालीनतामा चिन्ता होइन, चिन्तन नै प्रधान हो । हरेक संस्कृतिकर्मीहरूले आफ्नो चिन्तनगत प्रणालीलाई व्यवस्थित गर्दै लैजानुपर्दछ ।

## २. सांस्कृतिक दिशा

सांस्कृतिक आन्दोलनमा सांस्कृतिक दिशा निकै महत्त्वपूर्ण प्रश्न हो, जुन राजनीतिक दिशासँगै हाँकिएको हुन्छ । माओले भन्नुभएको छ, "विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै थोकको निर्धारण गर्दछ । जब पार्टीको कार्यदिशा सही हुन्छ, त्यो बेला सबै चीज प्राप्त हुन्छन्, यदि अनुयायीहरू छैनन् भने ती पनि प्राप्त हुन सक्छन् । यदि बन्दुकहरू छैनन् भने ती पनि प्राप्त हुन सक्छन्, यदि राजनीतिक सत्ता छैन भने त्यो पनि प्राप्त हुन सक्छ, यदि यसको कार्यदिशा गलत छ भने भएका पनि सबै गुम्दछन् । कार्यदिशा भनेको जालको डोरी हो जब यो तानिन्छ पूरै जाल खुल्दछ ।"

सांस्कृतिक आन्दोलनको दिशा सांस्कृतिक रूपान्तरणसित जोडिएको विषय हो । सांस्कृतिक आन्दोलनको दिशा निर्धारणमा समकालीनताका परिवर्तनकारी विशेषताहरू महत्त्वपूर्ण हुन्छन् । समकालीनता भूमण्डलीकरण, नवउदारवाद र उपभोक्तावादसँग गाँसिएको छ । आजको सांस्कृतिक आन्दोलन भन्नु वैज्ञानिक समाजवादी-साम्यवादी सांस्कृतिक आन्दोलनतर्फ अघि बढ्नु हो । नयाँ संस्कृति निर्माणको अर्थ कम्युनिस्ट आन्दोलनको सांस्कृतिक रूपान्तरण पनि हो । कम्युनिस्ट आन्दोलनको सांस्कृतिक रूपान्तरणबिना समग्र सांस्कृतिक रूपान्तरण असम्भव छ । यति बेला दलाल पुँजीवादी र साम्राज्यवादसँग मुख्य अन्तर्विरोध छ । हामीले मुख्य र सहायक अन्तरविरोधको सही विश्लेषण गरेर सांस्कृतिक सङ्घर्षहरूको स्टेप मिलाउनुपर्दछ । हामीले देख्यौँ कि आधार र अधिरचनामा परिवर्तन आउँदैमा सांस्कृतिक अधिरचनामा उही स्तरमा परिवर्तन नआउने रहेछ । धर्मसँग एकीकृत भएर त्यसैद्वारा निर्देशित हुनु सामन्तवादी संस्कृतिको विशेषता हो । समकालीनतामा दलाल पुँजीवादी संस्कृतिको बर्चश्व पनि दिनानुदिन बढ्दै छ;

जसका पश्चिमीकरण, उपभोक्तावादीकरण, व्यक्तिवादीकरण, वर्णशङ्करीकरण, प्राविधिक देवत्वकरण, एकल नायकीकरण जस्ता अनेक सांस्कृतिक अभिलक्षण छन् ।

सांस्कृतिक दिशाले आन्दोलनात्मक प्रहारको निशानालाई बुझाउँछ । आन्दोलनात्मक दिशाले आन्दोलनको लक्ष्य निर्धारण गर्दछ । समकालीन मार्क्सवादी सांस्कृतिक आन्दोलनको लक्ष्य आन्तरिक रूपमा सामन्तवादी-दलाल पुँजीवादी एवम् बाह्य रूपमा भूमण्डलीकृत साम्राज्यवादी संस्कृतिविरूद्ध सङ्घर्ष गर्दै नयाँ संस्कृतिको निर्माण गर्नु हो । नयाँ संस्कृतिको अर्थ सामन्तवाद, दलाल पुँजीवाद र साम्राज्यवाद विरोधी जनसंस्कृति हो । यस्तो संस्कृति वैज्ञानिक, जीवनमुखी उदात्त मूल्ययुक्त हुन्छ । यसमा स्वतन्त्रता, समानता, न्याय, सामूहिकता, ऊर्ध्वगामितालगायत सबै प्रकारका उत्पीडनविरोधी भाव पाइन्छ । यहीँबाट वैज्ञानिक समाजवादी संस्कृति निर्माणतर्फको यात्रा प्रारम्भ हुन्छ । सांस्कृतिक आन्दोलनलाई परिणाममुखी बनाउन सांस्कृतिक संयुक्त मोर्चाको पनि महत्वपूर्ण भूमिका हुन्छ । कम्युनिस्ट आन्दोलनको सांस्कृतिक गन्तव्य वैज्ञानिक समाजवादी-साम्यवादी संस्कृति हो । आफूसहित अरूलाई फेर्ने एवम् आग्रहभन्दा आचरणलाई जोड दिने सांस्कृतिक आन्दोलनको गूढार्थ मानवलाई भित्रबाटै रूपान्तरित गरेर नयाँ मानवमा बदल्नु हो । सांस्कृतिक दिशा भनेको सांस्कृतिक नीतिहरूको समुच्चय हो । नेपाल कम्युनिस्ट पार्टीले सुरुदेखि नै सांस्कृतिक नीतिहरू अघि सार्दै आएको छ । सांस्कृतिक नीतिअन्तर्गत ' विद्यमान दलाल संस्कृति र सामन्ती संस्कृतिका अवशेषहरूलाई जनवादी संस्कृतिमा बदल्ने र जनसंस्कृतिहरूको संरक्षण गर्नु, तत्काल यसलाई निषेध, नियन्त्रण र नियमन गर्दै नयाँ जनवादी संस्कृतिमा रूपान्तरण गर्नु र जनसंस्कृतिहरूको संरक्षण र विकास यसको विधि अपनाउनु, यसको उद्देश्य नेपालीहरूलाई सुसभ्य र सुसंस्कृत गर्ने नेपाललाई सांस्कृतिक हिसाबले समृद्ध नेपाल बनाउनु' लगायत रहेका छन् ।

'जनतामा थोपरिएको विभेद, उत्पीडन, दमनबाट जनतालाई मुक्त गर्दै मानव समाजलाई सभ्य, समान, उन्नत समाजवादी सभ्यतातर्फ अग्रसर गराउने संस्कृति निर्माण; आफ्नो देशको स्वाधीनता, स्वतन्त्रता, जनताको मुक्तिलाई व्यक्त गर्ने संस्कृतिको संरक्षण र विस्तार; हजारौँ र सयौँ वर्षदेखि जनताले सिर्जना गरेका जनसंस्कृति र आधुनिक युवा पुस्तासम्मले विकास गरेका जनताका संस्कृतिको संरक्षण र संवर्द्धन; जनताका मुक्तिका लागि जीवन समर्पित गर्ने राजनीतिज्ञ, सहिद, बेपत्ता, घाइते योद्धाहरूको त्याग, लगानी, मिहिनेतलाई स्थापित र विस्तार गर्ने संस्कृतिको विकास; सांस्कृतिक मोर्चाहरूमा कार्यरत कलाकार, लेखक, चलचित्रकर्मी, ललितकलाकर्मी, निर्माता आदिलाई संवर्द्धन र प्रोत्साहन; छाडा, अश्लील, पुँजीवादी, सामन्तवादी संस्कृतिको अन्त्य; श्रमप्रति माया र सम्मान गर्ने संस्कृतिको विकास; जनपक्षीय कला, साहित्य तथा संस्कृतिको संरक्षण; विज्ञान, प्रविधि, समाजसेवामार्फत देशको प्रतिष्ठा र समृद्धिमा योगदान गर्ने नागरिक अगुवाहरूको सम्मान गर्ने संस्कृतिलाई प्रोत्साहन; जनताको त्याग, बलिदान र शौर्यबाट विकास भएको नयाँ यथार्थको संस्थागत प्रचार र संवर्द्धन' लगायतका विषय पनि सांस्कृतिक नीति तथा उद्देश्यसित सम्बन्धित रहेका छन् ।

## ३. सांस्कृतिक आन्दोलन

क्रान्तिकारी सांस्कृतिक आन्दोलनको मूलधारको रूपमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ विगत चालीस वर्षदेखि निरन्तर सङ्घर्षको मोर्चा सम्हालिरहेको छ । यो आन्दोलन अनेकन् जटिल सङ्घर्षका बिचबाट यहाँसम्म आइपुगेको कुरामा कुनै शङ्का छैन । यसले स्थापनाकालदेखि नै बाह्य र आन्तरिक दुवै क्षेत्रमा विभिन्न चिन्तन र प्रवृत्तिका विरुद्ध कठोर सङ्घर्ष पनि गर्दै आएको छ । सांस्कृतिक आन्दोलन मूलतः राजतीतिक-वैचारिक, सङ्गठनात्मक, प्रतिरोध-सङ्घर्ष, नीति-नेतृत्व र सिर्जनामा आधारित रहँदै आएका छन् । यसले क्रमशः आफूलाई पूर्वोत्तर एवम् नयाँ कैयौँ सीमालाई सच्याउने प्रयत्न पनि गर्दै आएको छ । वस्तुगत परिस्थितिमा आउने फेरबदलसँगै कुनै पनि सङ्गठनमा नयाँ-नयाँ समस्या सिर्जना हुनु स्वाभाविक कुरा हुन् । यसले राष्ट्रियता, जनतन्त्र, जनजीविका एवम् वैज्ञानिक कलासाहित्य-संस्कृतिको पक्षमा लेखक-साहित्यकारहरूलाई सङ्गठित गर्दै, मार्क्सवादी साहित्यको सिर्जना गर्दै र सो उद्देश्य प्राप्तिका लागि सङ्घर्ष गर्दै आएको छ । सांस्कृतिक आन्दोलनमा रूप र अन्तर्वस्तुका बिचमा अझ बढी जीवन-व्यवहारमा सङ्गतिको ठूलो अभाव देखा पर्दै आएको छ । कलाको रूप र अन्तर्वस्तु तथा कर्ताको जीवन-व्यवहारको सुन्दर संयोजनबाट मात्रै त्यसको सौन्दर्यात्मकबोध हुने कुरामा हामी स्पष्ट नै छौँ ।

सांस्कृतिक आन्दोलनमा राजनीतिकी-वैचारिकी निकै महत्वपूर्ण प्रश्न हुन् । समकालीन नेपाली समाज राजनीतिक रूपमा 'सामाजिक फासिवाद' (दलाल संसदीय), आर्थिक रूपमा 'दलाल पुँजीवाद' (निगमीय पुँजीवाद) तथा सांस्कृतिक रूपमा 'सामान्तवाद' (आन्तरिक) तथा 'भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद' (बाह्य) हस्तक्षेपबाट गुज्रिरहेको छ । हामीले यी तीनवटै पक्षबारे सही दृष्टिकोण बनाउन र सही निशाना लगाउन आवश्यक छ । सही निशानाका सन्दर्भमा माओका 'राजनीतिलाई शीर्षासनमा राख' मननीय रहेको छ । राजनीतिक-वैचारिक र विश्वदृष्टिकोणमा कुनै सम्झौता हुनै सक्तैन । निःसन्देह ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवाद नै सांस्कृतिक आन्दोलनको विश्वदृष्टिकोण हो । विश्वदृष्टिकोण भनेको कुनै पनि लेखक-साहित्यकारले के लेख्ने, किन लेख्ने, केका लागि लेख्ने जस्ता प्रश्नहरूको समष्टि हो । माओले भन्नुभए जस्तै कला-साहित्य जनताका लागि, परिवर्तनका लागि, रूपान्तरणका लागि हुनुपर्दछ भन्नु पनि त्यही दृष्टिकोणको कुरा हो । यो भनेको कला-साहित्यको वर्गीयता र वर्गीय पक्षधरताको कुरा हो । हामीले सांस्कृतिक आन्दोलनमा देखिएका विश्वदृष्टिकोणको समस्या समाधान गरेर अघि बढ्नुपर्दछ ।

सांस्कृतिक आन्दोलनमा सङ्गठन निकै महत्वपूर्ण कुरा हो । विचारिकीलाई भौतिकी शक्तिमा परिणत गर्ने मुख्य साधन सङ्गठन हो । विचारलाई भौतिक शक्तिको रूपमा अभिव्यक्त गर्ने साधन सङ्गठन हो । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ क्रान्तिकारी क्रान्तिकारी संस्कृतिकर्मीहरूको वैचारिक सङ्गठन हो । यसले आजसम्मको यात्रामा अनेक सङ्गठनात्मक संरचनाको प्रयोग गर्दै आएको छ । यो आफ्नो तेस्रो राष्ट्रिय

सम्मेलनदेखि महासङ्घीय संरचनाका साथ आजसम्म यात्रारत छ । यद्यपि नेपालमा जे-जस्तो सङ्गठनात्मक संरचनाको प्रयोग हुँदै आएको छ, अब त्यसलाई पुनर्संरचना गर्ने आवश्यक भएको विषय पनि औँल्याइँदै छ । नेपालमा राजनीतिक पार्टीदेखि विभिन्न सङ्घ-संस्थाहरू करिब-करिब उस्तै संरचनामा बाँधिएका छन् । परम्परित अधिकांश संरचना भर्टिकल रहेका छन् । यो भर्टिकल सङ्गठनात्मक संरचनाले माथिका जति सबै अब्बल हुन्, तलका केही होइनन् जस्तो गरी मनोविज्ञान सम्प्रेषण गर्दै आएको छ । यसलाई भर्टिकल-होराइजेन्टल दुवै बनाउन आवश्यक छ । तल र माथि अनि दायाँ र बायाँको सन्तुलन भएको सङ्गठनात्मक संरचनाले मात्र अबको नयाँ चुनौतीको सामना गर्न सकिन्छ । नयाँ-नयाँ समस्याको समाधान गर्न पुराना सङ्गठनात्मक संरचना कामयावी हुन सक्तैन । त्यसैले नयाँ चुनौतीको सामना गर्न सक्ने नयाँ सङ्गठनात्मक संरचनाको निर्माण गर्नु अबको सांस्कृतिक आन्दोलनको महत्त्वपूर्ण सङ्गठनात्मक कार्यभार हो । हाम्रा सङ्गठनहरू एकसरो मूला जस्तो होइन, बदामको झुप्पा जस्तो सामूहिक हुन आवश्यक छ ।

सांस्कृतिक आन्दोलनका अनेक रूप हुन्छन् र अनेक अवस्थिति पनि हुन्छन् । समकालीन आन्दोलनका सबै आयाम भूमण्डलीकृत छन् । साम्राज्यवादीहरू जसरी भूमण्डलीकृत रूपमा आइरहेको छ, हामीले पनि त्यसै गरी आन्दोलनमा पनि जनपक्षीय भूमण्डलीकृत गर्न आवश्यक छ । दुश्मन आफ्नो किसिमले लड्छ, हामी आफ्नै किसिमले लड्छौँ भन्ने कुरा छँदैछ । कुनै पनि राप-ताप पैदा नगर्ने आन्दोलन वा सिर्जनाको कुनै अर्थ हुँदैन । हामी मृत कला-साहित्य र संस्कृतिको पक्षमा छैनौँ । हामी मार्क्सवादी सिर्जनाको क्षेत्रमा विशाल सङ्ख्यामा साहित्यका विभिन्न विधा तथा साहित्यकारको निर्माण र प्रतिध्रुवीय धाराको तुलनामा गुण तथा सङ्ख्या दुवै दृष्टिले उच्चता हासिल गर्ने अभियानमा छौँ । नेपालको समकालीन मार्क्सवादी साहित्यिक-सांस्कृतिक आन्दोलन 'साहित्यिक-सांस्कृतिक सामन्तवाद' र 'साहित्यिक-सांस्कृतिक साम्राज्यवाद' जस्ता दुई काला पहाडसित जुधिरहेको छ । नेपालमा रातो बर्को ओढेका 'साहित्यिक-सांस्कृतिक साम्राज्यवाद' अत्यन्त विषाक्तरूपमा अभिव्यक्त भइरहेछ । यसलाई निस्तेज पार्नेगरी हामीले सङ्घर्षका नयाँ-नयाँ मोडेलको विकास गर्न आवश्यक छ । सांस्कृतिक आन्दोलन प्रतिरोधको अर्को नाम पनि हो । सांस्कृतिक आन्दोलनलाई वैचारिकी, सिर्जनात्मक र भौतिकी शक्तिका रूपमा नउठाईकन सामन्तवाद, दलाल पुँजीवाद र साम्राज्यवादका विरुद्ध सङ्घर्ष गर्न कठीन हुन्छ । सत्ता र शक्तिको आडमा बहुरूपीय बन्दै आएको क्षेत्रीय फासिवाद, सामाजिक फासिवाद तथा सांस्कृतिक राष्ट्रवादका नाममा उठ्न खोज्दै गरेको सांस्कृतिक फासिवादका विरुद्ध निर्णायक सङ्घर्ष गर्न आवश्यक छ । लेखक-साहित्यकारहरू साहित्यिक-सांस्कृतिक पल्टन पनि हुन् । हामीले मार्क्सवादलाई पक्रेर वैचारिक सेनापतिका रूपमा जनपक्षीय भूमण्डलीकृत सांस्कृतिक आन्दोलनको विकास गर्नुपर्दछ ।

सांस्कृतिक आन्दोलनमा नीति र नेतृत्व निकै महत्त्वपूर्ण सवाल हो । नीति र नेतृत्व परिपूरक एवम् अन्योन्याश्रित विषय हुन् । नीति र नेतृत्वसित सिङ्गो कार्यदिशा र आन्दोलनको भविष्य जोडिएको हुन्छ । सामन्तवाद, दलाल पुँजीवाद, साम्राज्यवाद तथा सबैखाले फासिवादका विरुद्ध सङ्घर्ष गर्नु सांस्कृतिक आन्दोलनको आधारभूत नीति हो । यसैका आधारमा हामी प्रतिक्रियावादी राज्यसत्ताद्वारा जनसमुदाय तथा लेखक-कलाकारमाथि गरिने सबै किसिमका दमनको विरोध र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याउँदै आएका छौँ । अनेकौँ गोष्ठी, विरोध प्रदर्शन, प्रकाशन र वक्तव्यहरू यसका उदाहरण हुन् । नीति र नेतृत्व कस्तो भन्ने विषयले आन्दोलनको क्षेत्र निर्धारण गर्दछ । वैचारिक तथा राजनीतिक प्रसारलाई व्यापक बनाउन नीति र नेतृत्व महत्वपूर्ण हुन्छ । यो एउटा दीर्घकालीन मोर्चा भएकोले यसले नीति र नेतृत्वको गुणवेत्ताको खोजी गर्नु अन्यथा हुँदैन । यो कुरा 'राइट म्यान, राइट प्लेस' सित पनि सम्बन्धित छ । उत्तर-आधुनिकतावाद मूलतः सांस्कृतिक साम्राज्यवादको साहित्यिक सिद्धान्त हो, जसले उपभोक्तावादी संस्कृतिको पक्षपोषण गर्दछ । उत्तर-आधुनकितावाद बहुलवाद, निराशावाद र विघटनवादसित सम्बन्धित छ । उत्तर-आधुनिकतावाद साम्राज्यवादको सङ्कट र समस्याको शास्त्र हो । खासमा कलासाहित्यक, संस्कृति र सौन्दर्यचिन्तन जनसमुदायको वर्गसङ्घर्षका राजनीतिक तथा कलात्मक मानक हुन् । सांस्कृतिक आन्दोलनमा भाषा, साहित्य र सिर्जना महत्त्वपूर्ण पक्ष हुन् । माओले भन्नुभए जस्तै कुनै पनि रुखको पात हेर्दा उस्तै देखिए पनि तिनका पात भिन्नाभिन्नै हुन्छ तर पनि यसले समुच्चयमा राष्ट्रियताको भाव वहन गरिरहेको हुन्छ । माओको प्रस्तुत भनाइको समाजशास्त्रीय व्याख्याद्वारा संस्कृतिकर्मीहरू थप सुस्पष्ट हुन सक्तछन् । आज बजारवादद्वारा सिर्जना र संस्कृति हैरानी-परेसानीमा छ । सांस्कृतिक बजारीकरणका विरुद्ध निर्मम सङ्घर्ष यतिबेला टड्कारो बन्न पुगेको छ ।

हामीलाई थाहा छ, क्रान्तिको सफलताका लागि सुदृढ सांस्कृतिक आन्दोलनको आवश्यकता पर्दछ । आन्दोलनका उपलब्धिको रक्षार्थ निरन्तर सांस्कृतिक रूपान्तरणको पनि आवश्यकता पर्दछ । के कस्ता सांस्कृतिक मूल्य-मान्यतालाई हटाउने, कुन-कुन सांस्कृतिक मूल्यहरूको स्थापना गर्ने र सांस्कृतिक प्रहारको निशाना कहाँ र कसरी केन्द्रित गर्ने भन्ने प्रश्नमा हामी सबै स्पष्ट हुन आवश्यक छ । सामाजिक जीवनमा रहेको हजारौँ वर्षदेखि विकसित सकारात्मक मूल्यको रक्षा र नकारात्मक मूल्यको निषेधीकरण आजको आवश्यकता हो । भारतीय दार्शनिक देवीप्रसाद चट्टोपाध्यायले भनेझैँ संस्कृतिका ' जीवन्त र मरणशील पक्ष' हुन्छन् । हाम्राअगाडि अन्तरजातीय विवाहहरू भत्किनु, कम्युन र आधारक्षेत्र गुम्नु, चुलो छोएको निहुँमा नागरिकहरू मारिनु, गोप्यरूपमा मठमन्दिर धाउनु, रूपमा मार्क्सवादी तर सारमा अध्यात्मवादी हुनु जस्ता अनेकौँ सांस्कृतिक विचलन खडा छन् । सारतः वैज्ञानिक समाजवादी संस्कृति भनेको तत्कालीन मानवले विकास गरेको ज्ञान, विज्ञान, उत्पादन र सामाजिक आन्दोलनको विकासको बौद्धिक सार हो, जुन मानव समाजको हित, प्रगति र स्वामित्व नै सर्वोपरी हुने संस्कृति हो । यसले समुदायको हित, सामुदायिक स्वामित्व र सामुदायिक लाभको स्वतन्त्रतालाई जोड दिन्छ । हामीले नेपालमा मानव गोत्र समुदायको आगमन, समागम र मिश्रणबाट विकसित भएका वैज्ञानिक समाजवादी-साम्यवादी सांस्कृतिक भ्रूणलाई पहिचान गर्नैपर्दछ । तिनै वैज्ञानिक समाजवादी सांस्कृतिक भ्रूणलाई

हामीले आजको सांस्कृतिक आन्दोलनमा जोड्नुपर्दछ । विभिन्न वर्गसङ्घर्षको महान् प्रक्रियाद्वारा निःसृत सांस्कृतिक उपलब्धिलाई समकालीन सांस्कृतिक आन्दोलनसित जोड्न अनिवार्य छ ।

## निष्कर्ष

नेपालको मार्क्सवादी सांस्कृतिक क्षेत्र यति बेला नवऔपनिवेशवादद्वारा रक्तमुछेल बनेको छ । जब विचारधारात्मक चीजहरू सङ्कटमा पर्छन्, तब सामाजिक रूपान्तरणमा पर्याप्त हस्तक्षेप हुनै सक्तैनन् । नेपालमा साधना र चिन्तनको क्षेत्रमा मार्क्सवादी संस्कृतिकर्मीहरूको ठूलो खडेरी पर्दै छ। नेपाली समाज दलाल पुँजीवादी व्यवस्थाका कारण वियोगान्तक-दुःखान्तकहरूको सङ्ग्रहालयमा परिणत हुँदै छ । यसका विरुद्ध लड्नु आजका सच्चा मार्क्सवादी संस्कृतिकर्मीहरूको कार्यभार हो । नेपालको जनसांस्कृतिक आन्दोलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको गिद्धेनजर उहिल्यैदेखि लागेको हो, जसका कारण हामीकहाँ सांस्कृतिक अतिक्रमण पनि उहिल्यैदखिको तीव्रतामा छ । मार्क्सवादी सांस्कृतिक-सौन्दर्यचिन्तन र समाजवादी-यथार्थवादको आलोकमा घेरा फराकिलो र सुदृढ बनाउँदै दलाल पुँजीवाद र नवउपनिवेशवादका विरुद्ध सङ्घर्ष गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो ।

कम्युनिस्ट आन्दोलनको अन्तिम गन्तव्य र सांस्कृतिक रूपान्तरणको अन्तिम बिन्दु उही र एउटै साम्यवादी समाज हो । सञ्चार-साधन साम्राज्यवादको शक्तिशाली हतियारमा परिणत भएको यतिबेला आत्म-सुखवादी चिन्तन-चरित्र कम्युनिस्ट आन्दोलनको सर्वाधिक खतरनाक बन्दै छ । कम्युनिस्ट आन्दोलनभित्रै सामन्तवादी स्वामीसेवकभाव नराम्ररी पन्पिरहेछ । 'कमरेड' र 'कम्युनिस्ट' शब्दको घोर अवमूल्यन हुँदै छ । 'समाजवाद' शब्दको हुर्मत लिइँदैछ । महान् सांस्कृतिक मूल्य, महान् आदर्श र महान् बिम्बलाई विद्रूपीकरण गरिँदै छ । महान् सपनालाई साकार तुल्याउन जनताका तहबाट गरिएका महान् बलिदानीपूर्ण कीर्तिमानको घोर अवमूल्यन गरिँदै छ । सांस्कृतिक आन्दोलनका अगुवाहरूकै आचरण र जीवनशैलीबारे गम्भीर प्रश्न उठेको छ । चारै दिशामा आत्मकेन्द्रित व्यक्तिवाद, उपयोगितावाद र मूल्यहीनताको जगजगी बढिरहेछ । एक समय मानवको महिमागान गाउने 'पुँजीवादी संस्कृति' ले आज मानवको 'नीचता', 'तुच्छता' र ' पशुता' को उधुम-गीत गाइरहेछ । नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको दलाल पुँजीवादी सत्तासितविरुद्ध जनमत-सङ्ग्रहद्वारा वैज्ञानिक समाजवाद स्थापनार्थ घमसान कार्यनीतिक लडाइँ चलिरहेको यति बेला जतिसुकै प्रतिकूल र विषम परिस्थितिमा पनि उत्पीडत तथा श्रमजीवी जनताले आफ्नो सांस्कृतिक मूल्य, आविष्कार र ज्ञान निर्माण गरिरहेका हुन्छन् भन्ने कुरालाई विशेष ध्यान दिन आवश्यक छ । प्रतिक्रियावादी-फासिवादी सत्ताद्वारा जतिसुकै दमन र हस्तक्षेप गरे पनि कहाँ वसन्त ऋतु आउन छोडेको छ र ! कहाँ फूलहरू फुल्न छाडेका छन् र ! कहाँको वनकुञ्जमा कोइलीहरूको कुहूकुहू रोकिएको छ र ! कहिले पो बिहानी रोकिएको छ र ! 'समकालीनतामा सांस्कृतिक चिन्तन, दिशा र आन्दोलन' शीर्षकका मूलभूत विषय यिनै


नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !

"सुशासन सहितको समृद्ध छत्रकोटको आधार स्वास्थ्य, शिक्षा, तथा उत्पादन सहितको रोजगारी र पूर्वाधार"

सम्पूर्ण पालिकावासीमा हाम्रो अनुरोध

- लैंगिक हिंसाको अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह र बसाईसराइ जस्ता घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पुर्ण वालमैत्री गाउँपालिका निर्माणमा हातेमालो गरौँ ।
- बर्षाको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकाले सजगता अपनाऔँ ।
- आफ्नो गाउँ सुन्दर र सफा राखौँ ।

रामप्रसाद पाण्डेय
अध्यक्ष

सावित्रा ज्ञवाली
उपाध्यक्ष

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**औषधि व्यवस्था विभाग**

**आयातित औषधिको अधिकतम खुद्रा मूल्य (MRP) सम्बन्धित देशको अधिकतम खुद्रा मूल्य भन्दा अधिक नराख्ने सम्बन्धि अत्यन्त जरुरि सूचना !**

विभागले जारी गरेको औषधि दर्ता कार्यविधि २०७३ र नेपाल सरकार (मा. मन्त्रिस्तरीय) को मिती २०७३/०३/३० को निर्णयानुसार आयातित औषधिहरु निर्यात गर्ने सम्बन्धित देशको अधिकतम खुद्रा मूल्य (MRP) भन्दा अधिक राख्न नहुने व्यहोरा बिदितै छ । हाल केहि औषधि पैठारीकर्ता र विक्रेताहरुले आयातित औषधिहरु निर्यात गर्ने सम्बन्धित देशको अधिकतम खुद्रा मूल्य (MRP) भन्दा अधिक राखी विक्रि वितरण गर्ने गरेको जनगुनासो प्रति विभागको ध्यानाकर्षण भएको छ । तसर्थ औषधि दर्ता कार्यविधि २०७३ मा भएको व्यवस्था बमोजिम निर्यात गर्ने सम्बन्धित देशको अधिकतम खुद्रा मूल्य (MRP) भन्दा अधिक हुने गरि मूल्य नराखी औषधिको पैठारी तथा विक्रि वितरण गर्न गराउनु हुन सबै औषधि पैठारीकर्ता, औषधि बिक्रेताहरुलाई जानकारी गराईन्छ । यो व्यवस्था बमोजिम औषधि पैठारी तथा विक्रि वितरण गर्ने पैठारीकर्ता तथा औषधि बिक्रेतालाई कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !**

**उद्योग बाणिज्य संघ**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

**नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !**

**पालिकावासीहरुमा हाम्रो अनुरोध**

- लैंगिक हिंसाको अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह र बसाईसराइ जस्ता घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पुर्ण वालमैत्री गाउँपालिका निर्माणमा हातेमालो गरौँ ।
- बर्षाको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकाले सजगता अपनाऔँ ।
- आफ्नो गाउँ सुन्दर र सफा राखौँ ।

"कृषि, पर्यटन र सहकारी : समृद्ध मालारानी"

| | | |
|---|---|---|
| दल बहादुर भट्टराई | दिपा पोख्रेल | चेत नारायण कंडेल |
| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |

**मालारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

# नेपालको सहकारी अभियान र वर्तमान अवस्था

❖ सीताराम कोइराला

*लेनिनलाई सम्झनुपर्दा मैले आज के देख्छु भने, मार्क्सले धेरैअगाडि भनेका थिए कि १९औं शताब्दीभन्दा अगाडिका क्रान्तिहरूलाई आफ्ना अन्तर्वस्तुमा आउनका निम्ति नारा प्रमुख हुन्थ्यो, अबका क्रान्तिलाई नारा होइन अन्तर्वस्तु प्रमुख हुनेछ । मार्क्सको यो भनाइको मर्म बुझ्न र यसअनुरूपको सांगठनिक आधार तयार गर्न हाम्रो आन्दोलनले कहीँ गल्ती गरिरहेको छ कि भन्ने लाग्छ ।*

सहकारी भन्नाले कुनै निश्चित उद्देश्य प्राप्त गर्नका लागि सामूहिक रूपमा मिलेर गरिने सहकार्य हो । यसको जन्म मानव समाजको विकास क्रममा बनेका वर्गको गर्भबाट भएको देखिन्छ । यसका जन्मदाताको रूपमा रोवर्ट ओवेनलाई लिइने गरेको छ । तात्कालीन विश्वको अब्बल औद्योगिक देश बेलायतको मेनचेस्टर सहरको रोजडेलमा सन् १८४४ डिसेम्बर २४ का दिन कारखानामा काम गर्ने मजदुरहरूबाट पहिलो सहकारी अभियानको सुरुआत भएको ऐतिहासिक पृष्ठभूमि छ । विस्तार क्रममा फ्रान्स, जर्मन, डेनमार्क, इराली स्वीडेन आदि देशहरूमा विभिन्न प्रकृतिका जस्तै श्रम, बचत तथा ऋण, किसान, दूध सामाजिक विभिन्न सहकारी संस्थाहरू जन्मिँदै गए । तत्कालीन विश्व राजानीतिक रङ्गमञ्चमा देखा परेको समाजवादी विचार होस् वा पुँजीवादी विचार होस्, दुवैलाई सहकारीले प्रभाव पारेको छ । संसारका विभिन्न मुलुकमा भएका राजनीतिक परिवर्तनपछि विकास समृद्धिको लागि सहकारी आन्दोलन कोशेढुङ्गा बनेको पाइन्छ ।

राज्यले जनजीविकाको सबै क्षेत्रमा ध्यान पुऱ्याउन नसक्दा सहकारीका माध्यमबाट अर्थतन्त्रलाई टेवा, रोजगारको सिर्जना, बेरोजगार न्युनीकरण, सामाजिक एकता र सद्भावमा महत्वपूर्ण भूमिका खेलेको छ । सन् १९८० को दशकपछि विश्व विकासलाई हेर्ने दृष्टिकोणसँगै सहकारी क्षेत्रमा पनि केही बदलाव आएको देखिन्छ । हालसम्म विश्वमा रोजगारीमा १०% योगदान र २८ करोड चानचुनले रोजगारी पाएका छन् भने अर्थतन्त्रको ठूलो हिस्सा यसले ओगटेको छ ।

### नेपालमा सहकारीको जन्म र विकासक्रम

विश्वमा जन्मेका हरेक अभियान, आयाम, सङ्घ-संस्थाको इतिहास हेर्दा हाम्रो मुलुक १०० देखि १५० वर्षसम्म पछाडि छ । विश्वमा सहकारी जन्मेको करिब ११२ वर्षपछि सहकारीको आधिकारिक जन्म नेपालमा भएको देखिन्छ । राणा शासनकालमा नै अनौपचारिक रूपमा गुठी, पैचो, पर्म, धर्मभकारी, ढुकुटी जस्ता एकाइहरू स्थापना गरी एक-आपसमा सहयोग, र सद्भावनामुलक काम गर्दै आएका थिए । नेपालमा राणा शासनको अन्त्य प्रजातन्त्रको आगमनपश्चात् २०१० सालमा योजना तथा विकास मन्त्रालयअन्तर्गत सहकारी विभागको स्थापना गरी सहकारीका क्षेत्रमा सरकारी-तवरबाट प्राथमिकतामा राखेको पाइन्छ । २०१३ सालमा चैत २० गते चितवनमा २००७ सालका प्रजातन्त्र सेनानी बखानसिंह गुरुङको नेतृत्वमा स्थापित बखान सहकारी संस्था नै नेपालको पहिलो सरहकारी संस्था हो ।

२०१५ सालको आम निर्वाचनपछि बनेको प्रजातान्त्रिक सरकारका प्रधानमन्त्री वीपी कोइरालाले २०१६ सालमा इजरायलको भ्रमणपछि एयरपोर्टमा पत्रकारलाई दिएको जवाफले सरकारको कार्यकारी प्रमुखबाट नै सहकारीको बारेमा चासो र उत्सुकता राखेको हुँदा अभियानले मूर्तता पाउने कुरा ढुक्क नै थियो । विडम्बना २०१७ साल पुस १ गतेको राजा महेन्द्रको कदमबाट उक्त कुरा खण्डित भयो । २०१७ देखि २०४६ सम्मको ३० वर्षको अवधिमा नेपालमा नाम मात्रका राज्यद्वारा निर्देशित सहकारी संस्थाहरू भए । २०४६/०४७ को परिवर्तन अगाडि मुलुकभर ८३० वटा मात्र सहकारी संस्थाहरू सञ्चालनमा आएको पाइन्छ । पुनः प्रजातन्त्र स्थापनापश्चात् राधाकृष्ण मैनालीको संयोजकत्वमा गठित सहकारी परामर्श समितिको सुझावअनुसार सहकारी ऐन २०४८ र नियमावली २०४९ पश्चात् सहकारी संस्था स्थापना-गठनमा बाढी नै आयो । मुलुक सङ्घीयता गइसकेपछि पुन सहकारी ऐन २०७४ जारी भइसकेको छ ।

नेपालको राजनीतिक एवम् शासकीय स्वरूपमा ठूलो बदलामा आइसकेको अवस्थामा सहकारीको विकास, प्रवर्द्धन, सुदृढीकरण गरेर लैजानु अपरिहार्य छ ।

मुलुकमा प्रजातन्त्र स्थापनादेखि लोकतन्त्र स्थापनासम्म आइपुग्दा नेपालको आर्थिक विकास रोजगारको सिर्जनामा सहकारीको ठूलो योगदान रहेको छ । सहकारीको महत्व र गरिमालाई अझै प्राथमिकताका साथ अगाडि बढाउन जरुरी छ । किनकि नेपालमा राजनीतिक परिवर्तनले ठूलो फड्को मारे पनि विकास र आर्थिक समृद्धिले आशातीत फड्को मार्न सकेको छैन । यो संक्रमणको अवस्थामा अर्थतन्त्रलाई भरथेग गर्न रोजगारको प्रत्याभूति, बेरोजगारलाई न्युनीकरण गर्न सहकारी संस्थाको महत्वपूर्ण भूमिका हुन्छ । जब देश विकसित बन्छ, अर्थतन्त्र बलियो हुन्छ, सहकारीको भूमिका विस्तारै ओझेल पर्दै जाँदा रहेछन् । दुनियाँका विकसित मुलुकहरूलाई हेर्दा त्यस्तै भान हुन्छ । हाल नेपालमा ३३ देखि ३४ हजारसम्म सहकारी संस्थाहरू छन्, जसमा ५२ लाखभन्दा बढी सेयर सदस्य आबद्ध छन् । यति ठूलो हिस्सा भएको, राज्यले अर्थतन्त्रको एउटा खम्बा भनी घोषणा गरेको नेपालको सहकारी अभियान पछिल्लो अवस्थामा आइपुग्दा डरलाग्दो क्षयीकरणतर्फ उन्मुख हुँदै गइरहेको आभास हुन थालेको छ । समयमा नै सबै सरोकारवाला निकायको ध्यान जान जरुरी छ । यसका मुख्य-मुख्य कारणहरू यस प्रकार छन् :

## सैद्धान्तिक एवम् साङ्गठनिक समस्या

- २६ जना सदस्य मिलेपछि सहकारी गठनु हुन्छ भन्ने सरल मान्यताको आधारमा वास्तविक आवश्यकता, क्षमता, पहिचान नगरी गठन हुनु एवम् स्वीकृति पाउनु ।
- एउटा टोला एरिया क्षेत्रमा स्थापनापछि, त्यसमा नपरेका बाँकी सदस्यबाट देखासिकी गरेर अर्को गठन गर्ने काम भयो । मौजुद संस्थामा आबद्ध हुने त्यसैबाट सेवा लिने दिने काम भएन, ह्वारह्वार्ती संस्था खोल्ने काम भयो ।
- सहकारी संस्थाका मालिक सेयर सदस्यहरूलाई संस्था आफ्नो हो भन्ने अपनत्वको भावना नहुनु साधारण सभा, अधिवेशनहरू जहाँ नीति कार्यक्रम, बजेट, नेतृत्वको छनौट हुन्छ, त्यहाँ सक्रिय सहभागिता नहुनु ।
- सेयर सदस्यलाई उपस्थित गराउने नाममा बाटो खर्च-खाजा खर्च खेताला खर्च आदि नाममा रकम दिने प्रचलनले पैसा लिने र जाने काम हुनु ।
- ऐन, कानुन, विधानमा उल्लिखित वैधानिक दायित्वलाई भुलेर गणपूरक संख्या नपुगी सभा गर्नु, पछि अफिसमा बोलाएर वा घर-घरमा गएर दस्तखत गराउनु ।
- सिद्धान्त एवम् आस्थाको आधारमा सहकारी विभाजित हुनु, शिक्षक, कर्मचारी, मजदुर समुदायस्तरमा स्थापितहरूको त्यस्तै छनक आउनु ।
- सञ्चालकहरूमा योग्यता, क्षमता, आवश्यकता, अनुभव रुचिबाट भन्दा पनि समूह, गुटगत भागवण्डा हुनु । नयाँ पुरानोको अन्तरघुलनभन्दा पनि स्थायित्व जोड दिनु ।
- समय, परिस्थितिअनुसार कर्मचारीमा रूपान्तरण, स्थानान्तरण, स्तरोन्नतिमा ध्यान नपुग्नु ।
- सञ्चालक र कर्मचारीका बिचको मनमुटाव, सौहार्दता नहुनु, दूरी बढ्नु ।
- राज्यले सहकारीलाई अर्थतन्त्रको १ खम्बा भनी स्वीकार गरे पनि उचित ध्यान र सहयोग गर्न नसक्नु ।
- सहकारी/सदस्यद्वारा उत्पादीत वस्तुको राज्यद्वारा मूल्य एवम् व्यवस्थापन गर्न नसक्नु, बिचौलिया हावी हुनु ।

## आर्थिक एवम् पारदर्शिताको समस्या

- सहकारी क्षयीकरणमा सैद्धान्तिक एवम् नीतिगत समस्याभन्दा पनि आर्थिक तथा पारदर्शिताको समस्या जटिल रूपमा देखा परेको छ । यसका मुख्य-मुख्य समस्या यस प्रकार छन् :
- लघुवित्त (साना किसान) का क्षेत्रमा २०३२ सालदेखि क्रमशः कृषि विकास बैंकअन्तर्गत साना किसान विकास आयोजनापछि साना किसान कृषि सहकारी संस्थाले बचत तथा ऋणको कारोबार गरिआएकोमा, बचत तथा ऋण सहकारी संस्था स्थापनापश्चात् लगानीमा यी संस्थाहरूबिच समन्वय हुन सकेन । दुवैतिर कारोबार यता नपाए उता यता भाका नाघेमा उता ।
- यी दुईका बिच समन्वय अभाव त मौजुद थियो । सहरदेखि गाउँसम्म स्थापित लघुवित्त तथा प्राइभेट बैंकहरूको आश्रयस्थल पनि तिनै सदस्यहरू बने ! एउटै पहिरन, साप्ताहिक मिटिङ त भयो तर कारोबार, आर्थिक अवस्था भविष्यमा कहाँ पुग्छ भन्ने आँकलन नै गर्न सकेनन् ।
- पुराना स्थापित बैंकहरू (कृषि, रा.वा, नेपाल बैंक, आदिसँग वित्तीय कारोबारको हिसाबले जुन समन्वय हुनुपर्ने थियो, त्यो हुन सकेन ।
- कर्जा लगानीमा नीतिगत व्यवस्था निर्दिष्ट मापदण्डको पालनाभन्दा पनि चिनजान र भनसुनले प्रश्रय पाउनु ।
- ऐन नियम र उद्देश्यको ख्यालै नगरी ढुकुटी, साझा पसल, सप्लायर्स, ढुवानी साधन, गाडी खरिद जस्ता काम गर्नु र त्यसको समुचित व्यवस्थापन गर्न नसक्नु ।
- आम्दानी खर्च, नाफा नोक्सानको विश्लेषण नै नगरी सेयर र निक्षेपको रकमबाट जग्गा खरिद घर निर्माण जस्ता काम गर्नु ।
- लक्षित वर्गका लागि राज्यबाट प्रदान गरिएका सहुलियतपूर्ण कर्जाहरू (ग्रामीण स्वावलम्बन कोष, युवा स्वरोजगार कोष) वास्तविक लक्षित वर्गमा नपुगी दुरूपयोग हुनु ।
- न्युन आय, कारोबार भएका सहकारी संस्थालाई तालिम, गोष्ठी सेमिनारको नाममा दैनिक ८/१० हजार शुल्क लिएर ठुल्ठूला तारे होटलमा कार्यक्रम गर्नु ।
- एकार्कामा सिक्ने, सिकाउने, अनुभव सारासाट गर्ने, राम्रा कामको अनुशरण केन्द्रित अवलोकन भ्रमण हुनुपर्नेमा

भ्रमणका लागि भ्रमणबिना उपलब्धिमा खर्च हुनु ।

- सेयर सदस्यलाई सेवा प्रवाह र संस्थाको स्व-सक्षमतालाई समानान्तर रूपमा लैजानुपर्नेमा त्यतातिर ध्यान नदिएर व्यवसायतर्फ उन्मुख हुँदै जानु ।
- ठुल्ठूला सहर (काठमाडौं, पोखरा जस्ता) मा बस्ने आकर्षक ब्याजदर देखाई निक्षेप सङ्कलन गर्ने, संचालक र तिनका नजिकबाट नगद अपचलन गर्ने, घर, जग्गा व्यापार गर्ने काम हुनु ।
- विभिन्न ठूला बैंकहरूबाट निवृत्त उच्च ओहोदाका कर्मचारीहरूबाट सहकारी खोल्ने मोटो निक्षेप जम्मा गरी ब्याजदर र न्यून आय भएका सेयर सदस्यलाई प्रभावमा लिने ।
- सहकारी संस्थाको तुलनामा नियमनकारी निकायमा जनशक्ति कम हुनु, अनुगमन, नियमन, नियन्त्रण समयमा गर्न नसक्नु विभिन्न तहबाट प्रभावित हुनु ।

## समस्या समाधानका उपायहरू

- नेपालमा क्रियाशील सहकारी संस्थाहरू मूलतः ३ किसिमले गुज्रिरहेका छन्, पहिलो सङ्कटग्रस्त, दोश्रो सङ्कट उन्मुख, तेश्रो सामान्य । पहिलोलाई कारबाही दोश्रोलाई सचेतीकरण तेश्रोलाई सहजीकरण । राज्यका सबै सरोकारवाला निकायको ध्यान जान जरुरी छ, ढिला गर्नुहुँदैन, जति ढिला भयो उति समस्या जटिल बन्दै जानेछ ।
- सहकारी संस्थाका मुख्य मालिक नै सेयर सदस्य भएकाले शिक्षा तालिम, सचेतीकरण गराई मालिकहरूद्वारा नै स्व-नियन्त्रण गराउनु उत्तम हुन्छ ।
- सहकारी संस्था सबैको साझा फूलबारी हो भन्ने भावनाको विकास गराई सहकारीभित्र आस्थागत गुटबन्दीको भावनालाई निरुत्साहित गराउनुपर्दछ ।
- एउटै उद्देश्य, एउटै लक्ष्य भएका टोलै पिच्छे देखिने, सहरहरूमा एउटा भवनमा पाँचवटासम्म झुन्डिने बोर्डहरूलाई एकीकरणतर्फ लैजाने नीति हुनुका साथै, कार्यान्वयन हुनुपर्दछ ।
- सहकारीमा सेयर सदस्य खुला भए तापनि बोर्ड लागि निश्चित मापदण्ड बनाई कडाइका साथ पालना गरि नुपर्दछ ।
- हरेक संस्थाले कारोबार गर्दा सम्पत्ति र दायित्वको सन्तुलनमा बढी ध्यान दिनुपर्दछ ।
- हरेक तालिम, गोष्ठी, सेमिनार, भ्रमण, उद्देश्यमूलक सिक्ने र सिकाउने आधारमा मितव्ययी ढङ्गले हुनुपर्दछ । बजेट मात्र सक्ने कामलाई निरुत्साहित गर्नुपर्दछ ।
- संस्थाले जग्गा, घर किन्दा मौज्दात देखिएको सेयर बचतको रकमबाट नभई कमाएको नाफाबाट मात्र किन्नुपर्दछ ।
- राज्यका विभिन्न निकायबाट प्राप्त अनुदान र सहुलियत कर्जा लक्षित वर्गमा प्रवाह गर्नुपर्दछ, पद र पहुँचको आधारमा बाँड्ने काम बन्द गरिनुपर्दछ ।
- कर्जा लगानीमा कत्ति पनि मोलाहिजा गरिनुहुँदैन; आवश्यकता, क्षमता, चरित्र, रुची र सुरक्षाको आधारमा गरिनुपर्दछ ।
- राजनीतिक व्यक्तित्व, तथा निर्वाचित जनप्रतिनिधिहरूको सहकारीमा स्थान र हैसियत ऐन, नियम र विधानमा स्पष्ट हुनुपर्दछ । सोहीबमोजिम कार्यान्वयन हुनुपर्दछ ।
- सहकारी सस्तो लोकप्रियताबाट नभई बलियो सामाजिक आधार भएको समुदाय केन्द्रित व्यवस्था/व्यवसाय हो भन्ने कुराको प्रत्याभूति समाजलाई दिन सक्नुपर्दछ ।
- सेयर सदस्य नै सहकारी संस्थाका मालिक र ग्राहक दुवै हुन् भन्ने कुराको सुनिश्चितता गराउन सक्नुपर्दछ ।

अन्त्यमा, ६७ बर्से नेपालको सहकारी आन्दोलनले आर्थिक, सामाजिक, रोजगार, उत्पादन, एवम् बजारको क्षेत्रमा राम्रै भूमिका खेलेको छ । यो उपलब्धिको रक्षा गर्दै सहकारीलाई थप सदस्यमुखी, संस्था स्वयंको आत्मनिर्भरताप्रति सजग रहँदै सुदृढ र प्रभावकारी बनाउनु जरुरी छ । हाल सहकारी क्षेत्रमा देखा परेका नकारात्मक कृयाकलापबाट सिर्जित सन्देशहरूलाई न्युनीकरण गर्दै निवारण गर्न सरोकार पक्ष सबैको ध्यान बेलैमा पुग्न जरुरी छ ।

*(लेखक राष्ट्रिय सहकारी विकास बोर्डका पूर्व सदस्य एवम् सहकारी अभियन्ता हुनुहुन्छ ।)*


**नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !**

**गुल्मी उद्योग संघ**

गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

# नववर्ष २०८१ को उपलक्ष्यमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना !

शिवालय समृद्धीका लागि हामी सबैका साझा संकल्प,
आर्थिक, सामाजिक र पूर्वाधार विकास उपयुक्त विकल्प

## सम्पूर्ण पालिकावासीमा हाम्रो अनुरोध

- लैंगिक हिंसाको अन्त्य गरौँ ।
- नक्सा पास गरेर मात्र घर निर्माण गरौँ ।
- जन्म, मृत्यु, विवाह र बसाईसराइ जस्ता घटना समयमानै दर्ता गरौँ ।
- बालबालिकालाई उचित माया ममता र सम्मान गरौँ र बालश्रमको अन्त्य गरौँ ।
- पुर्ण वालमैत्री गाउँपालिका निर्माणमा हातेमालो गरौँ ।
- बर्षाको समयमा बाढी/पहिरोको जोखिम उच्च हुने भएकाले सजगता अपनाऔँ ।
- आफ्नो गाउँ सुन्दर र सफा राखौँ ।



शेर बहादुर शाही
अध्यक्ष



गिता शाही
उपाध्यक्ष

## शिवालय गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

जाजरकोट, कर्णाली प्रदेश, नेपाल

# यातनाको ऐतिहासिक सन्दर्भ र नेपालमा यसको अवस्था

*औपनिवेशिक प्रहरी जस्तै नेपाल प्रहरीले खाकी पहिरन लगाएको अपराधको घटना घटनासाथ शक्तिको प्रयोग गरी शङ्कितहरूलाई पक्राउ गर्ने र साविती गराउने पद्धतिलाई भारतमा जसरी नै नेपालमा पनि प्रयोग गर्‍यो । यसरी सावितीका अनेकौँ पद्धति र प्रक्रिया जो नेपालमा युरोपमा लामो समयदेखि प्रयोगमा भारत हुँदै नेपालमा प्रवेश गरे । मानिसलाई यातना दिने संस्कृति र नेपाली संस्कार होइन ।*



❖ प्रा.डा. युवराज संग्रौला

## १. यातनाको पृष्ठभूमि : युरोपियन यथार्थता

फौजदारी न्याय प्रणालीमा 'साविती' गराई अपराध पुष्टि गर्ने एउटा भरपर्दो उपायको रूपमा 'यातना' का अनेक पद्धतिहरूको अवलम्बन गर्ने प्रचलन युरोपको इतिहासमा अधिक मात्रामा पाइन्छ । युरोपमा यातनालाई आम-सामान्य ढङ्गबाट प्रयोग गरिनुका पछाडि अनेकौँ कारण छन्, त्यसमध्ये एउटा अन्तर्निहित कारण त्यहाँको प्राचीन तथा मध्यकालीन राजनीतिक विचारधारा वा मान्यतासँग जोडिएको छ । युरोपियन न्यायिक परम्पराको आधारभूत स्रोत मानिएको रोमन कानुन प्रणाली एवम् न्यायिक पद्धति त्यहाँको 'श्रेणीबद्ध सामाजिक' व्यवस्थाबाट प्रभावित थियो भन्ने कुरा सबैलाई जानकारी भएकै कुरा हो । श्रमिक वर्गका रूपमा क्रियाशील दासहरूलाई रोममा मानिसको पहिचान नै दिइएको थिएन, उनीहरू गाईवस्तु जस्तै मालिकका सम्पत्तिमा परिभाषित थिए । अतः उनीहरूले न्यायिक समानताको दाबी गर्ने हैसियत राख्दैनथे । त्यसको तात्पर्य हुन्थ्यो, उनीहरूमाथि जस्तो स्सुकै यातना पनि दिन सकिन्थ्यो र उनीहरूलाई यातना दिने कुरा कानुनद्वारा नै वैध मानिन्थ्यो । यसलाई कसरी पनि भन्न सकिन्छ भने दासहरूलाई यातना दिई साबित गराउन पाउने न्यायिक अधिकारीहरूको हक कानुनद्वारा नै सुरक्षित गरिएको थियो ।

रोमन कानुन प्रणालीमा स्वतन्त्र नागरिकलाई यातना दिने हक भने न्यायिक अधिकारीहरूमा थिएन । तर साविती दिनु अभियुक्तको दायित्व हो भन्ने मानिन्थ्यो । दासहरू मालिकका अधीनमा हुन्छन्, त्यसैले मालिक प्रति बफादार हुनुपर्ने कर्तव्यले गर्दा उनीहरू बोल्दैनन् वा बोले पनि झुट्टो बोल्छन् भन्ने अवधारणाले गर्दा उनीहरूबाट सत्य/यथार्थ प्राप्त गर्न यातना दिनुपर्छ भन्ने मान्यता थियो । र, नागरिकका अगाडि भने साबित भई न्यायलाई सहयोग गर्ने वा यातना भोग्ने दुईवटा विकल्प थिए । नागरिकका हकमा कानुनतः यातनालाई मान्यता नभएपछि व्यवहारमा यातनालाई व्यापक रूपमा प्रयोग गरिन्थ्यो । सातौँ शताब्दीमा घोषित 'जस्टिनियन कानुनी संहितामा' यातनासम्बन्धी छुट्टै महलको व्यवस्था गरिएको थियो । यस महलमा 'सत्य र यथार्थ उत्खनन् गर्न यातनाको प्रयोग गर्न सकिने स्पष्ट व्यवस्था थियो' । यसबाट के स्थापित हुन्छ भने 'साविती अपराध पुष्टि गर्ने एउटा महत्त्वपूर्ण उपायका रूपमा प्रयोग हुन्थ्यो' । यसरी सावितीलाई अपराध पुष्टि गर्ने प्रमाणको रूपमा ग्रहण गरिएको हुँदा, साविती गराउन यातनाको प्रयोग हुन्थ्यो भन्ने कुरा पनि स्वतः अनुमान गर्न सकिन्छ ।

१२ औँ शताब्दी यातनाको दृष्टिकोणबाट युरोपमा कुख्यात समय मानिन्छ । क्याथोलिक क्रिस्चियनहरूले यस शताब्दी र त्यसपछि अरू धार्मिक सम्प्रदायमाथि अत्याचारको अमानवीय अभियान चलाए । खासगरी क्याथर्स र इजेन्सियन्स नामका क्रिस्चियनहरूको उन्मूलन गर्ने अभिप्रायःले उनीहरूमाथि आतङ्कवादी अभियान सुरु भयो जसलाई 'रोमन इन्किविजिसन' (रोमन अनुसन्धान) भन्ने गरिछ । यस आतङ्कवादी अभियानमा क्याथोलिक पादरीहरूले राज्यबाट असीमित विशेषाधिकार प्राप्त गरेका थिए, जसअनुसार कुनै व्यक्ति क्याथोलिक धर्मविरोधी हो भनी शङ्का मात्र भएमा पनि त्यस्तो व्यक्तिलाई पक्राउ गरी साविती गराउने प्रयास गरिन्थ्यो र त्यस प्रयोजनका लागि जुनसुकै किसिमको यातना दिन सकिन्थ्यो । यस अभियानपछाडि तेह्रौँ शताब्दीमा 'स्पेनिस इन्कविजिसन' को अभियान सुरु भयो । यस अभियानमा यहुदी र स्लामिक धर्मावलम्बीहरूलाई तारो बनाइएको थियो । यी दुवै अभियानमा लाखौँ मानिसहरू यातनाद्वारा मारिए वा पीडित बनाइए । यिनै यातनाका कारणले १२/१३ शताब्दीलाई युरोपको निरङ्कुश तथा कालो युग पनि भनिन्छ । यी दुवै अभियानका पछाडिको असली नियत त राजनीति नै थियो । यसरी यातनालाई युरोपमा निरङ्कुश व्यवस्थालाई कायम राख्ने वा निरन्तरता कायम गर्ने भरपर्दो उपायको रूपमा प्रयोग गरियो । हिंसाद्वारा मानिसहरूलाई अधीनमा राख्ने र निरङ्कुश शासन प्रणालीद्वारा असीमित शासन गर्ने अभीष्ट पूरा गर्ने उपायको रूपमा यातनाले युरोपमा महत्त्वपूर्ण भूमिका खेल्यो ।

## २. युरोपियन राजनीतिक निरङ्कुशता र यातना

फ्रान्सका महाराज लुई द चौधौँले (सन् १६३८-१७१५) "म आफैँ राज्य हुँ" भनी घोषणा

गरेका थिए । उनी ठान्थे, उनी भगवान्‌बाटै शक्ति प्राप्त राजन हुन्, त्यसैले उनको जनताप्रति कुनै उत्तरदायित्व छैन । 'उनलाई कुनै कानुनद्वारा कुनै कार्य गर्न निषेध गर्ने अख्तियार छैन' भनी उनी दाबी गर्थे । अर्थात् उनका हरेक निर्णय र आदेश जनताले बिना-प्रश्न पालना गर्नुपर्थ्यो । बृटिस महाराजाहरू, स्पेनिस महाराजहरू तथा अन्य सबै युरोपियन शासकहरू निरङ्कुश र असीमित शक्तिका पक्षपाती थिए । उनीहरू आफूलाई सार्वभौम ठान्दथे । उनीहरू कानुनका अधीनमा थिएनन् । यसै पृष्ठभूमिमा राज्यका असीमित अधिकारको घोषणा गर्दै थोमस हब्स र मेकियाभेलीले निरङ्कुशताको वा असीमित शक्तिको पक्षपोषण गर्ने राजनीतिक दर्शनहरू सूत्रपात गरे । यसबाट के निष्कर्ष वा तात्पर्य निःसृत हुन्छ भने, न्यायिक पद्धतिहरू राजाका असीमित अधिकारहरूको रक्षा गर्ने उपाय मात्रै थिए र ती न्यायिक व्यवस्थाका जग 'यातना' को असीमित अधिकारमा खडा भएको थिए । अर्थात् 'यातना' निरङ्कुश राज्यव्यवस्थाको असीमित शक्ति प्रयोग गर्ने भरपर्दो एउटा उपाय थियो । यस मान्यताबाट युरोपमा केही महत्त्वपूर्ण सिद्धान्तहरू प्रतिपादन भए, जस्तै :

१. अभियुक्त राज्यको 'अपराधी' हो । अपराध राज्य विरोधी कार्य हो । अतः अभियुक्तलाई यातना वा पीडा वा प्रताडनाद्वारा सावित गराई अपराधी घोषणा गर्ने अख्तियार राज्यलाई प्राप्त छ ।

२. सावित भई न्यायिक पद्धतिलाई सहयोग गर्ने कर्तव्य अभियुक्तमा निहित रहेको हुन्छ । यदि सावित भई सहयोग गरेन भने, उसले यातना भोग्नुपर्छ । अतः यातनाको पीडित हुनुपर्ने अवस्था पीडितकै कारणले हो । राजा र उसका कर्मचारी दोषी हुँदैनन् । अर्थात् उसले साविती भइदिए पीडा भोग्नुपर्दैन ।

३. अपराध गर्ने व्यक्तिले अपराध गरी कानुनको उल्लङ्घन गरेको हुँदा, कानुनले उसलाई कुनै दयामाया गर्दैन । यातना त्यसकारण एउटा स्वभाविकै कुरा हो ।

४. यातनाको भयले मानिस अपराध गर्न डराउँछन् । त्यसैले यातना दिन कन्जुस्याइँ गर्नुहुँदैन ।

यस्ता अनेकौँ सिद्धान्तहरूले युरोपियन न्यायप्रणालीलाई 'यातनाको पर्याय' बनायो । बौद्धिक तथा दार्शनिकहरू यातनाका विरुद्धमा कुनै आवाज उठान सक्तैनथे । उनीहरूका आवाज नसुनिने मात्रै होइन, यातना विरोधी आवाजहरू सजायका कारण बन्दथे । उदाहरणका लागि इटली मिलानका पियत्रो भेरीले सन् १७६४ मा यातनाका विरुद्धमा एउटा ग्रन्थ लेखेका थिए । यस ग्रन्थमा उनले युरोपमा यातना कति निर्दयी र भयावहपूर्ण तवरले प्रयोग भएको छ भन्ने कुराको विस्तृत विवरण तयार पारेका थिए । तर यिनले आफ्नो त्यो ग्रन्थ प्रकाशन गर्ने आँट गरेनन् । उनका बाबु मिलानका कुलीन र सिनेटर थिए, जो यातनाका प्रयोग हुनुपर्छ भन्ने मान्यताका समर्थक थिए । पियत्रो भेरी आफ्ना बाबुको इज्जत जाला र बाबुको कठोर व्यवहारका डरले चुपचाप किताब थन्काएर बसे ।

केही समयपछि पियत्रो भेरीले आफ्ना दाजु अलेसान्द्रो, जो कारागार प्रशासक थिए, को सहयोगमा 'सोसाइटी अफ फिस्ट' नामको संस्थामा सम्पर्क गरे । यो संस्था सुधारवादी संस्था मानिन्थ्यो । पछि बेकारियाले यस पुस्तकको हवाला दिँदै 'क्राइम एन्ड पनिस्मेन्ट' भन्ने पुस्तकमा यातनाको बारेमा चर्चा गरे । पियत्री भेरीका यी विवरणहरूले के स्पष्ट देखाउँछ भने युरोपमा साविती प्राप्त गर्ने मुख्य माध्यायम यातना नै थियो । यसलाई व्यापक राजनीतिक मान्यता प्राप्त थियो र यो व्यापक र निर्दयतापूर्वक प्रयोग हुन्थ्यो । रोमनहरू जस्तै ग्रिकहरू पनि यातना प्रयोग गर्थे र दासहरूलाई यातना दिने कार्य पूर्णरूपमा वैधानिक कार्य मान्दथे । अठारौँ शताब्दीदेखि यातना झन् बढी प्रयोग हुन थाल्यो । कारण अठारौँ शताब्दी पनि निरङ्कुश युग थियो । यसबाट पनि के निष्कर्ष निकाल्न सकिन्छ भने 'यातना युरोपियन निरङ्कुशताको सन्तान हो ।' यो एसियाइ तथा अन्य भौगोलिक स्थानको उपज होइन । आफूलाई सभ्य र अरूलाई असभ्य ठान्ने युरोपियनहरूले यातनालाई न्यायिक व्यवस्थाको अङ्ग बनाएका थिए ।

### ३. कसरी यातना दिइन्थ्यो ? इतिहासका केही झलक

एसिया र युरोप दुवै महादेशमा यातनाका विभिन्न रूपहरू प्रयोगमा थिए । प्राचीन चीनमा यातनालाई कानुनी मान्यता दिइएको थियो भनी जर्ज रैले स्कटले बताएका छन् । यिनले उल्लेख गरेअनुसार अपराधमा साविती गराउन र अपराध गरेबापत बदला लिने दुवै उद्देश्यद्वारा यातनाका माध्यामहरू प्रयोग गरिन्थे । क्रिस्चियन पादरी अल्भारेज सिमेडोले उल्लेख गरेअनुसार खुट्टाको गोलीगाँठा र औँलाहरूमा च्याप्ने विधि मुख्य रूपमा प्रयोग गरिन्थ्यो । चेपुवा लगाउने यो प्रक्रिया मूलतः साविती बयान दिन इन्जार गर्दा प्रयोग गरिन्थ्यो । वास्तवमा भन्ने हो भने चेपुवा लगाउने यो प्रचलन एसियामा जताततै पाइन्छ । नेपालमा यसलाई 'ठिगुंरा' भनिन्थ्यो । तर यो विधि असाधारण अवस्थामा मात्र प्रयोग गरिन्थ्यो । जोसुकैलाई जहिले सुकै प्रयोग हुने विधि यो थिएन । जापानमा मध्ययुगमा व्यक्तिलाई साविती गर्न यातना दिने प्रचलन थियो । युरोपमा जस्तै मध्ययुगीन जापनमा व्यक्तिलाई साविती नगराई सजाय नगर्ने प्रचलन थियो । यदि परि स्थितिजन्य प्रमाणहरूले अपराध गरेको शङ्का निर्माण गरे भने, सावितीलाई अनिवार्य भएको ठानिन्थ्यो र यदि अभियुक्तले सावित हुन इन्कार गऱ्यो भने यातना दिनु अनिवार्य हुन्थ्यो ।

युरोपमा जस्तै जापानमा 'सत्य बोलाउन यातना दिनु वैधानिक हो' भन्ने मान्यता व्यापक थियो । अभियुक्तलाई मात्रै होइन, सत्य बोलाउन साक्षीलाई पनि यातना दिइन्थ्यो । सन् १६५२ देखि उन्नाइसौँ शताब्दीको मध्यसम्म ' तोकुगावा' नामको निरङ्कुश शासन व्यवस्था थियो । यस शासनकालमा यातनाको कठोरता अकल्पनीय धेरै थियो । बाँसका ससाना खोपेका भाडाहरूले हिर्काइन्थ्यो जसको काट्ने धार बनाइएको हुन्थ्यो । यस्ता भाँटाहरूको बिटो बनाई हिर्काइन्थ्यो । त्यसैगरी औँलाहरू चेप्ने, खुट्टा र कम्मरमुनिको भागलाई ठूलठूला ढुङ्गाले थिच्ने जस्ता यातनाका विधिहरू पनि कहिलेकाहीँ प्रयोग गरिन्थे । लङ्फोर्डले बताएअनुसार यस्ता यातनाहरू त्यसबेला कोरिया र फर्मोसा (अहिलेको ताइवान) मा पनि प्रयोग थिए । प्रचीन भारतमा पनि यातनाको प्रयोग हुन्थ्यो । खासगरी भारतमा मुगलहरूको आधिपत्य कायम भएपछि यातनाको कठोरता झन्-झन् बढ्यो । शरीरका अङ्गहरू अङ्ग-भङ्ग गर्ने विधि प्रयोग गरिन्थे भनिन्छ । खासगरी बृटिस उपनिवेशवादी शासकहरू यस्ता विधिहरू प्रयोग गर्थे भन्ने अभिलेखहरू पाइन्छन् । खासगरी अनैतिक/धर्मविरोधी अपराधहरू (क्लासफेमी) मा मानिसको जिब्रो काटिदिने खालका विधिहरू अवलम्बन गरिन्थे भनी जर्ज रैले स्कटले लेखेका छन् । यद्यपि रैथाने भाषमा लेखिएका ग्रन्थहरूमा यस्ता विवरणहरू पाइँदैनन् । यद्यपि भारतको मालावार समुद्रीतटका बासिन्दहरूमा धर्म विरोधी

/नैतिकता विरोधी अपराधमा संलग्न भएका महिलाहरूको स्तन काटिदिने विधिहरू प्रयोगमा थिए भनी केही उल्लेखनहरू पाइन्छ । जेम्स फोरबेसले आफ्नो संमरणमा उल्लेख गरेअनुसार पानी, बिष, आगो जस्ता दिव्य परीक्षाहरू प्रयोग गरिन्थे, जो आफैँमा यातनाका विधिहरू हुन्थे । उम्लिरहेको तेलमा हात डुबाउने प्रचलन पनि थियो । बेलायतमा यो विधि व्यापक थियो भन्ने अभिलेखहरू पनि छन् । सायद यो विधि बेलायतीहरूले भारतमा ल्याएको हुन सक्तछ किनकि बेलायती उपनिवेशी शासनमा 'यातनाको घनीभूत' प्रयोग हुने गरेको पाइएको छ । 'वस्टीन्डो' विधि, जस्तै डन्डी लगाई पाता कस्ने, भोकै राख्ने विधिहरू पनि थिए, जो बेलायतमा ज्यादा प्रयोग हुन्थे । सन् १८५४ मा बेलायतको संसदमा 'इस्ट इन्डिया कम्पनी' ले प्रयोग गरेको यातना प्रणालीको व्यापक बहस भएको थियो र एउटा आयोग नै गठन भएको कुराले, भारतमा यातनालाई प्रथामिकता दिने र आम प्रचलन बनाउने कार्य बेलायतीहरूले गरेका थिए भन्ने प्रस्ट हुन्छ । यातनाको प्रयोग संसारभरि नै गरिएको पाइन्छ । तर, यातनाका विधिहरूको प्रयोगको व्यापकता भने युरोपमा अत्याधिक रहेको पाइन्छ । तल केही प्रतिनिधिमूलक विधिहरूको छलफल गरिएको छ :

**क. दि डाइस :** यो विधिको प्रयोग शरीरमा घोच्ने र असहनीय पीडा सिर्जना गर्ने प्रयोजनका लागि गरिन्थ्यो । यस विधिमा अभियुक्तलाई उतानो पारेर सुताइन्थ्यो र उसका हातखुट्टाहरू सुतेकै अवस्थामा कसेर बाँधिन्थ्यो । दाहिने खुट्टाको कुर्कुच्चामा फलाम वा अन्य त्यस्तै डन्डीले जोडसँग पेच कसे जसरी घोचिन्थ्यो । जब त्यो डन्डीले मासुमा प्वाल पार्थ्यो, सहन नसकिने पीडा व्यक्तिलाई हुन्थ्यो । तब त्यस्ता व्यक्तिले चिच्याई-चिच्याई अपराध गरेको हो भनी स्वीकार गर्नुको विकल्प थिएन ।

**ख. प्रेसिङ टु डेथ (पैन फोरे इट डुरे)** : अभियुक्तलाई कारागारको कालो, अँध्यारो छिँडीमा नाङ्गै राखिन्थ्यो । उत्तानो पारेर सुताइ शरीरका विभिन्न भागमा डोरीले बाँधी कोठाको विभिन्न भागमा अड्काइन्थ्यो । खाली जमिनमा यसरी सुताई चटपटाउन नसक्ने गरी बाँधेपछि, उसको शरीरमाथि ढुंगा, फलाम आदि भारी चीजहरू राखिन्थ्यो । उसलाई दिनभरिमा केही गाँस खान र केही घुट्का पानी मात्र दिइन्थ्यो । यो विधिको व्यापक प्रयोग बेलायतमा गरिने गरेको भेटिन्छ ।

**ग. जिउँदै जलाउने :** हिब्रु तथा बेबिलोनियनहरूले यस विधिको प्रयोग गरेका प्राचीन कथाहरू पाइन्छन् । अफियानसको मृत्युको बारेमा युसिबसले लेखेको छन्, 'सहिदहरूलाई अग्लो ठाउँमा टाँगिएको थियो । शासक अपराधीहरूले उनको शरीर जतातत्तै च्यातेर करङ्गहरू निकालेका थिए । उसलाई तलबाट आगो लगाइएको थियो । उसको शरीर काठको ठुटो बलेझैँ बलिरहेको थियो । बलेको शरीर पग्लिएको मैन जस्तो बल्दै खसिरहेको थियो ।' युरोपियन प्रचीन तथा मध्यकालीन इतिहासमा अविवाहित कन्याहरूले यौन सम्पर्क गरेको पाइए वा बेश्यावृत्ति तथा हाडनाता करणीका घटनामा संलग्न भएको पाइएमा उनीहरूलाई जिउँदै आगो लगाएर यातनापूर्वक मारिन्थ्यो । रोम सम्राट कन्सटेनटाइनले स्वतन्त्र महिलासँग यौन सम्पर्क गर्ने दासहरूलाई जिउँदै आगो लगाएर मारिदिनु भन्ने आदेश जारी गरेका थिए । मनुस्मृतिमा महिलाप्रति अपमान गरिएको छ भन्ने महिलावादीहरूले युरोपको यो दर्दनाक इतिहास पनि पढ्नुपर्छ । त्यसका बारेमा पनि बोल्ने गर्नु न्यायिक हुन्छ । यातनाको यस्तो दर्दनाक तथा क्रूर विधि तत्कालीन नेपाल र भारतमा थिएन । क्याथोलिकहरूले प्रोटेस्टेन्टका विरुद्ध र प्रोटेस्टेन्टहरूले क्याथोलिकका विरुद्ध यस विधिको व्यापक प्रयोग गरेका थिए । 'गिले डी राइस' र 'जोन आर्क' लाई जिउँदै जलाइएको थियो । युरोपियन सभ्यतामा यी घटनाहरू कलंकको रूपमा रहेका छन् ।

**घ. ब्रान्डिङ :** तातो फलामले चिह्न बनाउने गरी डाम्ने विधि हो, यो । शरीरका देखिने अङ्गमा तातो/रातो फलामले डामेर कुनै चिह्न बनाइन्थ्यो । यस्तो फलाममा अक्षरहरू वा चित्र कुँदिएका हुन्थे । हातको पाखुरामा, गालामा, निधारमा, आदि ठाउँमा डामिन्थ्यो । जस्तै, गुण्डा (रूफियन) हरूलाई डाम्दा 'च' अक्षर लेखिएको हुन्थ्यो । बेलायतमा यसको व्यापक प्रयोग गरिन्थ्यो । यो डरलाग्दो विधि मानसिक र शारीरिक दुवै कारणले घोर अपमानजनक पनि थियो ।

**ङ. व्वाइलिङ एन्ड फ्राइङ :** यो विधि बेलायत र अन्य युरोपियन देशमा व्यापक थियो । ठूलो खँड्कुलोमा तेल वा पानी भकभकी उमालेर अभियुक्तको हातहरू माथिसम्म डुबाइन्थ्यो । कहिलेकाहीँ अभियुक्तका हातखुट्टा बाँधेर खँड्कुलोमा राखी आगो लगाइन्थ्यो । त्यसैगरी, ठूलो ताप्केमा अभियुक्तलाई हातखुट्टा बाँधेर राखिन्थ्यो । ताप्केमा तेल हालिएको हुन्थ्यो । जब आगोले ताप्के र तेल ताथ्यो, व्यक्ति तापको पीडा खप्न नसकेर आर्तनाद गर्दथ्यो । यो अमानवीय विधि अत्यन्त व्यापक रूपमा प्रयोग हुन्थ्यो ।

**च. ब्राजेन बुल :** रोममा प्रयोग गरिएको यो विधि हदैसम्मको अमानवीय विधि थियो । किटको ठूलो साँढे गोरु बनाइएको हुन्थ्यो, जसको पेट खोक्रो हुन्थ्यो । अभियुक्तलाई साँढे गोरुको पेटमा सुताई बाहिरबाट आगो लगाइन्थ्यो । साँडेको नाकबाट पीडिको आर्तनादको आवाज बाहिर आउँथ्यो ।

छ. त्यसैगरी, न्याक वा काठे घोडा, टोरमेन्टो डी टोका, दि टाइगर बेन्च, दि टकर टेलिफोन, स्लीप डिप्रिमेसन, पियर अफ एग्गुइस, दि हवाइट टरचार जस्ता अनेकौँ यातनाका विधिहरू थिए । त्यसैगरी, न्याक टर्चर, स्क्याफ्रिजन, पनि क्रूर यातनाका विधिहरू हुन् । यी सबै यातनाका विधिहरूलाई हेर्दा विगतको युरोप एउटा दुर्दान्त, डरलाग्दो र अमानवीय तस्बिर बोकेको युरोप देखिन्छ । यस किसिमका अनेकौँ डरलाग्दा आततायी विधिहरू पूर्वमा प्रयोग भएनन् । हिंसालाई शासनको विधि मान्ने युरोपियन समाजको खास विशेषताका कारणले युरोपमा 'यातना' को प्रचलन मौलाएको होला भन्न सकिन्छ ।

चीनमा अधिक प्रयोग गरिएको साधन वा विधि 'किया चियन' हो । यसमा तीनवटा काठाका डन्डीहरू हुन्छन्, जसमध्ये बिचको एउटा स्थीर हुन्छ । अरू दुईवटा यताउता चल्ने हुन्छन् । दुईवटा डन्डीहरू सारी बिचमा कुर्कुच्चो हाली ठेलिन्छ । त्यसबेला सम्म ठेलिन्थ्यो जबसम्म कुर्कुच्चाको हाड फुट्दैन । काठको सानो डन्डी औंलाका बिचमा हाली घुमाउने विधि पनि प्रयोग हुन्थ्यो, जसलाई 'चियन जु' भनिन्थ्यो । यी विधिहरू आततायी थिए । तर, युरोपमा प्रयोग भएका विधिझैँ अमानवीय थिएनन् । जापानमा 'फलाङ्के' विधि प्रयोग हुन्थ्यो । यस विधिमा बाँसका पातला कप्टेराले लामो समयसम्म अभियुक्तको पैतालामा पिटिन्थ्यो । त्यसैगरी, ' हगिङ्ग दि स्टोन' यातनाको दर्दनाक विधि थियो । फलाम वा ढुङ्गा जस्ता भारी वस्तुहरू अभियुक्तको घुँडामाथि राखिन्थ्यो । हात र खुट्टा कसेर बाँधी रक्त सञ्चालन रोक्नु अर्को विधि थियो । त्यसैगरी, अभियुक्तका हातहरू पछाडि बाँधेर सिलिङमा झुन्डाइन्थ्यो । यी सबै यातनाको

असर तत्कालीनभन्दा पनि दीर्घकालीन हुन्थे ।

दक्षिण एसियामा जब डच उपनिवेशवादीहरू आए, उनीहरूले भारत र श्रीलंकामा क्रूर यातना विधिहरू आयात गरे । जतिबेला डचहरू श्रीलंकामा शासन गरिरहेका थिए, उनीहरूले फलाम डन्डीले हानेर तिघ्राको हड्डी भाँच्ने जस्तो क्रूर यातना विधि अवलम्बन गरेका थिए । यसको प्रयोग भारतमा गरियो वा गरिएन भन्ने जानकारी छैन । भारतमा 'किटी' यातनको सामान्य प्रयोगको विधि थियो । यो एक किसिमको 'औँलामा' खम्ब्रो काठको डन्डी घुउमाउने विधि थियो । 'थमस्क्रुको' रूपमा यस्तै विधि बेलायत र स्कटलैन्डमा व्यापक थियो । यस विधिको प्रयोग फरक-फरक ढङ्गले गरिन्थ्यो । शरीरका विभिन्न भाग निचोर्न वा थिच्न यसको प्रयोग गरिन्थ्यो । नेपालका पहाडी गाउँमा तोरी पेल्ने कोल जस्तै विधि हो यो । मानिसलाई भुइँमा सुताएर काठको तख्ता राखी दुई छेउमा मानिसहरू उभिने वा भारी वस्तुहरू राख्ने गरिन्थ्यो । 'अनुन्दाल' यातनाको अर्को विधि हो । यसमा व्यक्तिलाई मुर्गा, कछुवा वा भ्यागुतो जस्तो बताएर लामो समयसम्म राखिन्छ र उसले छटपट गर्‍यो भने पिटिन्छ । भारतमा यो पछिल्लो विधि प्रयोग गर्ने गरिएको पाइन्छ ।

यी सबै किसिमका यातनाहरूले फौजदारी न्यायको इतिहासलाई मात्रै होइन, मावन सभ्यताको इतिहासलाई नै कलङ्कित पारेका छन् । यिनै यातनाका कारणले फौजदारी न्यायप्रति मानिसको विश्वासभन्दा डर वा भयको अनभूति ज्यादा छ । यी यातनाका विधिहरू अहिले तिनै रूपमा समाजमा प्रयोग नहोलान् तर तिनीहरूको छायाँ अहिले पनि फौजदारी न्याय प्रणालीमा छ । आज आफूलाई सभ्य ठान्ने युरोपले इतिहासमा आफ्नो समाजको व्यवस्थापनमा यिनै यातनाको सहयोग लिएका थिए । यी यातनाका विधिहरूको भय नै नागरिकलाई अनुशासनमा राख्ने उपाय त्यसताकाको युरोपले ग्रहण गरेको थियो ।

### ४. यातनाका विधिहरू र तिनीहरूले निर्माण गरेका मनोविज्ञान

प्राचीन एवम् मध्ययुगीन युरोपियन इतिहासलाई हेर्ने हो भने केही महत्त्वपूर्ण अन्तर्निहित यथार्थ प्रकट हुने गर्दछन् । यी अन्तर्निहित यथार्थताहरूलाई निम्नबमोजिम सूत्रबद्ध गर्न सकिन्छ । पहिलो यथार्थता त के हो भने यातना हिंसाको अहम् अभिप्राय:बाट प्रेरित रहेको छ । युरोपको इतिहासमा ठूला-साना हिंसाहरू इतिहासकै पर्यायका रूपमा रहेका छन् र यस हिंसाको वैधानिकताको स्रोतका रूपमा 'दोहोरो विरोधाभाष' को दर्शन निहित रहेको छ । 'असल' को विरोधाभाष 'खराब' हो । असल मानिस पुनजीय हुन्छ । विरोधाभाषको यस सिद्धान्तअनुरूप खराब मानिस 'घृणाजन्य हुन्छ' । असलप्रति स्नेहपूर्ण व्यवहार हुनुपर्छ । त्यसैले खराबप्रति प्रताडनायुक्त व्यवहार हुनुपर्छ । सायद यसै दार्शनिक मान्यताअनुसार युरोपमा 'यातनाका' असीमित विधिहरूको शृङ्खला निर्माण गरियो । यसरी यातना फौजदारी न्यायको पर्याय पनि बन्न पुग्यो । कुलीनहरू असल हुन्छन् र गरिबहरू खराब हुन्छन् भन्ने व्याख्या पनि निर्माण गरियो । त्यसैले गरिबलाई कुलीनको अधीनमा राख्न यातनाको प्रयोग गरियो ।

दोस्रो कुरा के हो भने यातनाले अपराधप्रतिको बदलाको भावलाई बोकेर अगाडि आयो । यातना दिनु 'पीडित' लाई सन्तुष्टि दिनु हो वा पीडितमाथिको अपराधको हिसाब-किताब गर्नु हो भनी मानियो । यसकारण पनि यातनामा अमानवीयताको गुन्जाइस रह्यो । 'अपराध' को परिभाषा पनि गजबको थियो । कूलीनलाई गरिबमाथि अपराध गर्ने अधिकार थियो । अतः अपराधी केवल गरिब मात्र हुन्थ्यो । तेस्रो कुरा यातना प्रत्यक्ष हुन्छ र त्यसको परिणाम पीडितले महसुस गर्न सक्तछ । पीडितले आफैं देख्न सक्तछ । न्यायका अन्य स्वरूपहरू अनुभूति गरिने कुरा मात्र हुन् । प्राचीन एवम् मध्ययुगीन युरोप मानवीय विभाजनमा आधारित समाज थियो । मानिसको ठूलो सङ्ख्या कुलीनका अधीनमा थियो । त्यसैले बहुसंख्यक कामदार वा सामान्य मानिसमा डरको भावना सिर्जना गरी कुलीनहरूको सत्ता संरक्षण गर्ने प्रयोजनका लागि यातनालाई निरोधात्मक उपायको रूपमा ग्रहण गरियो । यसबाट के देख्न सकिन्छ भने 'यातनाको स्रोत त राजनीतिक सत्ता' नै हो । युरोपमा कानुनलाई हेर्ने दृष्टिको नितान्त भिन्न थियो । युरोपियन समाजमा राज्य र चर्च दुईवटा समानान्तर समाजको रूपमा विकास भए । कानुन राज्यको अधीनको विषय बन्यो र नैतिकता चर्चको अधीनको । यातना शक्तिको प्रयोगको विषय वस्तु भएको हुँदा, राज्यको अधीनमा रह्यो । यातना राज्यको कानुन परिपालना गराउने माध्यम बन्यो । त्यसैकारण यो न्याय प्रणालीको अभिन्न अङ्ग बन्न पुग्यो ।

यसको विपरीत पूर्वीय समाजमा अपराधको विभाजन आफ्नै ढङ्गबाट विकास भएको थियो । खासगरी पूर्वीय समाजमा अपराधहरूको विभाजन गर्दा, व्यक्तिले गर्ने अपराध नैतिकता उल्लङ्घनबाट सिर्जना भएको हो वा कानुनको उल्लङ्घनबाट सिर्जना भएको अपराध हो भनी हेरिन्थ्यो । यस आधारमा अपराधलाई (१) नैतिकता निषेधित अपकार्य र, (२) कानुन निषेधित अपकार्यका रूपमा हेरियो । कतिपय अपराधहरूमा दुवै किसिमका तत्त्वहरूको विद्यमानता हुन सक्तथ्यो । जस्तै पञ्चखतका अपराधहरूमा दुवै तत्त्वहरू विद्यमान हुने भएबाट, त्यस्ता अपराधकलाई जघन्य अपराधको रूपमा हेरियो । यस्तो अपराध गर्ने व्यक्तिलाई पूर्ण रूपमा नालायक व्यक्ति ठानियो र त्यस्तालाई पशुसरहको व्यवहार गरिन्थ्यो । कानुन निषेधित अपकार्य गर्ने व्यक्तिहरू राज्यद्वारा निर्दिष्ट सजायका भागी हुन्थे । यस्ता अपराधको सुनुवाइ गर्दा 'प्रमाणहरूका रूपमा रहेका वस्तुहरूको परीक्षणद्वारा' निर्देशित हुनुपर्छ भन्ने सिद्धान्त महत्त्वपूर्ण सिद्धान्तको रूपमा रह्यो ।

नैतिकता उल्लङ्घनका अपकार्यहरूमा व्यक्तिले प्रायश्चित गर्ने सजाय प्रणालीले प्राथमिकता पाउँथ्यो । यस्तै अपराधमा दिव्य परीक्षा व्यापक रूपमा प्रयोग हुन्थ्यो भन्ने दृष्टान्तहरू पाइन्छन् । यस सम्बन्धमा व्यापक अध्ययन हुनुपर्ने अवस्था छ । यस छलफलबाट के स्थापित हुन्छ भने तत्कालीन नेपाली एवम् भारतीय न्याय प्रणालीमा नैतिकता सवर्था महत्त्वपूर्ण विषयको रूपमा रह्यो । तसर्थ, फौजदारी न्याय प्रणालीको प्राथमिक अभीष्ट पनि नैतिकताको प्रवर्द्धनसँग जोडियो । समाजको आधारभूत संरचनालाई मजबुत बनाउनु फौजदारी न्याय प्रणालीको आधारभूत लक्ष्य थियो वा सजाय गर्नु न्यायको अभीष्ट थिएन । सजाय गर्नु न्यायको अभीष्ट नभएको हुँदा, यातना राज्य वा न्याय प्रणालीको प्राथमिक वा आधारभूत लक्ष्य बनेन । डाँडा कटाउनु, बहिष्कार गर्नु, जात काड्नु, अछुत घोषित गर्नु जस्ता सजायले बढी प्राथमिकता पाए ।

सत्रौँ शताब्दीबाट भारतको विभिन्न भू-भागमा बृटिस उपनिवेशवादी शासनले अधीन जमाउन थाल्यो । बृटिसहरू आउनुपूर्व नै श्रीलङ्कामा डचहरूले अधीन जमाइसकेका थिए । भारतको गोवा, केरला र पोन्डिचेरी जस्ता

स्थानहरूमा पोर्तुगिजहरूले अधीन जमाइसकेका थिए । यी उपनिवेशका जग हालिएका ठाउँहरूमा डच, पोर्तुगिज एवम् बृटिस कानुन र जीवन प्रणालीको उदय भइरहेको थियो । जति-जति मजबुत शासन उपनिवेशीहरूले स्थापित गरे, उनीहरूले त्यहाँको जीवन पद्धतिलाई परिवर्तन गर्ने कार्यलाई मुख्य ध्येय बनाए । उन्नाइसौँ शताब्दीको मध्यतिर आइपुग्दा, भारतमा 'म्याकुले सिद्धान्त' को सूत्रपात भइसकेको थियो । भारतमा पूर्ण अधीन जमाइसकेको 'इस्ट इन्डिया कम्पनी' ले भारतलाई बेलायतको सामाजिक तथा सांस्कृतिक अधीनमा ल्याउने योजना कार्यान्वयन गर्न थाल्यो । उनीहरूलाई लाग्यो, उपनिवेशी कानुनको जबर्जस्त कार्यान्वयन नै उनीहरूको अधीनलाई स्थापित गर्ने सहज र भरपर्दो उपाय हुन्थ्यो ।

म्याकुले बृटिस कुलीन सांसद थिए । उनले भारतको गहिरो अध्ययन गरेपछि एउटा निष्कर्ष निकाले, त्यो हो यदि भारतलाई पूर्णरूपमा बेलायतको अधीनमा राख्ने हो भने भारतीय संस्कृति र सभ्यताको ढाड भाँच्नुपर्छ । त्यसैले उनले भने 'भारतमा श्याम वर्णका अनुहार र गोराहरूको सोच र मूल्य मान्यता वा बौद्धिकता भएका नागरिकहरू उत्पादन गर्नुपर्छ ।' त्यसैकारण भारतमा पूर्णरूपमा बृटिस शिक्षा प्रणाली लागू गरियो । आदिवासी रैथाने स्कुलहरू बन्द गरिए । यस नयाँ शिक्षा व्यवस्थाको प्रत्यारोपणले भारतीय परम्परागत ज्ञानको ढाड साँच्चै नै भाँच्यो । अङ्ग्रेजी र बृटिस ज्ञान प्रणालीसँगै 'कमन ल प्रणाली' पनि भारतमा आयात भयो । न्याय प्रणालीका नयाँ मान्यताहरूले भारतीय भूमिमा स्थापित रैथाने न्याय प्रणाली पनि समाप्त भयो । सेतो नक्कली कपाल लगाएका कुलीन न्यायाधीशहरूद्वारा ' वादी र प्रतिवादी' का वकिलहरूको प्रतिस्पर्धामा आधारित एक किसिमको 'बौद्धिक कुस्ती' ले न्याय प्रणालीको स्वरूप ग्रहण गऱ्यो । भारतीय यस अचम्मको कुलीनतन्त्र संयन्त्रभित्र रूप लिए । उनीहरूले बुझ्नै सकेनन् कि उनीहरूमाथि के भइरहेको छ ।

यस आयातीत व्यवस्थाको एउटा अवयव थियो, प्रहरीको व्यवस्था । भारतमा बृटिस प्रहरी प्रणालीलाई स्थापित गरियो । प्रहरी राज्यको कार्यकारिणी निकायको अङ्ग थियो र यो ' शक्ति' को प्रयोग गर्ने 'हतियारधारी' निकाय थियो । यसको उत्पत्ति बेलायतमा राजा र उनको शासनको विरोधीहरूको दमन गर्ने प्रयोजनका लागि भएको थियो । यस्तो प्रहरी आततायी हुन्थ्यो । त्यसको लक्ष्य नै भयभीत पार्नु थियो । त्यसैले त्यसलाई समाजमा उच्च स्थान प्रदान गरिएको थियो । 'यातना' यस्तो प्रहरीले मानिसलाई भयभीत पार्न र मानिसलाई सावित गर्न प्रयोग गर्ने अनिवार्य विधि र उपाय दुवैको रूपमा प्रयोग हुनु स्वाभाविकै हो । यसरी कमन ल प्रणालीसँगै सावित गराउने यातनाको प्रणाली पनि संस्थागत भयो । म्याकुलेका कृतिहरू अध्ययन गर्ने हो भने कसरी यस्तो व्यवस्थालाई भारतमा प्रत्यारोपण गरियो भन्ने अझ धेरै छर्लङ्ग हुने नै छ । यसैबाट प्रस्ट हुन्छ शारीरिक तथा मानसिक प्रताडना दिने 'यातना विधि र प्रणाली' दक्षिण एसियामा बेलायतबाट आयातीत व्यवस्था हो । यसलाई निम्नबमोजिम सूत्रबद्ध ढङ्गले प्रमाणित गर्न सकिन्छ :

(क) उपनिवेशलाई दिगो र स्थायी बनाउन भारतीयहरूलाई बेलायती राज्य प्रणालीको अधीनमा राख्नु अनिवार्य ठानियो । आम सर्वसाधारण जनतालाई अधीनमा राख्न प्रहरीलाई असीमित शक्ति प्रयोग गर्ने छुट दिइयो । त्यसैले भारतमा यातनालाई उपनिवेशी शासकले राजनीतिक संयन्त्रको रूपमा स्थापित गरे भन्दा अत्युक्ति हुँदैन । म्याकाउलेले बृटिस ' हाउस अफ कमन्स' मा 'इन्डियन गभर्मेन्ट एक्ट १९३५' का बारेमा दिएको संसदीय भाषण पढ्दा सबै कुरा स्पष्ट हुन्छ ।

ख. बेलायती प्रहरीको 'यातना' अपराध अनुसन्धानको एउटा अनिवार्य विधि वा उपाय थियो । यातना दिनु प्रहरीको अधिकारको रूपमा स्थापित थियो । जब बेलायती अपराध अनुसन्धान र न्याय प्रणाली भारतमा आधिकारिक रूपमा लागू भयो । यातना पनि सँगसँगै आयो वा संस्थापित भयो ।

ग. बेलायतीहरू जातीवादी नश्लवादी व्यवस्थाका समर्थक थिए । उनीहरूमा काला जाति र अन्य जातिका मानिसलाई दास बनाई अत्याचार गर्ने लामो संस्कार विकास भएको थियो । उनीहरू अश्वेतहरूलाई अपमान र घृणा गर्थे । भारतमा पनि उनीहरूको यही नीति थियो । भेदभाव र नश्लवादमा मानवीयता क्षीण हुन्छ । यातना अमानवीय हुन्छ । अतः भारतीयहरूमाथि यातना दिन बृटिस अधिकारीहरू आफ्नो अधिकार ठान्दथे । भारतीयहरूलाई जेम्स मिल, म्याकाउलेलगायत चर्चिलले 'स्भाभेज' जाति भनी पटक-पटक भनेका छन् । उनीहरूलाई लाग्थ्यो, यिनीहरूलाई सभ्य बनाउन शक्तिको प्रयोगको विकल्प छैन । यिनै तीनवटा तत्त्वले भारतमा प्रहरी यातनालाई न्यायिक प्रक्रियाको अङ्गको रूपमा स्थापित गरे । जब कमल ल प्रणाली र बेलायती प्रहरी प्रणाली नेपालमा आयात भए, यातना प्रणाली पनि सँगसँगै आयातीत भयो । नेपालमा समेत यातना न्याय प्रणालीको अङ्ग बन्न पुग्यो ।

## ५. उपनिवेशित भारतमा यातना प्रणाली र मद्रास कमिसनको गठन

सन् १८५४ मा भारतीय भूमिमा भइरहेको यातनाका घटनाहरूले बेलायती 'हाउस अफ लर्ड' मा तहल्का मच्चियो । इस्ट इन्डिया कम्पनीका विरुद्धमा यातनाका अनेकौँ आरोपहरू दर्ज भएका थिए । कम्पनीलाई लगान नतिरेको आरोपमा इस्ट इन्डिया कम्पनीका अधिकारीहरू सर्वसाधारणमाथि निर्मम यातनाको प्रयोग गर्दथे । कान उखेल्नु, कन्सिरी तान्नु, नाक चेप्नु, कपाल उखेल्नु, शरीरका नरम भागमा प्रहार गर्नु जस्ता दुर्व्यवहारहरू आमरूपमा प्रयोग गरिन्थे, बृटिसराजमा । अर्थात् बृटिसराज यातना र दुर्व्यवहारको युग थियो भन्दा अत्युक्ति हुँदैन भन्ने कुरा सन् १८५५ को यातना अनुसन्धानका लागि गठित आयोगको प्रतिवेदनबाटै प्रस्ट हुन्छ । सन् १८५४ सम्ममा भारतमा कम्पनीले अनेकौँ किसिमका अदालतहरू स्थापित गरेको थियो । कम्पनीले आफ्ना अधिकारीहरूलाई मेजिस्ट्रेट तथा न्यायाधीश बनाई काम लगाएको थियो । यिनीहरूलाई कानुनको जानकारी पनि थिएन । कम्पनी कानुन पनि आफैँ बनाउँथ्यो, अदालत पनि आफैँ चलाउथ्यो । निरङ्कुश शासनको प्रतीकका रूपमा कम्पनी रहेको थियो । त्यसैले यातनाको घटना सामान्य थिए ।

बेलायती हाउस अफ लर्डमा भएको हङ्गामायुक्त छलफलपछि सन् १८५४ मा 'इस्ट इन्डिया कम्पनीका प्रबन्धक' हरूको बैठकको निर्णयबमोजिम मद्रास सरकारले ' प्रहरीको ज्यादतीविरुद्ध अनुसन्धानको लागि एउटा अयोगको गठन गऱ्यो ।' प्रहरीद्वारा सरकारलाई कर वा लगान नतिरेको आरोपमा मानिसहरू यातनाका सिकार बनाइन्थे । यसै विषयलाई लिएर सांसद डान्वी सेमोरले इस्ट इन्डिया कम्पनीमाथि मानिसलाई चरम यातना दिने गरेको आरोप लगाए । दस सिलिङ लगान

तिर्नुपर्ने एक जना मानिसले आठ सिलिङ मात्र बुझाएको आरोपमा त्यस मानिसलाई चरम यातना दिइएको घटना विशेष चर्चामा थियो । सांसद डान्वीले यसै मुद्दालाई हाउस अफ लर्डमा उठाएका थिए । यस घटना र त्यसमाथिको हाउस अफ लर्डमा भएको छलफलपछि ' कम्पनीको सञ्चालक समितिले एउटा छानबिन समिति गठन गरी व्यापक रूपमा छानबिनको लागि खटायो । सन् १८५४ सेप्टेम्बर ९ मा एउटा कमिसन गठन भयो । तर यस कमिसनलाई भारतीय मूलका प्रहरी र कर्मचारीले गरेका यातना मात्र छानबिन गर्ने अख्तियार दिइयो । बृटिस अधिकारी र प्रहरी अधिकृतको बारेमा छानबिन गर्ने अख्तियार यस कमिसनलाई थिएन । गठन भएपछि यस आयोगले एउटा सार्वजनिक सूचना जारी गर्‍यो । मद्रास क्षेत्रको ३०० किलोमिटर टाढाबाट समेत उजुरीहरू आए र ५१९ वटा उजुरीहरू खुद पीडितहरू उपस्थित भएर दिए भने १४४० वटा लिखित उजुरीहरू थिए ।

बेलायती उपनिवेशको अध्ययन गर्दा केही घीनलाग्दा तथ्यहरू प्रकट हुन्छन् । बेलायती शासकहरू, उनीहरूले भारत लुट्न निर्माण गरेको 'इस्ट इन्डिया कम्पनी' र त्यसका सञ्चालकहरू निकृष्ट जाति वा नश्ल एवम् रङ्गवादी मानिस थिए । उनीहरू काममालगायतका विद्वान्हरू जस्तै जेम्स मिल, म्याकाउले, हेनरी मेन, बेन्थम पनि रङ्गवाद दिए भन्ने कुरा म्याकाउलेले ' भारतीय गभर्मेन्ट ऐन' १८३५ का सम्बन्धमा ' हाउस अफ कमन्स' मा दिएको भाषणमा प्रस्ट देखन सकिन्छ । यिनीहरू भारतलगायतका एसियाइ असभ्य, निरङ्कुश, कानुन र न्यायका मान्यताविहीन मानिस देख्थे । उनीहरूले पूर्वीय सभ्यतालाई गालीगलौज र अपमान गरेर आफूलाई ठूला र सभ्य मानिस देखाउने हरेक रणनीति अपनाए । त्यसकै परिणामस्वरूप बेलायती गोरा मानिसले यातना दिँदैनन् भन्ने सिद्धान्त स्थापित गर्न 'रैथाने भारतीय कर्मचारी' माथि यातनाको दोष थोपरी उनीहरूका विरुद्ध जाँगबुझ गर्ने नाटक मन्चन गरे ।

यस कमिसनको अध्ययनबाट के स्थापित भयो भने औपनिवेशिक शासनकालमा यातना अधिक मात्रामा प्रयोग भएको थियो । तर, माथि उल्लेख गरिएअनुसार बृटिस उपनिवेशवादीहरू आफ्नो कमजोरी र अपराध स्वीकार गर्न तत्पर थिएनन् । ससी थरुरले आफ्नो पुस्तक ' अनग्लोरियास इम्पाइर' मा लेखेजस्तै उपनिवेशी शासन व्यवस्था पूर्णरूपमा दमनकारी एवम् भेदभावमूलक थियो । भारतीय नागरिकले गोराहरूमाथि गरेका सामान्य अपराध पनि घोर फौजदारी अपारध मानिन्थे जब कि गोराहरूले भारतीयमाथि गरेको जघन्य अपराधहरूको अनुसन्धान नै गरिँदैनथ्यो । नश्लवादको प्रयोग बृटिस राजको एउटा महत्त्वपूर्ण विशेषता थियो । 'भारतीय पेनल कोडमा' समेत नश्लवादको प्रयोग गरिएको थियो । बृटिस प्रधानमन्त्री विस्टन चर्चिलको 'म भारतीयहरूलाई घृणा गर्छु' भन्ने अभिव्यक्ति नै यस नश्लवादको सबैभन्दा प्रकट उदाहरण हो । बेलायती शासन प्रणाली हेर्दा लोकतान्त्रिक भए पनि सारमा त्यस्तो थिएन । स्थानीय शासन प्रणाली निर्माण गर्ने कुरा त परैजावोस, 'इस्ट इन्डिया कम्पनी' ले भारतमा पहिलादेखि भइरहेको जनशासन प्रणाली पनि पूर्ण रूपमा भत्काइदियो । उनीहरू जनताको सम्पत्ति लुट्न चाहन्थे । त्यसैले उनीहरूले चलाएको शासन व्यवस्थाहरू मुसाहरूको समाजमा बिरालोलाई शासक बनाए जस्तै थियो । बिरालोले अनेकौँ बहानामा मुसाहरूमाथि अत्याचार गर्नु अचम्म हुँदैन ।

गोराहरूले भारतीयविरुद्ध गरेका अपराधमा सामान्य सजाय मात्रै हुन्थ्यो । एउटा गोरो मालिक जसले आफ्नो नोकरलाई गोली हानी हत्या गर्थ्यो, उसलाई ६ महिना कैदको सजाय हुन्थ्यो । यदि कुनै भारतीयले गोरी महिलामाथि बलात्कारको प्रयास गर्‍यो भने उसलाई कठोर श्रमसहितको २० वर्ष कैदको सजाय हुन्थ्यो । पूरै दुई सय वर्षको औपनिवेशिक इतिहासमा जघन्य अपराध गरेबापत तीन जना गोराहरूलाई मृत्युदण्ड दिइयो । तर, गोराहरूविरुद्ध अपराध गरेको नाममा हजारौँ भारतीयहरूलाई फासिको सजाय दिइयो । यस अत्याचारपूर्ण र भेदभावजनक शासन व्यवस्थामा बृटिस शासकहरूले कस्ता यातनाहरू अवलम्बन गरेका थिए होला र यस्ता घटना लुकाउन उनीहरू कति चतुर र बाठा थिए भन्ने कुरा तलका दुईवटा सन्दर्भबाट प्रस्ट हुन्छ :

१. माथि उल्लिखित आयोगले (सन् १८५५) मा यातनाको प्रयोग भएको स्वीकार गर्दै प्रतिवेदन तयार पार्‍यो । तर यस प्रतिवेदनमा के लेखियो भने लगान नतिर्दा वा अपराध गर्दा यातना दिने परम्परा भारतमा पहिलादेखि नै थियो । त्यसैले 'इस्ट इन्डिया कम्पनी' को यातनामा संलग्नता छ भन्ने कुरा झुटो हो । यस्तो यातना भारतमा परम्पराकै रूपमा रहेको थियो भनी त्यस कमिसनले ठहर गर्‍यो । त्यो कमिसन उपनिवेशी गोराहरूलाई महान व्यक्ति परिणत गर्ने चाल मात्र थियो ।

२. मद्रास प्रेसिडेन्सीको गर्भनर थोमस मुन्रोले प्रतिवेदनमा उल्लिखित कुराहरूलाई अस्वीकार गर्दै भने, "साविती र अन्य कुराका सम्बन्धमा यातनाहरू हुने गरेका छन । तर यसरी यातना दिइन्छ भन्ने कुरा र यातना खप्ने कुरामा भारतीयहरूको आदत बसिसकेको छ । पक्राउ परेका वा थुनामा रहेका मानिसलाई उनीहरूका भारतीय प्रहरी हाकिमले यातना दिनु हुन्छ भन्ने जनतालाई लागेको छ । भारतीय कर्मचारी पनि यातना दिनुलाई आफ्नो अधिकार ठान्छन् । यो भारतीय परम्परा हो, जसलाई बदल्ने अधिकार बेलायती सरकारलाई छैन । अतः उनीहरूको यातनाको परम्परामा हामी हस्तक्षेप गर्न सक्तैनौँ । योभन्दा ठूलो कपटको उदाहरण के हुन सक्तछ होला ?

छलफलको तात्पर्य के हो भने भारतमा बेलायती शासकहरूले यातनालाई शासनको एउटा महत्त्वपूर्ण हतियारको रूपमा प्रयोग गरे । यसलाई चतुर्‍याइँपूर्वक संस्थागत गरे । त्यस चतुर्‍याइँलाई निम्न उपायद्वारा संस्थागत गरे :

१. बेलायती न्याय प्रणाली भारतमा लागू गरे । यसका बारेमा भारतीयहरूलाई केही थाहा थिएन । अतः बेलायतीहरूले जे-जे भने, जनताले त्यही-त्यही माने । नमान्दाको परिणति गम्भीर हुन्थ्यो । बेलायती न्याय प्रणालीको कार्यान्वयन हुनु नै 'यातना' को प्रमाण हो । बिनाडर र भय कसैले अरूको न्याय प्रणाली अवलम्बन गर्दैन । विदेशी कानुन र न्याय प्रणालीलाई आत्मसात गर्नुका पछाडि यातना र यातनाको डर नभई के हुन्छ ?

२. बेलायती न्याय प्रणालीलाई कार्यान्वयन गर्न बेलायती अपराध अनुसन्धान प्रणाली र बेलायती प्रहरी प्रणाली स्थापित गरियो । बेलायती प्रहरी हतियारधारी प्रहरी थियो । उसको विशेष खालको पोसाक थियो । उसलाई जनता डराउने आवरणमा प्रस्तुत गरिएको थियो । उसलाई मानिस पक्रिने र यातना दिने अख्तियार आचरणकै रूपमा दिइएको थियो ।

३. यस प्रणालीमा 'पहिला थुन अनि सुन' भन्ने सिद्धान्त ग्रहण गरिएको थियो ।

४. बेलायतीहरूका लागि फौजदारी न्याय प्रणाली राज्यको आम्दानीको स्रोत थियो । त्यसैले पक्राउ गर्नु, यातना दिनु सावित गराउनु र जरिवाना गर्नु यस न्याय प्रणालीका आधारभूत अभीष्टहरू थिए । यो व्यवस्था कुनै पनि अर्थामा लोकतान्त्रिक र न्यायिक थिएन । तर यही व्यवस्थालाई 'कमन ल प्रणाली' भनियो, जब कि कमन पनि थिएन र प्रणाली पनि थिएन । यो त उपनिवेश थियो ।

## ६. कसरी आयातीत भयो नेपालमा यो न्याय प्रणाली ?

सन् १७६८ मा पृथ्वीनारायणले नेपालको एकीकरण गर्नुपूर्व उनको राज्य गोर्खामा उनका पुर्खा रामशाहले अनकौँ कानुनहरू (थितिहरू) को निर्माण गरी न्याय व्यवस्था सुदृढ गरेका थिए । उनका केही महत्त्वपूर्ण सुधारहरूमध्ये ' प्राकृतिक न्यायको प्रयोग' सबैभन्दा महत्त्वपूर्ण थियो । साथसाथै उनले स्मृतिमा भर नपरी लिखित थितिहरू (ऐन) को निर्माण गरे र मानिसका प्रथाजनित कानुनलाई पनि विवाद निरूपणको आधार बनाए । यद्यपि नेपालको कानुनी र न्यायिक व्यवस्थाको इतिहासको गहिरो खोजी गर्न बाँकी नै रहेको छ र अहिले मानिसको जानकारीमा आएको नेपाली कानुन र न्याय प्रणालीको ज्ञान पश्चिमी लेखक बनेका जासुसहरूका यात्रा संस्मरणमा आधारित छ । हड्सन, लेभी, कर्कपेट्रिक र पछिल्लो समयमा ह्वीलप्टन जस्ता विदेशी लेखकका अनुसन्धानमा आधारित जानकारीको प्रशंसा गर्ने कथित नेपाली विद्वान्को सङ्ख्या पनि सानो छैन । यद्यपि यिनीहरूले अनेकौँ विवरण दिँदा दिँदै पनि नेपालको न्याय प्रणालीको तत्कालीन स्वच्छता र सरलताका बारेमा ठोस नकरात्मक कुरा लेख्न सकेका छैनन् । यता नेपालमा गोरा मानिस सबै विद्वान् हुन्छन्, गोरा मानिसले भनेका कुराहरू सबै सत्य हुन्छन् भनी अङ्ग्रेजीको तात्पर्य राम्ररी खुट्याउन नसक्नेले कथित ' कमन ल प्रणालीका' बारेमा थुप्रै शब्दहरू खर्च गरेका छन् । नेपालको पुरातात्विक इतिहासका खोजकर्ता कैसर बहादुर केसीले लेखेका छन्, 'नेपालको न्यायीक तथा कानुनी इतिहासका बारेमा पश्चिमी लेखकका सोचाइहरू त्रुटिपूर्ण छन् ।' उनीहरूका दृष्टिकोणहरू नेपाली परम्पराका तथ्य विवरणहरूको सीमित बुझाइ र गलत/पूर्वाग्रहपूर्ण विश्लेषणमा आधारित छन् । उनको भनाइमा सत्यता छ । बेलायती कथित विद्वान्हरूले त नेपाली तथा भारतीय मौलिक कानुनलाई कानुन मान्न पनि इन्कार गरेका छन् ।

यता नेपालमा नेपालको कानुनी इतिहास र न्यायिक इतिहासको बारेमा लेख्ने केही अर्धविज्ञहरूका विचारहरू तिनै विदेशीका अध्ययनमा आधारित रहेका छन् भन्दा अत्युक्ति हुँदैन । जब कि यी यात्रीहरूले नेपालको इतिहासको व्यापक अपभ्रंश गरेका छन् । यिनीहरूले बुझेको कानुनमा एउटा 'तत्त्व' हुन्छ जसलाई 'लिगालिटी भनिन्छ । लिगालिटी प्रक्रियाद्वारा निर्धारित हुन्छ, त्यसको विषयद्वारा होइन । उनीहरू (बेलायती तथा अन्य पश्चिमी) भन्छन् राज्यको अधीनकर्ता संस्थाले यदि त्यो कानुन बनाएको हो भने, त्यो कानुन वैध हुन्छ । उनीहरू त्यसै कारणले कानुनमा 'राजनीतिक शक्तिको वैद्यानिकता' खोज्दछन् । तर, पूर्वीय सभ्यतामा कानुनको अस्तित्व र सार त्यसको 'प्रक्रिया' मा होइन, 'स्वच्छता/औचित्यतामा देख्छन् । विषय महत्त्वपूर्ण हो प्रक्रिया होइन भन्ने मान्यता पूर्वमा छ । यस भ्रमपूर्ण दृष्टिकोण वा अज्ञानताले पश्चिमी यात्रीहरूले नेपाल र भारतमा कानुनको अस्तित्व नै देखेनन् । जुन कुरालाई हामीले गर्नु हुने/नहुने भनी निर्देशन गर्ने नियमको रूपमा ग्रहण गर्‍यौँ, त्यसलाई उनीहरूले कानुन होइन 'धर्म' हो भनी बुझे र त्यसबाट के त्रुटिपूर्ण निष्कर्ष निकाले भने नेपालमा वा भारतमा लिखित कानुन नै छैन । यसलाई नेपाल र भारतका थुप्रै वकिल र न्यायाधीशले सुगारटाइ गरे । उनीहरूले कमन ल भनिने प्रणालीलाई 'वाइन' जस्तै ठाने ।

तर, यसपछाडिको षड्यन्त्र पनि ठूलो थियो । पूर्वीय समाजको कानुनलाई वातिल नगरी उनीहरूले उपनिवेश जोगाउने आफ्नो कानुन प्रणाली ल्याउन सक्तैनथे । मुख्य कारण यही थियो । त्यसैकारण बृटिस उपनिवेशिक शासकहरूले भारतमा आदिम समयदेखि चलेको रैथाने कानुन र न्याय प्रणालीको संहार गर्ने योजनास्वरूप 'कमन ल प्रणाली' अर्थात् बृटिस शासकहरूको स्वार्थ प्रतिनिधित्व गर्ने 'कानुन प्रणाली' को प्रत्यारोपण गरे । उनीहरूको कानुन प्रणाली भेदभाव गर्ने कानुनयुक्त थियो । यसको जग 'नश्लवाद' र सर्वसाधारणलाई अधिकारविहीन बनाउन सहयोग गर्ने कानुन थियो । यस कानुन प्रणाली केही खास विशेषता थिए, जसका बारेमा संक्षिप्त छलफल गर्नु राम्रो हुन्छ ।

(क) कमन ल प्रणाली 'नर्मन' हरू जो फ्रान्सबाट बेलायत आई बेलायतलाई अधीनमा राखेका थिए, उनीहरूले एङ्लो-सेक्सन जातिलाई छलकपटपूर्ण ढङ्गबाट अधीनमा राख्न राज्यको केन्द्रीकरण गर्नका लागि निर्माण गरेको संयन्त्र थियो । त्यसकै कारणले उनीहरूले सबै मुद्दा अदालतबाट निराकरण गर्नुपर्ने नियम बाँधे । यसरी 'मुद्दाद्वारा विवाद समाधान गर्ने पद्धति' लाई प्राथमिकता प्रदान गरे । न्यायाधीशहरू राजाद्वारा नियुक्ति हुने र न्यायाधीशले दिएका निर्णय नजिर बन्ने परम्परा उनीहरूले बसाले । न्यायाधीशहरू राजाकै हितमा निर्णय दिन्थे । ती निर्णय नजिर बनेपछि देशभरि मानिस राजाको हितद्वारा सञ्चालित हुनु स्वाभाविकै हो । प्रख्यात जस्टिस कोक, जसलाई नेपाल र भारतमा न्यायिक स्वतन्त्रताका 'भगवान्' भनिन्छ, ती पनि 'यातना कार्यान्वयन' गर्ने राजाका अफिसरमध्येका एक थिए । त्यसैगरी बृटिस प्रधानन्यायाधीश जोन फोरटेक्सु (पन्ध्रौँ शताब्दी) ले पनि आफू यातना कार्यान्वयनकर्ता थिए भनी लेखेका छन् । बृटिस कानुन निर्दयतापूर्वक कार्यान्वयन गरिन्थ्यो । तर, यसको बृहत्-आन्तरिक इतिहास नपढ्नेका लागि त यो 'स्वर्गकै उपज' जस्तो लाग्छ ।

(ख) बेलायती फौजदारी न्याय प्रणाली 'राज्यको प्रहरी अधिकार' को रूपमा विकास भएको हो । यसमा दूधको दूध पानीको पानी छुट्याउने वा सत्यको स्थापना गर्ने भावना निहित रहेको थिएन । यता पूर्वमा 'प्रमाणं वस्तुये परीक्षणम न्याय' भनेर कानुन सत्यको खोजी गर्ने माध्यम भएकाले त्यसो भनिएको हो । तर, बेलायतमा यसको ठीक उल्टो फौजदारी न्याय जनतालाई अधीनमा राख्ने प्रहरी अधिकार हो भनेर मानिन्थ्यो ।

(ग) कमन ल प्रणालीमा न्यायाधीश न्यायकर्ता होइन, 'रेफ्री' का रूपमा रहन्छ । यस व्यवस्थामा राज्य व्यक्तिका विरुद्ध पक्ष भएर खडा हुन्छ । उसले राज्यको सबै शक्ति प्रयोग गरी उसलाई मिल्ने र चाहिने प्रमाण सङ्कलन गर्दछ । तर पूर्वीय समाजमा व्यक्तिले आफूलाई निर्दोष सावित गर्न पाउने अवसर थियो । राज्य वादी भएर व्यक्तिको विरुद्धमा खडा हुँदैनथ्यो । व्यक्तिले आफ्नो निर्दोषिता प्रमाणित गर्न नसक्दा मात्र, राज्यले प्रमाणको भार गुजार्ने दायित्व ग्रहण गर्दथ्यो । यसको प्रमाण मुन्धुम र स्मृतिहरूमा पाइन्छ । पहिला 'तामो र दुबो' समाई सपथ

खानुपर्ने व्यवस्था नेपालमा थियो । मानिसले दिव्य परीक्षाको माग पनि गर्न सक्थ्यो । यसलाई पश्चिमी यात्रीहरूले असभ्य वा प्राचीन भनी अपव्याख्या गरेका छन् । उता युरोपमा त्यस समयमा 'दुई जना झगडियाले' स्वेच्छाले 'डुयल' (एकअर्कामा हतियार लिई लड्ने प्रथा) को माग राखी एकले अर्कालाई वैधानिक हत्या गर्ने स्वतन्त्रता थियो । राज्यले यसलाई स्वतन्त्रताकै रूपमा अङ्गीकार गरेको थियो । यी तथ्यको आधारमा के भन्न सकिन्छ भने पूर्वीय न्याय प्रणालीमा 'व्यक्तिले प्रमाणद्वारा आफूलाई निर्दोष प्रमाणित गर्न पाउने उसको हक हो ।' यदि उसले निर्दोषिता प्रमाणित गर्न चाहेन वा सकेन भने 'वस्तुगत प्रमाणको आधारमा राज्यले कसुर प्रमाणित गर्नुपर्छ' (प्रमाणं वस्तुये परीक्षणं न्याय) ।

(घ) सबैभन्दा महत्त्वपूर्ण कुरा त कमन ल प्रणाली राजा र लर्डहरूले 'कमन' जनलाई आफ्नो अधीनमा राख्ने उपायको रूपमा विकास भएको कानुन प्रणाली हो । यसले 'जनताको कमन परम्परालाई' कानुनको जग बनायो । तर शाश्वत कुरा के हो भने 'इतिहास' शासकको लेखिन्छ, शासितको होइन । परम्परा मालिकका व्यवहारबाट बन्छन्, नोकरका व्यवहारबाट होइन । अतः कमन ल भनिए पनि मालिक (राजा र लर्ड) को कानुन थियो । यसले यातनालाई चरम रूपमा प्रयोग गरेको थियो । 'आउट ल गर्ने, डाम्ने' जस्ता विधि यसले प्रयोग गरेको इतिहास जीवितै छ ।

जब भारतमा 'इस्ट इन्डिया कम्पनी' पूर्ण अधीन कायम भयो, उनीहरूले भारतलाई अब सधैँ बेलायतको अभिन्न भू-भाग बनाउने सपना देखे । उनीहरू भारतबाट कुनै हालतमा फर्किन चाहँदैनथे । भारत धनी थियो युरोप गरिब । सन् १९४७ मा भारत र युरोपको जीडीपी बराबर थियो । यसबारेमा आफ्नो पुस्तक 'इन्ग्लोरियस इम्पायरमा' भारतीय लेखक शशी थरुरले विस्तृत रूपमा लेखेका छन् । तर, भारतलाई पूर्ण अधीनमा राख्न बेलायतीहरूलाई सम्भव थिएन । त्यसैले उनीहरूले षड्यन्त्र गर्न थाले । केही महत्त्वपूर्ण षड्यन्त्रहरू यस्ता थिए, जसको बारे नेपालीहरू पनि जानकार रहनुपर्छ :

(क) १८१४ को लडाइँमा नेपाललाई पूर्ण रूपमा परास्त गर्न सम्भव छैन भन्ने उनीहरूले बुझे । नेपालीहरूको रहन सहन फरक थियो । नेपालका खस-आर्य भारतका हिन्दू आर्यभन्दा फरक थिए । नेपालका जनजाति भारतीयभन्दा फरक थिए । नेपालको खस आर्य, जनजाति र थारुहरू पहाडी थिए । उनीहरूको भाषा फरक थियो । अतः लामो लडाइँ गरेर थुप्रै गोरा मानिसहरू मार्नुभन्दा सन्धि गरी, नेपाललाई सानो आकारमा रहन दिई मित्रता गरी नेपालीहरूको सैन्यदल बनाई बेलायती उपनिवेशको रक्षामा प्रयोग गर्नु राम्रो हुन्छ भन्ने यिनीहरूले ठाने । र, गोरखा फौज बनाई भारतलाई आफ्नो बलभित्र राख्ने योजना सफल पारे । मधेसका नेपालीलाई जंगल फडानीमा काम लगाए । दुवैतिर आफ्नो परोक्ष अधीन स्थापित गरे ।

(ख) भारतमा भारतीयहरूलाई बृटिसको स्वार्थविरुद्ध जान नदिन कानुनद्वारा शासन गर्ने योजना बनाए । त्यसैले अङ्ग्रेजलाई सहज हुने, भारतीयले नबुझ्ने र भारतीयले गोराविरुद्ध राम्ररी प्रयोग गर्न नसक्ने कानुन आवश्यक थियो- त्यो कानुन बेलायती कमन ल हो । त्यसलाई कार्यान्वयनमा ल्याई भारतीयहरूलाई कानुनको पूर्ण अज्ञानतामा राखे । तर, भारतीयहरूलाई कानुनको अज्ञानता क्षम्य हुँदैन भनी सिकाए ।

(ग) कमन ल प्रणाली जटिल थियो । यो नजिरमा आधारित थियो । भारतभरिका अदालतमा गोरा न्यायाधीश ल्याउन सम्भव थिएन । भारतीयलाई नै कानुन पढाएर न्यायाधीश बनाउनुपर्ने बाध्यता थियो । त्यसका लागि नजिर प्रणाली प्रभावकारी हुन्थ्यो । प्रेसिडेन्सीकोर्टमा गोरा न्यायाधीश हुन्थे । उनीहरूका फैसला तलका भारतीय न्यायाधीशले कानुनसरह लागू गर्नुपर्ने परम्परा चलाए । यसरी तलका न्यायाधीश स्वतः बाँधिए । अर्कातिर कमन ल प्रणालीको कार्यविधि जटिल थियो । सोझा भारतीयले उनीहरूमाथि कहाँ अन्याय वा भेदभाव भयो भनी थाहा नै पाउँदैनथे र त्यस्ता कानुनलाई चुनौती दिन सक्तैनथे । यता कतिपय कुलीन भारतीयलाई ' गाउन' लगाएका वकिल बनाइदिए । उनीहरूलाई ठूला मानिसको दर्जा दिए । उनीहरू मख्ख पार्दै अङ्ग्रेजीमा बहस गर्ने र पश्चिमी कानुनको जानकारी राख्ने 'अँध्यारा' पश्चिमी विद्वान् बन्न पुगे ।

यस किसिमबाट कमन ल प्रणालीले अवलम्बन गर्दै आएको अन्यायपूर्ण कार्यविधि र यातनाको प्रयोगहरू भारतमा संस्थागत गरिए । उपनिवेशलाई स्थायी बनाउन कमन ल प्रणाली सेनाले प्रयोग गर्ने बलभन्दा प्रभावकारी भयो । एकातर्फ गोरखा फौज अर्कातिर कमन लको प्रयोगद्वारा 'बेलायतीहरूले भारतीयलाई दुई सय वर्ष दास बनाए ।' सन् १९४७ मा भारत स्वतन्त्र भयो । भारतको शासन त्यसबेलासम्म 'इन्डिया गर्भनेन्स एक्ट १८३५' द्वारा निर्देशित थियो । सन् १८३५ को यस ऐनकै आधारमा वा आदर्शमा संविधानसभाको गठन पनि भयो । प्रादेशिक सभाका प्रतिनिधि र जाति भाषा समूहका प्रतिनिधिको सभा थियो यो । यो निर्वाचित सभा थिएन । त्यसैले भारतीय संविधानमा अहिले पनि 'इन्डिया गर्भनेन्स ऐन' भारतीय संविधानको वैधानिकताको स्रोतको रूपमा उल्लिखित रहेको छ । यस संविधानले गोराको ठाउँमा भारतीय 'इलाइटस्' (सभ्रान्त) हरूको शासन स्थापित गऱ्यो । र, न्याय र कानुन प्रणाली यथावत् रह्यो । गोराहरूको उपनिवेशलाई स्वयम् भारतीयहरूले यथावत् सञ्चालन गरे । अहिले पनि भारतमा बृटिस साम्राज्यले लागू गरेका संहिता र प्रमाण कानुन लागू गरेका छन् ।

जवाहरलाल नेहरू प्रधानमन्त्री भए । भारतको स्वतन्त्रता पछाडि नेपालका राणाहरूलाई संरक्षण गर्ने गोराहरू फर्किए । यसले राणाहरूलाई एक्लायो । हामीलाई थाहा छ, राणाहरू निरङ्कुश र राज्यविरोधी लम्पटहरू थिए । आफ्नो सत्ता जोगाउन उनले जवाहरलालसामु आत्मसमर्पण गरिदिए । राजा, कांग्रेस र राणाहरूको गठजोड भारतले गरिदियो । भारत 'अङ्ग्रेजहरूको' नेपालमाथिको प्रभावलाई यथावत् कायम राख्न चाहन्थ्यो । त्यसैले, ज्वाहरलालले नेपालको आन्तरिक मामिलाको सूक्ष्म व्यवस्थापनको सिद्धान्त निर्माण गरे, जुन अहिलेसम्म चलिरहेको छ । यस सिद्धन्तको कार्यान्वयनमा नेहरूले केही रणनीतिहरू लागू गरेका थिए, जसले गर्दा बेलायतीहरूले विरासतमा छोडेको भारतीय शासन व्यवस्थाका ढाँचाहरूले नेपालमा प्रवेश पाए । नेहरूका ती रणनीतिहरू यस्ता थिए ।

१. परिवर्तनको पक्षमा रहेको नेपाली कांग्रेसलाई एकलौटी सत्ता नदिने । कांग्रेसको प्रयोग गरी वामपन्थीहरूको दमन गर्ने र कांग्रेसलाई विभाजित गरी वीपी कोइरालालाई शासनबाट बाहेक गर्ने । यस रणनीतिलाई नेहरूले कुटिलतापूर्व लागू गरे । नेपाली कांग्रेसलाई फुटाए । वीपी कोइरालालाई अपमान गरे । नेपालमा निरङ्कुश पञ्चायतको स्थापनाको पृष्ठभूमि तयार पारिदिए ।

२. राजाको स्वकीय सचिवलगायत सबै मन्त्रालयमा परामर्शदाताहरू भारतीयलाई नियुक्त गर्ने, अर्को रणनीति थियो, जसले नेपाललाई

अधीनमित्रको देश बनाउँथ्यो ।

३. भारतीय राजदूतलाई 'प्रान्तीय गभर्नर' को जस्तो हैसियत दिई नेपालको प्रशासनमा सक्रिय हस्तक्षेप गर्ने रणनीति पनि कुटिल रणनीति नै थियो ।

४. भारतीय कर्मचारीबाट नेपालमा राज्यको निकायहरूको संरचना तयार गरी प्रशिक्षण दिने कार्य पनि रणनीति नै थियो ।

५. सन् १९५० को सन्धिद्वारा नेपालको सिमाना खुल्ला राखी नेपालको व्यापार, संस्कृति भाषा हरेक कुरामा भारतको प्रभाव निर्माण गर्ने ।

यसरी यी सबै 'ब्रिटिस संस्कारको' भारतीय संस्करणलाई नेपालमा घनीभूत ढङ्गले लागू गर्ने क्रममा 'नेपालमा कमन ल' प्रणाली पनि भित्रियो । भारतमा पढेका कतिपय नेपाली वकिल यसलाई लागू गर्न सहयोग गरे । यस परोक्ष उपनिवेशिक दृष्टिकोण र व्यवहारले नै नेपालमा कमन ल प्रणालीका प्रवेशलाई प्रोत्साहित गर्‍यो । यसैसँग नेपालमा विकृत फौजदारी न्याय प्रणाली र यातनाले पनि प्रवेश पाएँ । केही खास घटनाहरू सूत्रबद्ध गर्दा, नेपालमा कमन ल प्रणालीको प्रवेश कसरी भएको थियो भन्ने देख्न सकिन्छ ।

१. २००७ सालको वरिपरिको सेरोफेरोमा नेपालबाट बाहिरिएका राणा विरोधी युवाहरूले बनारस, पटना, कलकता र लखनउमा कानुन पढ्ने अवसर पाए । वकिल हुनु त्यसताका एक किसिमको 'सेलिब्रेटी' हुनुझैँ थियो । वीपीले पनि कानुन पढे । उनी दार्जीलिङमा हरिप्रसाद प्रधानको ल फर्ममा वकालत गर्थे । त्यहींबाट कमन लका जानकार नेपाली भाषी भारतीय वकिलहरूसँग उनको चिनजान भयो । पछि उनी गृहमन्त्री हुँदा हरिप्रसाद प्रधानलाई ल्याई प्रधान न्यायालयको प्रधान न्यायाधीश बनाए । हरिप्रसाद प्रधान कमन ल प्रणाली प्रवेशमा संस्थागत भूमिका खेल्ने सबैभन्दा प्रमुख कारक बने । उनी राम्रा, इमानदार, नैतिकवान् वकिल थिए । तर, उनले पढेको कानुन प्रणाली नेपालको संस्कार र माटो अनुकूल थिएन ।

२. नेपालबाट अध्ययनका लागि गएका थुप्रै विद्यार्थीहरू पटना, लखनउ, बनारस, कलकत्तामा एलएलबीको अध्ययन समाप्त गरी नेपाल फर्किए । प्रधान न्यायालयको स्थापना भइसकेको हुँदा उनीहरूमध्ये कोही न्यायाधीश र कोही वकिलको रूपमा न्यायिक व्यवसायमा संलग्न भए । उनीहरूले व्यवसायीको रूपमा जानेका कुरा 'कमन ल प्रणाली' नै थियो । अतः भारतमा जे भइरहेको थियो, नेपालमा त्यसकै नक्कल गरियो । यी भारतमा पढेका व्यक्तिहरू कमन ल प्रणालीका आगमनका अर्का स्रोत बन्न पुगे ।

३. राणा शासनको अन्त्य भई लोकतन्त्रको स्थापना भएको थियो । २००७ सालको अन्तरिम संविधान मस्यौदा गर्नमा तत्कालीन गृहमन्त्री वीपी कोइरालाको मुख्य भूमिका थियो । उनको स्रोत भारतीय संविधान नै थियो । अतः २००७ सालको अन्तरिम संविधानमा पनि कमन लकै प्रभाव थियो, खासगरी फौजदारी न्यायसम्बन्धी हकमा सम्बन्धमा ।

४. राणा शासन विरोधी मनोविज्ञानको प्रभाव त्यसताकाको प्रयोगमा रहेको न्यायिक व्यवस्थामा पनि पर्‍यो । त्यसैले नेपालले युगौंदेखि अवलम्बन गर्दै आएको न्याय प्रणालीको इतिहासलाई कसैले अध्ययन गरेनन् । त्यसलाई एकमुष्ट बर्खास्त गरिदिए ।

५. नेपाली कांग्रेसले प्रयोग गरेका जनमुक्ति सेनाका मानिसलाई नेपाल प्रहरीमा रूपान्तरण गरियो । २०१२ सालमा नेपाल प्रहरी ऐन बन्यो । यो ऐन पनि भारतीय प्रहरीकै नक्कल थियो । प्रहरीको ढाँचा, त्यसको कार्य पद्धति र अनुसन्धान विधि भारतमा वर्षौंदेखि प्रयोग भएको औपनिवेशिक प्रहरीकै अनुकरण थियो । अझ भारतीय प्रहरीका अधिकृतहरू आई नेपाल प्रहरीका मानिसलाई प्रशिक्षण दिए । अतः अपराध अनुसन्धानका ढाँचा हुबहु भारतबाट आयातीत भयो । यसरी कमन ल प्रणालीले नेपालमा संस्थागत प्रवेश पायो ।

भारतीय प्रहरी उपनिवेशकालमा नै राज्यको कार्यकारिणी निकायको कानुन व्यवस्था बहाल गर्ने, एउटा सुरक्षा बलको रूपमा गठन भएको थियो । यसको मुख्य उद्देश्य शान्ति सुव्यवस्था बहाल गर्नु थियो र भारतीय मुक्ति आन्दोलनको दमन गर्नु थियो । यसले बलको अधिक प्रयोग गर्दथ्यो । अपराध अनुसन्धान पनि शान्ति सुरक्षाकै एउटा उपाय हो भन्ने मान्यता थियो । त्यसैकारण यातना यसले मानिसलाई अपराध गर्ने दुरुत्साहित गर्ने एउटा महत्त्वपूर्ण हतियारको रूपमा रहेको थियो । यसरी भारतको औपनिवेशिक प्रहरी र उसको अनुसन्धान प्रणालीले नेपालमा प्रवेश पायो र त्यसका निम्न परिणाम नेपालमा देखिए :

क. औपनिवेशिक प्रहरी जस्तै नेपाल प्रहरीले खाकी पहिरन लगाएको अपराधको घटना घटनासाथ शक्तिको प्रयोग गरी शङ्कितहरूलाई पक्राउ गर्ने र साविती गराउने पद्धतिलाई भारतमा जसरी नै नेपालमा पनि प्रयोग गर्‍यो । यसरी सावितीका अनेकौँ पद्धति र प्रक्रिया जो नेपालमा युरोपमा लामो समयदेखि प्रयोगमा भारत हुँदै नेपालमा प्रवेश गरे । मानिसलाई यातना दिने संस्कृति र नेपाली संस्कार होइन । यस संस्कारका केही झलकहरू भने राणाकालमा पनि प्रवेश गरिसकेका थिए, जो नेपोलियन संहिताबाट ल्याइएका थिए । यद्यपि २००७ सालपूर्व बयानमा केरकार गर्ने कार्य प्रहरीको होइन, न्यायाधीशको अधिकार थियो । जस्तै काठमाडौँ पक्राउ परी थुनामा राखेपछि वीपीलाई न्यायाधीशहरूले केरकार गरेको कुरा उनको आत्मवृत्तान्तमा उल्लिखित सन्दर्भले पनि त्यसताका न्यायाधीशहरूले बयान गराउने गर्दथे भन्ने पुष्टि हुन्छ ।

